# कवि कृष्ण सेन ‘इच्छुक’को जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय

नेपाली केन्द्रीय विभागअन्तर्गत नेपाली स्नातकोत्तर तह

दोस्रो वर्षको दसौँ पत्रको

प्रयोजनका लागि

प्रस्तुत

## शोधपत्र


शोधार्थी

सुरेश रानाभाट

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर, काठमाडौँ


२०६५

शोधनिर्देशक

उप-प्राध्यापक रमेशप्रसाद भट्टराई

# कवि कृष्ण सेन 'इच्छुक'को जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय

नेपाली केन्द्रीय विभागअन्तर्गत नेपाली स्नातकोत्तर तह

दोस्रो वर्षको दसौँ पत्रको

प्रयोजनका लागि

प्रस्तुत

## शोधपत्र

शोधार्थी

सुरेश रानाभाट

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर, काठमाडौँ

२०६५

# शोधनिर्देशकको मन्तव्य तथा सिफारिस

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत् नेपाली केन्द्रीय विभाग स्नातकोत्तर दोस्रो वर्षका छात्र श्री सुरेश रानाभाटले दसौँ पत्रको प्रयोजनका लागि मेरो निर्देशनमा **"कवि कृष्ण सेन 'इच्छुक'को जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन"** शोधपत्र तयार गर्नुभएकाले मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति : २०६५ असार

...............................

रमेशप्रसाद भट्टराई
उप-प्राध्यापक
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौँ

**त्रिभुवन विश्वविद्यालय**

**मानविकी तथा समाजिकशास्त्र सङ्काय**

**नेपाली केन्द्रीय विभाग**

**कीर्तिपुर, काठमाडौँ**

## स्वीकृति-पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत विश्वविद्यालय क्याम्पसका छात्र श्री सुरेश रानाभाटले त्रि.वि. स्नातकोत्तर तह (एम. ए.) मा नेपाली विषयको दसौँ पत्रको प्रयोजनार्थ तयार गर्नुभएको **"कवि कृष्ण सेन 'इच्छुक'को जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन"** शीर्षकको शोत्रपत्र स्वीकृत गरिएको छ ।

## शोधपत्र मूल्याङ्कन समिति

| क.सं. | नाम | हस्ताक्षर |
|---|---|---|
| १. | प्रा. राजेन्द्र सुवेदी<br>विभागीय प्रमुख | ................................... |
| २. | उप-प्रा. रमेशप्रसाद भट्टराई<br>शोधनिर्देशक | ................................... |
| ३. | सह-प्रा.डा. जगदीशचन्द्र भण्डारी<br>बाह्य परीक्षक | ................................... |

मितिः २०६५ /    /

## कृतज्ञता–ज्ञापन

कवि कृष्ण सेन 'इच्छुक'को जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन शीर्षकको प्रस्तुत शोधपत्र मैले मेरा आदरणीय गुरु श्री रमेशप्रसाद भट्टराईज्यूको निर्देशनमा तयार गरेको हुँ । शोधकार्यका सन्दर्भमा आइपरेका विभिन्न समस्याहरूको समाधान गर्न आफ्नो व्यस्तता र स्वाध्ययनका क्रममा पनि उहाँले मलाई निरन्तर प्रेरणा र हौसला प्रदान गरेकाले नै मैले यो शोधकार्य पूरा गर्न सकेको हुँ । आफ्नो व्यस्त र अमूल्य समयको पनि वास्ता नगरी उत्साहपूर्वक आवश्यक निर्देशन दिँदै अपूर्व सहयोग गर्नुहुने श्रद्धेय गुरु रमेशप्रसाद भट्टराईज्यूप्रति म हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

यस शोधपत्रका लागि मैले प्रस्तुत गरेको शोधप्रस्तावलाई स्वीकृत गरी शोधकार्य गर्न अनुमति प्रदान गर्नुहुने तत्कालीन विभागीय प्रमुख प्रा.डा. दयाराम श्रेष्ठज्यूप्रति म हार्दिक कृतज्ञता-ज्ञापन गर्दछु । यस शोधपत्रको प्रस्तावना लेखनदेखि शोधपत्र तयार पार्ने सिलसिलामा आवश्यक परेका सामाग्री सङ्कलन गर्ने क्रममा चासो राखेर हरतहबाट सहयोग गर्नुहुने आदरणीय गुरु तथा विभागीय प्रमुख प्रा.राजेन्द्र सुवेदीज्यूप्रति म हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । त्यस्तै समालोचक डा. ताराकान्त पाण्डेय, ईश्वरचन्द्र ज्ञवाली, घनश्याम ढकाल, डा. ऋषिराज बराल, चैतन्य, सुकुम शर्मा र शोधनायककी जीवन-सङ्गिनी तक्मा के.सी.प्रति म हार्दिक कृतिज्ञता ज्ञापन गर्दछु ।

शोधकार्यको लेखनमा सधैँ गहिरो र गम्भीर चासो राखेर मलाई उत्साह र ऊर्जा दिने आत्मीय मित्रहरू तेजविलास अधिकारी, माधव ढुङ्गेल, विष्णु ज्ञवाली, हरिहर चापागाई, नारायण पनेरू, राजेन्द्र पौडेल, दीपक पाठक, राजेन्द्रमणि पौडेल, केशवशरण लामिछाने, शशिचन्द्र पोखरेल र अन्य सहयोगी मित्रहरूप्रति म आभार प्रकट गर्न चाहन्छु । यो शोधपत्र तयार गर्न मलाई आवश्यक सहयोग र समय मिलाइदिने अङ्कल भीम रानाभाट, भाइ सुदर्शन रानाभाट र जीवनसाथी सरू घिमिरेलाई धन्यवाद दिन चाहन्छु । यसैगरी प्रस्तुत शोधपत्रलाई यथासम्भव छिटोछरितो र शुद्धतापूर्वक टङ्कन गरिदिने युनिर्भसल कम्प्युटर सेन्टर, कीर्तिपुरका सुभाष के.सी.प्रति आभारी छु ।

अन्त्यमा, म प्रस्तुत शोधपत्र आवश्यक मूल्याङ्कनका लागि विश्वविद्यालय क्याम्पस, नेपाली केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुरसमक्ष प्रस्तुत गर्दछु ।

मिति : २०६५ असार

**शोधार्थी**
**सुरेश रानाभाट**
**स्नातकोत्तर तह दोस्रो वर्ष**
**समूह २०५८–२०६०**
**नेपाली केन्द्रीय विभाग**

**त्रि.वि. कीर्तिपुर, काठमाडौँ**

# विषयसूची


| पाठ | पृष्ठ सङ्ख्या |
|---|---|
| **पहिलो परिच्छेद : शोध–परिचय** | **१–२४** |
| १.शोधशीर्षक | १ |
| १.२ शोधकार्यको प्रयोजन | १ |
| १.३ समस्या-कथन | १ |
| १.४ शोधकार्यको उद्देश्य | २ |
| १.५ पूर्वकार्यको समीक्षा | २ |
| १.६ शोधकार्यको औचित्य र महत्व | २२ |
| १.७ शोधकार्यको सीमा | २२ |
| १.८ सामग्री-सङ्कलन-विधि | २३ |
| १.९ शोधविधि | २३ |
| १.१० शोधपत्रको रूपरेखा | २३ |
| **दोस्रो परिच्छेद : कवि कृष्ण सेन 'इच्छुक'को जीवनीको अध्ययन** | **२५–३६** |
| २.१ जन्म र जन्मस्थान | २५ |
| २.२ बाल्यकाल र मातृवियोग | २६ |
| २.३ शिक्षादीक्षा | २६ |
| २.४ पारिवारिक जीवन | २८ |
| २.५ आर्थिक अवस्था र जागिरे जीवन | २८ |
| २.६ राजनीतिक जीवन | २९ |
| २.७ जेल-जीवन | ३० |
| २.८ भ्रमण र रुचि | ३२ |
| २.९ सामाजिक जीवन | ३२ |
| २.१० साहित्यिक जीवन | ३३ |
| २.११ पुरस्कार र सम्मान | ३४ |
| २.१२ जीवन-दृष्टि | ३५ |

२.१३ देहावशान र शोक ३६

**तेस्रो परिच्छेद : कवि कृष्ण सेन 'इच्छुक'को व्यक्तित्वको अध्ययन ३७–४६**

३.१ बाह्य शारीरिक बनोट र व्यक्तित्व ३७

३.२ आन्तरिक व्यक्तित्वका विभिन्न पाटाहरू ३७

३.२.१ साहित्यिक व्यक्तित्व ३८

३.२.२ पत्रकार व्यक्तित्व ३९

३.२.३ सम्पादक व्यक्तित्व ४०

३.२.४ अनुवादक व्यक्तित्व ४१

३.२.५ कर्मचारी व्यक्तित्व ४२

३.२.६ राजनीतिक व्यक्तित्व ४२

३.२.७ सामजिक व्यक्तित्व ४३

३.२.८ सांस्कृतिक व्यक्तित्व ४४

३.२.९ अन्तर्राष्ट्रिय व्यक्तित्व ४५

**चौथो परिच्छेद : कवि कृष्ण सेन 'इच्छुक' को साहित्यिक यात्राको अध्ययन ४७–६४**

४.१ साहित्य-यात्राको आरम्भ र पृष्ठभूमि ४७

४.२ लेखनका लागि प्रेरणा र प्रभाव ४८

४.३ कवि कृष्ण सेन 'इच्छुक' को साहित्यिक यात्राको चरण-विभाजन ४८

४.३.१ पहिलो चरण वि.सं. २०३३ देखि २०४६ सम्म ४९

४.३.२ दोस्रो चरण वि.सं. २०४७ देखि २०५२ माघसम्म ५२

४.३.३ तेस्रो चरण वि.सं. २०५२ फागुनदेखि २०५९ सम्म ५४

४.४ कविता विधाबाहेक अन्य विधाको अध्ययन ५७

४.५ साहित्य-कलासम्बन्धी लेखहरू ५८

४.६ अनुवाद ६०

४.७ अनुभूतिपरक संस्मरण ६१

४.८ चिठी ६३

४.९ अन्तर्वार्ता ६४

४.१० समीक्षा र भूमिका-लेखन ६४

| | |
|---|---|
| **पाँचौ परिच्छेद : कवि कृष्ण सेन 'इच्छुक'का साहित्यिक कृतिहरूको अध्ययन** | **६५-११४** |
| ५.१ कवि कृष्ण सेन 'इच्छुक' का प्रकाशित कृतिहरूको विवरण | ६५ |
| ५.२ 'शोकाञ्जली' शोककाव्यको विश्लेषण | ६५ |
| ५.२.१ पृष्ठभूमि | ६५ |
| ५.२.२ विषयवस्तु | ६६ |
| ५.२.३ चरित्र | ६७ |
| ५.२.४ परिवेश | ६८ |
| ५.२.५ भाव र विचार | ७० |
| ५.२.६ भाषा-शैली | ७२ |
| ५.२.७ बिम्ब र प्रतीक-योजना | ७४ |
| ५.२.८ निष्कर्ष | ७४ |
| ५.३ 'इतिहासको यस घडीमा' कविता-सङ्ग्रहको विश्लेषण | ७५ |
| ५.३.१ 'इतिहासको यस घडीमा' कविता-सङ्ग्रहका कवितामा भावविधान | ७६ |
| ५.३.२ 'इतिहासको यस घडीमा' कविता-सङ्ग्रहका कवितामा रूपविधान | ९१ |
| ५.४ 'बन्दी र चन्द्रागिरि' को विश्लेषण | ९६ |
| ५.४.१ पृष्ठभूमि | ९६ |
| ५.४.२ विषयवस्तु | ९७ |
| ५.४.३ चरित्र | ९८ |
| ५.४.४ परिवेश | ९९ |
| ५.४.५ भाव र विचार | १०० |
| ५.४.६ भाषा-शैली | १०८ |
| ५.४.७ बिम्ब र प्रतीक-योजना | ११० |
| ५.४.८ निष्कर्ष | ११२ |
| ५.५ कवि कृष्ण सेन 'इच्छुक'का कविताको प्रवृत्तिगत विशेषता | ११२ |
| **छैटौँ परिच्छेद : उपसंहार** | **११५-१२०** |
| **सन्दर्भ-सामग्री** | **१२१-१२७** |
| **परिशिष्ट** | **१२८-१३०** |

# सङ्क्षिप्त शब्दसूची

| | | |
|---|---|---|
| अ.ने.रा.स्व.वि.यु. | : | अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन |
| आई.ए. | : | इन्टर मिडियट इन आर्ट्स |
| एस.एल.सी. | : | स्कुल लिभिङ सर्टिफिकेट |
| क. | : | कमरेड |
| के.सी. | : | खत्री क्षत्री |
| क्र.सं. | : | क्रम-सङ्ख्या |
| गा.वि.स. | : | गाउँ विकास समिति |
| चौ.म. | : | चौथो महाधिवेशन |
| त्रि.वि. | : | त्रिभुवन विश्वविद्यालय |
| त्रै.मा. | : | त्रैमासिक |
| ने.क.पा. | : | नेपाल कम्युनिस्ट पार्टी |
| नं. | : | नम्बर |
| ने.रा.प्र.प्र. | : | नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान |
| पू. | : | पूर्णाङ्क |
| पृ. | : | पृष्ठ |
| पृ.सं. | : | पृष्ठ सङ्ख्या |
| प्र.का. | : | प्रकाशन-काल |
| प्र.स्रो. | : | प्रकाशन-स्रोत |
| प्र.ले.स. | : | प्रगतिशील लेखक सङ्घ |
| मा.वि. | : | माध्यमिक विद्यालय |
| वि.सं. | : | विक्रम संवत् |
| सम्पा. | : | सम्पादक |
| सा. | : | साप्ताहि |

# पहिलो परिच्छेद

# शोध-परिचय

## १.१ शोध-शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक "कवि कृष्ण सेन 'इच्छुक' को जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन" रहेको छ ।

## १.२ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभाग, विश्वविद्यालय क्याम्पस कीर्तिपुरको स्नातकोत्तर तह नेपाली विषयको दास्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि तयार गरिएको हो ।

## १.३ समस्याकथन

कवि कृष्ण सेन 'इच्छुक' आधुनिक नेपाली कविताको प्रगतिवादी धाराका चर्चित कवि-व्यक्तित्व हुन् । वि.सं. २०३३ देखि साहित्य-यात्रामा लागेका कवि 'इच्छुक' का तीनवटा काव्य कृतिहरू प्रकाशित छन् । उनका बारेमा कतिपय लेखक, समीक्षक र समालोचकहरूले चर्चा र टिप्पणी गरेका छन् तापनि उनको जीवनी, व्यक्तित्व र कृतित्वको समष्टि अध्ययन, विश्लेषण र मूल्याङ्कन भएको देखिँदैन । त्यसैले प्रस्तुत शोधकार्य निम्नलिखित समस्याहरूमा केन्द्रित रहेको छ ।

क. कवि कृष्ण सेन 'इच्छुक' को जीवनी के-कस्तो रहेको छ ?

ख. उनको व्यक्तित्वका के-कस्ता आयमहरू रहेका छन् ?

ग. कवि 'इच्छुक' कहिलेदेखि साहित्य-यात्रामा लागे र के-कति सिर्जनाहरू प्रकाशित गरे ?

घ. उनका कवितामा के-कस्ता विशेषता छन् ?

ङ. आधुनिक नेपाली कवितामा कवि 'इच्छुक' को के-कस्तो स्थान र योगदान छ ?

च. कवि 'इन्छुक' को कवित्वको मूल्याङ्कन र विश्लेषण कुन किसिमले गरिएको छ ?

यी सबै समस्याहरूमा आधारित रहेर प्रस्तुत शोधकार्य गरिएको छ ।

## १.४ शोधकार्यको उद्देश्य

कवि कृष्ण सेन 'इच्छुक' को जीवनी र व्यक्तित्वका विविध आयाम, साहित्यिक यात्रा र प्रवृत्तिको मूल्याङ्कन उद्देश्यअनुसार व्यवस्थित गर्नु नै यस शोधकार्यको प्रमुख उद्देश्य रहेको छ । प्रस्तुत शोधकार्यका उद्देश्यहरू निम्नलिखित छन् :

क. कवि कृष्ण सेन 'इच्छुक' को जीवनीका विभिन्न पाटाहरू प्रस्तुत गर्नु,

ख. उनको व्यक्तित्वका विविध आयामहरूको विवेचना गर्नु,

ग. उनको साहित्य-यात्रा र सिर्जनाको अवलोकन गर्नु,

घ. उनका काव्यात्मक विशेषताहरू ठम्याउनु,

ङ. कवित्वको मूल्याङ्कन र विश्लेषण गर्नु,

च. नेपाली साहित्यको कविता विधामा उनको स्थान र योगदानको मूल्याङ्कन गर्नु र

ज. उनको जीवनमा घटेका महत्त्वपूर्ण घटनाले साहित्य सिर्जनामा पारेको प्रभावलाई अध्ययन गर्नु ।

## १.५ पूर्वकार्यको समीक्षा

कवि कृष्ण सेन 'इच्छुक' नेपाली साहित्यको कविता विधाको प्रगतिवादी फाँटका चर्चित कवि व्यक्तित्व हुन् । तीसको दशकको पूर्वार्धदेखि प्रकाशनमा उदाएका कवि इच्छुकका बारेमा चालीसको दशकदेखि नै टीकाटिप्पणी र समीक्षाका साथै अध्ययन पनि सुरु भएको देखिन्छ । सुरुदेखि हालसम्म कवि इच्छुकका बारेमा भएका पूर्वाध्ययनहरूलाई कालक्रमिक रूपमा यसप्रकार सूचीकृत गरिएको छ :

(१) रविलाल अधिकारी, 'प्रगतिवादी नेपाली कविता' (२०४४)

रविलाल अधिकारीले कवि कृष्ण सेन 'इच्छुक' लाई प्रगतिवादी कविका रूपमा चर्चा गरेका छन् । उनले 'प्रगतिवादी नेपाली कविता : ऐतिहासिक सन्दर्भ'मा कवि 'इच्छुक' लाई २०३५/०३६ को जनसङ्घर्ष र प्रगतिवादी कविताको व्यापकतामा हेरेका छन् ।[1]

(२) शारदाप्रसाद धिताल र मधुसूदन सुवेदी "प्रकाशकीय", 'शोकाञ्जली' (२०४८)

नेपालको प्रगतिवादी साहित्यका फाँटमा आक्कल-झुक्कल इच्छुकका नामले पत्रपत्रिकाहरूमा देखिने कविको प्रस्तुत 'शोकाञ्जली' शोककाव्यले प्रगतिवादी साहित्यमा रहेको न्यूनतालाई भर्न योगदान पुऱ्याउने कुरालाई प्रकाशकद्वयले 'शोकाञ्जली' को प्रकाशकीयमा उल्लेख गरेका छन् ।[2]

(३) पारिजात, "मन्तव्य" 'शोकाञ्जली' (२०४८)

पारिजातले 'शोकाञ्जली' काव्यमा मन्तव्य लेख्दा कवि इच्छुकलाई प्रगतिशील साहित्यका फाँटमा स्थापित कविका रूपमा हेरेकी छन् । सिर्जनशीलता र प्रतिबद्धतालाई कायम राख्दै कारागारभित्र पनि कलम चलाउने इच्छुकको कलमलाई उनले प्रशंसा गरेकी छन् । उनले 'शोकाञ्जली' काव्यलाई वैचारिक उपलब्धि ठान्दै कलापक्षले सिँगारेको एउटा कुञ्ज मानेकी छन् । यसमा कविले वैचारिकताको एउटा दियो प्रज्वलित पार्न बिर्सेका छैनन् भने शब्द चयन र प्रस्तुति अति संवेदनशील भएको टिप्पणी गरेकी छन् ।[3]

---

[1] रविलाल अधिकारी, **प्रगतिवादी नेपाली कविता**, (पोखरा : लेकाली प्रकाशन, २०४४), पृ. ५ ।
[2] 'इच्छुक', **शोकाञ्जली**, (काठमाडौँ : शारदाप्रसाद धिताल र मधुसूदन सुवेदी, २०४८), पृ. ४-५ ।
[3] ऐ.ऐ. पृ. अन्तिम गातो ।

(४) ताराकान्त पाण्डेय, "'शोकाञ्जली' शहीदप्रतिको अगाध प्रेम र आस्थाको सरोवर" (२०४८)

प्रस्तुत समालोचनामा ताराकान्त पाण्डेयले इच्छुकलाई स्वयम्मा आस्था र अटल विश्वासको कवि मानेका छन् । 'शोकाञ्जली' काव्य आकारमा लघु भए पनि उनले यसलाई प्रेम र आस्थाको गहिरो सरोवरका रूपमा हेरेका छन् । "सहिद मित्रमणिको हत्याको पीडामा कवि इच्छुकको झरेको आँसु, बगेको शोक, पोखिएको प्रेम र आस्था नै 'शोकाञ्जली' हो । काव्यको मूल भाव शोक हो । शहीदका जुझारु भावनालाई कविले श्रद्धासुमन अर्पण गरेका छन् ।" पाण्डेयले कवि इच्छुकले सहिद मित्रमणिप्रतिको अपार स्नेहलाई भावुक शैलीमा वर्णन गर्दै उत्सर्गको प्रशंसा र श्रद्धामा विभोर बनेर आफ्नो द्वन्द्ववादी दृष्टिसापेक्षतालाई पनि झन्डै बिर्सिन पुगेको टिप्पणी गरेका छन् । उनले कवि काव्यमा बढी आदर्शकृत र सहिदप्रेमको सरोवरमा चुर्लुम्म डुबेर असन्तुलित भएको आरोप लगाएका छन् । 'शोकाञ्जली' काव्यमा प्रौढ र कोमल विचारको सन्तुलन छ भन्दै उनले कवि र सिपाही एक-अर्कामा समाहित-विलीन छन् अनि प्रस्तुत कृतिमा शोक र विद्रोहको उत्कृष्ट आलिङ्गन-आवेष्टन छ भनेर टिप्पणी गरेका छन् ।[४]

(५) हरेकृष्ण ज्ञवाली, "नेपाली शोककाव्यको सर्वेक्षणात्मक अध्ययन" अप्रकाशित स्नातकोत्तर तहको शोधपत्र (२०५०)

हरेकृष्ण ज्ञवालीले "नेपाली शोककाव्यको सर्वेक्षणात्मक अध्ययन" भन्ने अप्रकाशित शोधपत्रमा इच्छुकको 'शोकाञ्जली' शोककाव्यलाई सूचीकृत मात्रै गरेका छन् तर यसको अध्ययन र विश्लेषणपक्षलाई भने चर्चा गरेका छैनन् ।[५]

---

[४] ताराकान्त पाण्डेय, "'शोकाञ्जली' शहीदप्रतिको अगाध प्रेम र आस्थाको सरोवर", **जनसाहित्य**, (वर्ष १, अङ्क ३, २०४८ का-पु), पृ. ८३-८९ ।

[५] हरेकृष्ण ज्ञवाली, **नेपाली शोककाव्यको सर्वेक्षणात्मक अध्ययन**, (अप्रकाशित स्नातकोत्तर तहको शोधपत्र, त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभाग, २०५०) ।

(६) चैतन्य, "समकालीन नेपाली कविता : एक सङ्क्षिप्त मूल्याङ्कन" (२०५१)

समालोचक चैतन्यले "समकालीलन नेपाली कविता : एक सङ्क्षिप्त मूल्याङ्कन" भन्ने लेखमा इच्छुकलाई ग्रामीण वर्गसङ्घर्षको भावलाई घनीभूत ढङ्गले अभिव्यक्त गर्ने कविका रूपमा लिएका छन् । चैतन्यले 'दार्बोटको जङ्गलमा' शीर्षकको कवितालाई साक्ष्य राखेर कविले उपमा र प्रतीकको माध्यमबाट वर्गसङ्घर्षको सशक्त भाव र सजीव तस्बिर उतारेको प्रसङ्ग खुलाएका छन् ।[६]

(७) ऋषिराज बराल, "प्रगतिवादी नेपाली कविता र यथार्थबोधको प्रश्न" (२०५३)

प्रस्तुत लेखमा ऋषिराज बरालले वि.सं. २०३६ देखि पलायनको बाटो होइन सङ्घर्षको बाटोमा क्रान्ति बोकेर हिँड्ने कविहरूमा इच्छुकलाई पनि लिएका छन् । उनले समकालीन प्रगतिवादी कविताको स्वर र कविहरूको चर्चा गर्ने क्रममा इच्छुकको 'तिम्रो युद्ध र बन्दुकहरूको विरुद्ध' कवितालाई साक्ष्य राखेका छन् । समालोचक बरालका मतमा इच्छुक शब्द र कर्ममा सामीप्य राखेर कविता लेख्ने कवि हुन् । कवितामा लय र सङ्गीत खोज्नु, यथार्थलाई संश्लेषण गरी अग्रगामी स्वरमा स्थानीय रङ्को मिश्रणको कवितालाई लयबद्ध पार्नु इच्छुकको विशेषता हो भन्ने टिप्पणी उनको छ ।[७]

(८) ताराकान्त पाण्डेय, "द्वन्द्वरत वर्तमान र वर्तमानको कविता-लेखन" (२०५४)

प्रस्तुत लेखमा पाण्डेयको टिप्पणी यस्तो छ- द्वन्द्वरत वर्तमानमा कवि कृष्ण सेन 'इच्छुक' का कविता जनसमर सिर्जित नवयथार्थको अभिव्यञ्जनामा निकै सक्रिय छन् । इच्छुकका कवितामा द्वन्द्वरत वर्तमानको यथार्थ प्रभावकारी ढङ्गले अभिव्यक्त भएको

[६] चैतन्य, "समकालीन नेपाली कविता : एक सङ्क्षिप्त मूल्याङ्कन", **कलम**, (वर्ष ३, अङ्क १, पूर्णाङ्क ७, २०५१ पुस), पृ. २४-४२ ।

[७] ऋषिराज बराल, "प्रगतिवादी नेपाली कविता र यथार्थबोधको प्रश्न", **कलम,** (वर्ष ४ अङ्क १, पूर्णाङ्क ११, २०५३ वैशाख), पृ. १६-२६ ।

छ । कविले प्रकृतिको साहचर्यमा प्रतिकूल परिस्थितिबीच पनि स्वर्णिम भविष्यको कामना गर्ने मानिस /जीवनहरू मुस्कुराई रहेकै अनुभव गरेका छन् ।[८]

(९) प्रकाशकीय, “अलिकति स्रष्टा र सिर्जनाका बारेमा” (२०५६)

‘इतिहासको यस घडीमा’ कविता-सङ्ग्रहको प्रकाशकीयमा कवि कृष्ण सेन ‘इच्छुक’ र उनको सिर्जनाका बारेमा प्रकाश पारिएको छ । उक्त प्रकाशकीयमा कवि इच्छुक प्रगतिवादी नेपाली कविताका क्षेत्रमा आफ्नो छुट्टै परिचय स्थापित गर्न सक्ने सक्षम कवि हुन् भनिएको छ । सोही लेखमा शब्द र कर्मको मेलमा जोड दिने कवि इच्छुकका कविता सजीव छन्, जीवन्त छन्, लयात्मक र सम्प्रेषणयुक्त छन् भनेर चर्चा गरिएको छ । त्यस्तै उक्त लेखमा उनका कविता विचारका दृष्टिले उच्च छन्, भाषिक संरचनाका दृष्टिले एकदमै कमला छन्, कवि इच्छुक श्रम-सौन्दर्यको पक्षधर र श्रमजीवी वर्गको मुक्तिका गायक हुन् भनेर कविको काव्य-वैशिष्ट्यमाथि प्रकाश पारिएको छ ।[९]

(१०) ऋषिराज बराल, “इच्छुक इतिहासको यस घडीमा र रागात्मक अनुभूति” (२०५६)

प्रस्तुत लेखमा ऋषिराज बरालले ‘कवि इच्छुकका कविता अन्तर्वस्तु र रूपका दृष्टिले चिरकालिक प्रभाव पार्ने किसिमका छन्, ती प्रगतिवादी आन्दोलनका प्राप्ति र उपलब्धि हुन् भनेर टिप्पणी गरेका छन् । यस लेखमा बरालले रागात्मक पक्षको बढी चर्चा गरेका छन् ।[१०]

---

[८] ताराकान्त पाण्डेय, “द्वन्द्वरत वर्तमान र वर्तमानको कविता लेखन”, **कलम**, (वर्ष ५, अङ्क २, पूर्णाङ्क १५, २०५४ असार) ।

[९] कृष्ण सेन ‘इच्छुक’, **इतिहासको यस घडीमा**, (काठमाडौँ : अखिल नेपाल जनसांस्कृतिक सङ्घ, केन्द्रीय समिति, २०५६), पृ. ग-घ ।

[१०] ऋषिराज बराल, “इच्छुक इतिहासको यस घडीमा र रागात्मक अनुभूति”, **जनादेश,** (वर्ष ८, अङ्क ३६, २०५६ असार), पृ. ४ ।

(११) रोहिताश्व, "इतिहासको यस घडीमा आइपुगेका इच्छुक" (२०५६)

रोहिताश्वले आफ्नो लेखमा कवि इच्छुकलाई 'करुणा र संवेदनाका कवि' मान्छन् तर उनको संवेदना र करुणा 'रोमान्सेली कविमा झैँ' छैन । इच्छुकले जेलनेल खपेर भए पनि अग्रगामी यथार्थलाई कलाको रूप दिने जमर्को गरेका छन् र त्यसैको प्राप्ति नै 'इतिहासको यस घडीमा' हो भन्ने धारणा उनको रहेको छ ।[११]

(१२) मातृका पोखरेल, "सामाजिक मूल्यको कसीमा 'इच्छुक' का कविताहरू" (२०५६)

'इतिहासको यस घडीमा' कविता-सङ्ग्रहको कृति-समीक्षा गर्दै । मातृका पोखरेलले भनेका छन्– "यस सङ्ग्रहले प्रगतिवादी कवितालाई व्यवस्थित ढङ्गले अध्ययन गर्न चाहनेहरूका लागि निकै ठूलो योगदान गर्नेछ ।" उनले यस लेखमा जीवनशील यथार्थका नाममा काल्पनिक यथार्थलाई बढी महत्त्व दिएको कुरालाई सङ्केत गरेका छन् ।[१२]

(१३) यकिना अगाध, "किन त्रस्त छ कलमसँग यो सरकार ?" (२०५६)

इच्छुकको शालीन व्यक्तित्वप्रति यकिना अगाधको चित्रण यस्तो छ– "कवि इच्छुकलाई वीर हस्पिटलमा पायल्सको इमर्जेन्सी अपरेसन गरी राख्दा पनि खुट्टामा नेल लगाएर वरिपरि बन्दुकधारीहरूले पहरा दिइरहेका थिए । यस्तो बेलामा पनि इच्छुक आँधी आउनुपूर्वको शान्त समुद्रझैँ अपशोच नगरी शालीन रूपमा बस्छन् ।"[१३]

(१४) चैतन्य, "'इच्छुक' रचित इतिहासको यस घडीमा शीर्षक कविता-सङ्ग्रहबारे" (२०५६)

'इतिहासको यस घडीमा' कविता-सङ्ग्रहको सूक्ष्म विश्लेषण गर्ने क्रममा चैतन्यले प्रगतिवादी दृष्टिकोण र मार्क्सवादी चिन्तनले कविताको चिरफार गर्दै कविताको स्वरसन्धान, शिल्पविधान, सांस्कृतिक मूल्यबोधको नयाँ आयाम आदि

[११] रोहिताश्व, "इतिहासको यसघडीमा आइपेुका 'इच्छुक'", **जनादेश**, (वर्ष ८, अङ्क ३७, २०५६ साउन), पृ. ४ ।
[१२] मातृका पोखरेल, "सामाजिक मुल्यको कसीमा 'इच्छुक' का कविता", **जनएकता,** (वर्ष ५, अङ्क ८, २०५६ भाद्र), पृ. ४ ।
[१३] यकिना अगाध, "किन त्रस्त छ कलमसँग यो सरकार ?", **जनएकता,** (वर्ष ५, अङ्क २४, २०५६ पुस), पृ. ४ ।

पक्षबाट कविता-सङ्ग्रहको विवेचना गरेका छन् । उनका अनुसार प्रस्तुत कविता-सङ्ग्रह विषयवस्तु र स्वरपक्षलाई प्राथमिकता दिँदै अन्तरवस्तु र रूप, आन्तरिक र बाह्य सौन्दर्य साथै स्वरशिल्पबीच एकरूपता कायम गर्न सफल रहेको छ ।[१४]

(१५) विष्णु प्रभात, "इतिहासको यस घडीमा इच्छुक" (२०५६)

विष्णु प्रभातले इच्छुकका कवितालाई सन्तुलन र कुशलता रहेका, सु-स्पष्ट सन्तुलन र कुशलता हासिल गर्न नसकेका साथै सामान्य र साधनाशील भनेर वर्गीकरण गरेका छन् । उनले भाव र भावना भएर पनि शिल्प क्षण र गेयात्मक नहुँदा, अन्तर्वस्तु र रूपको सन्तुलन कायम राख्न नसक्दा सबै कविता सफल छैनन् भनेर टिप्पणी गरेका छन् । उनले प्रस्तुत कविता-सङ्ग्रहका आधारमा इच्छुक प्रगतिवादी काव्यकलाका शिल्पी बन्न पुगेका छन् भनेर निष्कर्ष निकालेका छन् ।[१५]

(१६) ताराकान्त पाण्डेय, "इतिहासको यस घडीमा : वैचारिक र कलात्मक निष्ठाको स्मारक" (२०५६)

'इतिहासको यस घडीमा' कविता-सङ्ग्रहको समालोचना गर्दै ताराकान्त पाण्डेयले उनको काव्यात्मक वैशिष्ट्यलाई यसरी टिप्पणी गरेका छन्– "सरलता र गीतिमयता इच्छुकको आफ्नो शैलीगत वैशिष्ट्य हो । उनका कवितामा शब्दको कसरत, कुदाइ र गूढ प्रयोग हुँदैन । शब्दको नीरस खेल उनको कविताको अर्थ होइन । स्थानीय रङ्ग र परिवेशबाट कवितालाई बढी यथार्थवादी बनाउनु कविताकलाको वैचारिक र कलात्मक निष्ठाको स्मारक हो ।" कवि इच्छुक प्रगतिवादी कविताक्षेत्रका स्थापित स्रष्टा भएकाले युगको यथार्थप्रति निष्ठावान् छन् भनेर पाण्डेयले टिप्पणी गरेका छन् ।[१६]

---

[१४] चैतन्य, "इच्छुक रचित इतिहासको यस घडीमा", **कलम**, (वर्ष ८, अङ्क १, पूर्णाङ्क २१-२४, २०५६ मङ्सिर-माघ), पृ. २२-४० ।

[१५] विष्णु प्रभात, "इच्छुक रचित इतिहासको यस घडीमा", **कलम**, (वर्ष ८, अङ्क १, पूर्णाङ्क २१-२४, २०५६ मङ्सिर-माघ), पृ. ४०-४३ ।

[१६] ताराकान्त पाण्डेय, "इतिहासको यस घडीमा : वैचारिक र कलात्मक निष्ठाको स्मारक", **खसानी**, (वर्ष १, अङ्क १, २०५६ असोज), पृ १४७-१५० ।

(१७) ऋषिराज बराल, "सेनजी ! अस्त्रोवस्कीका 'सपनाहरू' नभुल्नोस है !" (२०५७)

ऋषिराज बरालले 'बन्दी र चन्द्रगिरि'मा यो भूमिका होइन बातगराइ हो भनेर निजात्मक पाटो उल्लेख गरेका छन् । इच्छुकको काव्यप्रवृत्तिलाई ठम्याउँदै बरालले भनेका छन्– "आफूले लिएको विषयवस्तुलाई नजिकैबाट अनुभूत गर्नु; स्थानीय रङ्ग, भूगोल र प्रकृतिलाई विचारसित घोलेर मानवीकरण गरी नवीन बिम्ब र प्रतीकमार्फत् नवीन आदर्शको उद्बोधन गर्नु इच्छुकको वैशिष्ट्य हो ।"[१७]

(१८) ताराकान्त पाण्डेय, "सौन्दर्यबिम्बका आधार र समकालीन कवितामा यसको आङ्कन" (२०५७)

ताराकान्त पाण्डेयले 'बन्दी र चन्द्रागिरि' काव्य विशिष्ट जीवनानुभूतिको विशिष्ट बिम्बात्मक पुनःसिर्जनाका रूपमा देखापरेको छ भन्दै यो काव्य सिङ्गै बिम्बमालाका रूपमा रहेको छ भनेर उल्लेख गरेका छन् ।[१८]

(१९) श्रीकान्त भण्डारी, "सङ्कल्पको यात्राबाट चन्द्रगिरिलाई सम्बोधन" ( २०५७)

प्रस्तुत लेखमा श्रीकान्त भण्डारीले कवि इच्छुकलाई सङ्कल्पको यात्रामा हिँडेको एउटा प्रतिबद्ध कवि मात्रै होइन, साम्यवादमा आस्था राख्ने सचेत नागरिक पनि हो भनेका छन् । कविको चर्चा गर्दै उनले उज्यालोको प्रशंसामा कविता लेख्ने कविको मनलाई जेलमा बन्दी बनाए पनि 'बन्दी र चन्द्रगिरि' लेखे भनेका छन् । इच्छुकको कविताको खास सामर्थ्य कठोरको कोमल अभिव्यक्ति, त्यसमा अलङ्कारको आभूषण अनि गद्य कविताको अन्तःसङ्गीत हो भन्दै उनले प्रस्तुत काव्यको समीक्षा गर्दै यसलाई प्रगतिवादी नेपाली कवितामा क्रान्तिकारी स्वच्छन्दतावादको महत्तम प्राप्ति

---

[१७] ऋषिराज बराल, "सेनजी ! अस्त्रोवस्कीका 'सपनाहरू' नभुल्नोस है !", **बन्दी र चन्द्रागिरि**, (काठमाडौं : प्रगतिशील अध्ययन केन्द्र, २०५७), पृ. ग-छ ।

[१८] ताराकान्त पाण्डेय, "सोन्दर्य बिम्बका आधार र समकालीन कवितामा त्यसको अङ्कन", **कलम**, (वर्ष ८, अङ्क ४, पूर्णाङ्क २७, २०५७ भाद्र), पृ. ४७-५१ ।

मानेका छन् । यसले प्रगतिवादी नेपाली कवितालाई यथास्थितिबाट उठाएर निकै उचाइमा पुऱ्याएको छ भन्ने टिप्पणी उनको छ ।[१९]

(२०) ताराकान्त पाण्डेय, "उत्तरआधुनिकताको परिप्रेक्ष्य र समकालीन कविताको दिशाबोध" (२०५८)

प्रस्तुत लेखमा पाण्डेयले 'उत्तरआधुनिकतावादीहरूले आदर्श र मूल्य विघटनको हल्ला मच्चाए पनि समाजवादी यथार्थवादीहरूका लागि यो विभ्रम हो भन्दै उनले इच्छुकका कविताले जीवनलाई मूल्य र महत्ता प्रदान गरिरहेको टिप्पणी प्रस्तुत गरेका छन् ।[२०]

(२१) मातृका पोखरेल, "बन्दी सर्जकको नवीनतम सिर्जना" (२०५७)

प्रस्तुत लेखमा मातृका पोखरेलले शासकहरूले कवि इच्छुकलाई चार पर्खालभित्र थुनेर न त उनको अभिव्यक्ति रोकिएको छ, न त उनको आस्था धर्मराएको छ भन्दै 'बन्दी र चन्द्रगिरि' कृति जनता र देशलाई माया गर्नेहरूको प्रिय पुस्तक भएको चर्चा गरेका छन् ।[२१]

(२२) राजेन्द्र सुवेदी "'बन्दी र चन्द्रागिरि' सङ्ग्रहका कविताको सङ्क्षिप्त अध्ययन" (२०५७)

राजेन्द्र सुवेदीले 'बन्दी र चन्द्रागिरि'को समीक्षा गर्ने क्रममा २०४७ पछिको एक दशकमा देखापरेका कविताहरूमा इच्छुकको प्रस्तुत सङ्ग्रह उच्च उदाहरण बनेको उल्लेख गरेका छन् । प्रगतिशील कविता-लेखनका क्षेत्रमा यस दशकमा उच्च सफलता प्राप्त गरेका सामग्रीमध्ये पहिलो स्थानमा यो कृति पर्न आउँछ भन्ने ठोकुवा उनले गरेका छन् । उनले इच्छुकको चर्चा गर्दै भनेका छन्– "यथास्थितिको भ्रामक जाल च्यातेर गतिशील चिन्तन र कलात्मक सौन्दर्यको नवक्षितिज निर्माण गर्न चाहने

---

[१९] श्रीकान्त भण्डारी, "सङ्कल्पको यात्राबाट चन्द्रागिरिलाई सम्बोधन", **महिमा**, (वर्ष १६, अङ्क ४९, २०५७), कार्त्तिक पृ. ४ ।

[२०] ताराकान्त पाण्डेय, "उत्तरआधुनिकताको परिप्रेक्ष्य र समकालीन कविताको दिशाबोध", **साहित्य सन्ध्या**, (वर्ष १, अङ्क १०, पूर्णाङ्क १०, २०५८ भाद्र), पृ. २४-३७ ।

[२१] मातृका पोखरेल, "बन्दी सर्जकको नवीनतम सिर्जना", **जनएकता**, (वर्ष ६, अङ्क १०, २०५७ असोज), पृ. ४ ।

कविमा इच्छुक अग्रणी कवि हुन् ।" प्रस्तुत काव्यकृति आजको प्रगतिशील फाँटभित्र देखा परेको ढुलमुले भ्रमलाई किनारा लगाउन सक्षम कृति साबित बनेको निष्कर्ष उनले निकालेका छन् । [२२]

(२३) कृष्ण सेन 'इच्छुक' "हामी यात्रामा फेरि सँगसँगै कलम उठाउने छौ" (२०५७)

कवि कृष्ण सेन 'इच्छुक'ले जेलमा रहँदा दिएको अन्तर्वार्तामा भनेका छन्– "जेलको समयलाई बढीभन्दा बढी सदुपयोग गर्ने सिलसिलामा नै 'बन्दी र चन्द्रागिरि' काव्यको रचना गरेको हुँ ।" उनले जेलबाट मुक्त भएपछि फेरि हामी यात्रामा सँगसँगै कलम उठाउने छौँ भन्ने प्रतिज्ञा पनि गरेका छन् ।[२३]

(२४) चैतन्य, "नेपाली प्रगतिवादी कवितामा क्रान्ति र कलाको सङ्गति" (२०५७)

प्रस्तुत लेखमा चैतन्यले नेपाली प्रगतिवादी कविताको ऐतिहासिक विकास प्रक्रियालाई तीन अवधिमा बाँडेर अध्ययन गरेका छन् । उनले दोस्रो अवधिको २०३६ /०३७ साललाई प्रगतिवादी कविताको एक उत्कर्ष काल मानेका छन् । प्रस्तुत लेखमा उनले इच्छुकको 'जेल' कवितालाई साक्ष्य राखेर चर्चा गरेका छन् । उनले जेलभित्र र बाहिरको त्रसित जिन्दगीबीच तुलना गरेर कविले सिङ्गो देशलाई नै जेल देख्न पुगेको उल्लेख गरेका छन् । रूपकको प्रयोगबाट मुक्त आकाङ्क्षा र बन्देजबीचको द्वन्द्व मात्र होइन जेलजीवन पनि सहज भएको कुरा अभिव्यञ्जित गरिएको छ भनेर उनले टिप्पणी गरेका छन् । तेस्रो अवधिमा पनि इच्छुकका दार्बोटको जङ्गलमा, वर्मझिया, तिम्रो युद्ध र बन्दुकहरूका विरुद्ध, कविताको टिप्पणी गरेका छन् । कवितामार्फत् गाउँमा पुरानो सत्ताका विरुद्ध जन्मन लागेको नयाँ सत्ताको नयाँ यथार्थलाई व्यक्त गर्ने र प्रकृतिको मानवीकरण गर्ने काम भएको छ भनेर समीक्षा गरेका छन् । [२४]

---

[२२] राजेन्द्र सुवेदी "बन्दी र चन्द्रगिरि सङ्ग्रहका कविताको सङ्क्षिप्त अध्ययन", **साहित्य सन्ध्या**, (वर्ष १, अङ्क २, २०५७ पुस), पृ. ३०-३२ ।

[२३] कृष्ण सेन 'इच्छुक', "हामीहरू यात्रामा फेरि सँगैसँगै कलम उठाउने छौँ", **कलम**, (वर्ष ९, अङ्क १, पूर्णाङ्क २८, २०५७ मङ्सिर-माघ), पृ. ३६-३९ ।

[२४] चैतन्य, "नेपाली प्रगतिवादी कवितामा क्रान्ति र कलाको सङ्गति", **समकालीन नेपाली कविता**, (काठमाडौँ : अखिल नेपाल जनसाँस्कृतिक सङ्घ केन्द्रीय समिति, २०५७), पृ १- १८ ।

(२५) नन्दीश अधिकारी, "'बन्दी र चन्द्रागिरि'मा इच्छुकको कवित्व" (२०५७-०५८)

नन्दीश अधिकारीले 'बन्दी र चन्द्रागिरि'को समालोचना गर्दै भनेका छन्– कवि इच्छुकले सधैँ आफ्नो अन्तरात्माको आवाजलाई कविताको रूप दियो । देश र जनताको निम्ति आफ्नो जीवनलाई सुम्पँदै जस्तो देख्यो त्यस्तै लेख्यो । यस काव्यकृतिमा देवकोटाको पागलको सत्य, भूपिका कविताको लालित्य, युद्धप्रसाद मिश्रको परिपक्क वैचारिक दृढता र वर्गीय पक्षधरता, रिमालको क्रान्तिप्रतिको विश्वास र आस्था समष्टिमा फेला पर्दछन् ।"[२५]

(२६) कृष्णसेन 'इच्छुक', "हाम्रो निष्ठाको अविराम यात्रा र हामी" (२०५७-०५८)

कवि इच्छुक जेलका दिनचर्या लेख्ने क्रममा उल्लेख गर्छन्– "बन्दी जीवनका एकाङ्की क्षणमा कापी, कलम र पुस्तकहरू नै मेरा घनिष्ट मित्र बने । तिनीहरूसितको मित्रताको फल हो मैले भद्रगोलबाट तपाईंहरूलाई 'बन्दी र चन्द्रागिरि' उपहार दिन सकेँ" ।[२६]

(२७) ईश्वरचन्द्र ज्ञवाली, "इच्छुकको 'बन्दी र चन्द्रागिरि'माथि केही हरफ" (२०५७-२०५८)

'सहयात्री' पत्रिकामा कृतिसमीक्षा गर्दै ईश्वरचन्द्र ज्ञवालीले लेखेका छन्– "यस कृतिमा देशप्रेमको स्वर मुखरित भएको छ, अर्कातिर साम्यवादी विचार प्रवाहको निरन्तर यात्रा र यसको अमरताको छनक पनि दिइएको छ ।" 'बन्दी र चन्द्रगिरि' क्रान्तिकारीहरूका लागि एउटा खुराक हो भने बौद्धिकहरूका लागि मन्थन भन्ने टिप्पणी ज्ञवालीले यस लेखमा गरेका छन् ।[२७]

---

[२५] नन्दीश अधिकारी, "बन्दी र चन्द्रागिरिमा इच्छुकको कवित्व", **कलम**, (वर्ष ९, अङ्क २, पूर्णाङ्क २९, २०५७-२०५८ फागुन-वैशाख), पृ. ५५-५९ ।

[२६] कृष्ण सेन 'इच्छुक', "हाम्रो निष्ठाको अविराम यात्रा र हामी", **कलम**, (वर्ष ९, अङ्क २, पूर्णाङ्क २, २०५७-२०५८-वैशाख), पृ. ७८-८० ।

[२७] ईश्वरचन्द्र ज्ञवाली, "बन्दी र चन्द्रागिरिमाथि केही हरफ", **सहयात्री**, (वर्ष २, अङ्क २, पूर्णाङ्क २८, २०५८), पृ. ५६ ।

(२८) ईश्वरचन्द्र ज्ञवाली, "किन यस्तो हुन्छ इतिहासमा..........?" (२०५९)

'हाम्रो जलजला' मासिक पत्रिकामा ईश्वरचन्द्र ज्ञवाली कवि इच्छुकमाथि प्रकाश पार्दै उनको व्यक्तित्वको पाटोलाई उजागार गर्छन्– "कृष्ण सेन 'इच्छुक' सर्वहारावर्गीय परिवेशबाट उठेर विचार, निष्ठा र आदर्शका लागि मृत्युवरण गर्ने महान् कवि हुन् । उनको यो बलिदान उनका कविताका भावभन्दा लाख गुणा तीव्र सम्बन्ध, गहन र मर्मस्पर्शी छ ।"[२८]

(२९) सम्पादक प्रलेस, "कवि कृष्ण सेन 'इच्छुक' को सम्झना" (२०५९)

प्रगतिशील लेखक सङ्घको विचार, विश्लेषण र सिर्जनाको केन्द्रीय प्रकाशन 'प्रलेस'मा कविको परिचय, बहुआयमिक पाटोको चर्चा गर्दै उनलाई आस्थाको सहिद मानिएको छ । कवि इच्छुक आफ्नो विचार र निष्ठाका निम्ति उत्सर्ग हुन जानेका, शब्द र कर्मबीचको सन्तुलन मिलेका साहित्य-नायक हुन । कवि इच्छुक परिष्कार-परिमार्जनप्रति सचेत युगीन अग्रगामी चेतनाका प्रतिबद्ध र समाजवादी यथार्थका गायक हुन् ।"[२९]

(३०) ताराकान्त पाण्डेय, "समकालीन नेपाली प्रगतिवादी कविताका प्रवृत्तिहरू" (२०५९)

'प्रलेस'मा प्रकाशित ताराकान्त पाण्डेयको प्रस्तुत कार्यपत्रमा आमूल परिवर्तनका निम्ति प्राणोत्सर्ग गर्नेहरूप्रति उच्च सम्मान गर्दै मान्छेको विशिष्ट सौर्य र उदात्त चरित्रको उद्घाटन गर्ने कविमा इच्छुकलाई साक्ष्य राखिएको छन् ।[३०]

---

[२८] ईश्वरचन्द्र ज्ञवाली, "किन यस्तो हुन्छ इतिहासमा...?", **हाम्रो जलजला**, (वर्ष १, अङ्क १, २०५९ फागुन), पृ. ५-६ ।

[२९] सम्पादक, "कवि कृष्ण सेन 'इच्छुक' को संझनामा", **प्रलेस**, (वर्ष ७, पूर्णाङ्क १३, २०५९ फागुन), पृ. ५-६ ।

[३०] ताराकान्त पाण्डेय, "समकालीन नेपाली प्रगतिवादी कविताका प्रवृत्तिहरू", **प्रलेस**, (वर्ष ७, पूर्णाङ्क १३, २०५९ फागुन), पृ. १८५-२०३ ।

(३१) अनिरुद्ध तिमसिना, “समकालीन नेपाली प्रगतिवादी कविताका प्रवृत्तिहरू” (२०५९)

‘प्रलेस’मा प्रकाशित अनिरुद्ध तिमसिनाको प्रस्तुत कार्यपत्रमा इच्छुकलाई वर्गीय चेतनाप्रति उद्‌बोधन र सङ्घर्षप्रति प्रतिबद्ध कविका रूपमा नामाङ्कित गरिएको छ । उनले यस कार्यपत्रमा क्रान्ति, आमूल परिवर्तन, श्रम र पसिनालाई माया गर्ने कविका रूपमा इच्छुकलाई लिएका छन् ।[३१]

(३२) जगदीशचन्द्र भण्डारी, “इच्छुक : अग्रगामी चेत र विद्रोहका उत्कृष्ट कवि” (२०५९)

‘वेदना’मा समालोचना गर्दै जगदीशचन्द्र भण्डारीले कविको परिचय, प्रकाशित तीनवटा कृतिको चर्चा र निष्कर्ष दिँदै भनेका छन्– “कवि इच्छुक क्रान्तिकारी भावदृष्टि भएका सर्वहारावादी कवि हुन्, कविता सहज, सुबोध, हृदयसंवेद्य छन् । गद्यलयमा पनि सङ्गीतात्मक विशेषताले गेयात्मक बनेका छन् । व्यङ्ग्य-विद्रोहका साथै अनुभूत यथार्थ र अग्रगामी चेतको अभिव्यक्ति छ । जनताको मुक्ति, सङ्घर्ष र सङ्घर्षशील प्रवृत्तिलाई इच्छुकका कविताले अभिव्यञ्जन गरेका छन् ।” [३२]

(३३) धर्मराज अधिकारी, “कृष्ण सेन ‘इच्छुक’ र काव्य-भावधारा” (२०६०)

पारिजात स्मृतिकेन्द्रद्वारा प्रकाशित बुलेटिनमा धर्मराज अधिकारीले कवि इच्छुकको परिचय, जीवनीका केही झिल्का र उनका काव्यगत प्रवृत्तिको टिप्पणी गरेका छन् । यसमा उनका तीनवटै कृतिहरूको सङ्क्षिप्त टिप्पणी छ ।[३३]

---

[३१] अनिरूद्ध तिमसिना, “समकालीन नेपाली प्रगतिवादी कविताका प्रवृत्तिहरू”, **प्रलेस**, (वर्ष ७, अङ्क १३, २०५९ फागुन), पृ. १५५-१८४ ।

[३२] जगदीशचन्द्र भण्डारी, “इच्छुक : अग्रगामी चेत र विद्रोहका उत्कृष्ट कवि”, **बेदना**, (वर्ष २९, अङ्क ३, पूर्णाङ्क ६७, २०५९ चैत्र), पृ. २६-३८ ।

[३३] धर्मराज अधिकारी, “कृष्ण सेन ‘इच्छुक’ र काव्य-भावधारा”, **बुलेटिन**, (पारिजात स्मृति केन्द्र, २०६० वैशाख), पृ. ९-१२ ।

(३४) घनश्याम ढकाल, "दुई शब्द" (२०६०)

'कवि इच्छुक : कविताका सन्दर्भमा' पुस्तकको मन्तव्यमा घनश्याम ढकाल कवि इच्छुकका बारेमा यसरी टिप्पणी गर्छन्– "इच्छुक युगचेतनाका आवाज हुन्, नेपाली धरतीमा कहिल्यै नओइलाउने राता गुराँस हुन् । स्थानीय रङ्गको क्यानभासमा विश्वजनीनताको सृष्टि गर्न सक्नु इच्छुकको विशेषता हो । सौन्दर्य-चेतनालाई उदात्त भावमा प्रस्तुत गर्दै उनी शब्द र कर्मको अविभाज्य व्यक्तित्वमा अनुवाद हुन्छन् । बिम्ब र भावको सुन्दर संयोजनले कवितालाई माझ्दछन् ।"[३४]

(३५) ईश्वरचन्द्र ज्ञवाली, "आस्थामा बाँचेको इच्छुकबारे .........." (२०६०)

'कवि इच्छुक : कविताका सन्दर्भमा' पुस्तकको भूमिका लेख्दै ईश्वरचन्द्र ज्ञवाली भन्छन्– "इच्छुक यस्तो युगीन पुरुष हो जसका हाड दधीचिको झैँ राक्षसी साम्राज्य समाप्त गर्न जनताको अस्त्र बन्नेछ । कविको वर्गीय घृणा र वर्गीय प्रेम, क्रान्तिकारी चेतना र सङ्घर्षमय जीवन नै वास्तविक अक्षय पुँजी हो ।"[३५]

(३६) ईश्वरचन्द्र ज्ञवाली, "'इच्छुक'को बलिदान र व्यक्तित्वका पाटाहरू" (२०६०)

ईश्वरचन्द्र ज्ञवालीले प्रस्तुत लेखमा कृष्ण सेनको जीवनलाई वस्तुत : शब्द र कर्मको समुचित र सन्तुलित प्रयोग मानेका छन् । ज्ञवालीले उनलाई विचार-व्यवहारको सामाञ्जस्य र मिश्रणको उदाहरण हो भनेका छन् । इच्छुकको सिङ्गो जीवन नै न्याय, समानता र मुक्तिका लागि समर्पित रह्यो भन्ने ज्ञवालीका विचारमा उनी बाँचेर मरेनन्, मरेर बाँचे ।[३६]

---

[३४] घनश्याम ढकाल, "दुई शब्द", **कवि इच्छुक : कविताका सन्दर्भमा**, (काठमाडौँ : विश्व साहित्य प्रकाशन, २०६०), पृ. ग- घ ।

[३५] ईश्वरचन्द्र ज्ञवाली, "आस्थामा बाँचेको इच्छुक बारे.....", **कवि इच्छुक : कविताका सन्दर्भमा**, (काठमाडौँ : विश्व साहित्य प्रकाशन, २०६०), पृ. ङ-ज ।

[३६] ऐजन, "इच्छुकको बलिदान र व्यक्तित्वका पाटाबारे", **जनादेश**, (वर्ष १२, अङ्क २१, २०६० साउन), पृ. ४ ।

(३७) बी.बी. राई, “अडिग सतिसाल झैँ ‘इच्छुक’ : जनताका ढुकढुकी” (२०६०)

‘राष्ट्रिय स्वाभिमान’मा प्रकाशित लेखमा बी.बी. राईले कवि इच्छुकको व्यक्तित्व र साहित्यिक पाटोका बारेमा चर्चा गरेका छन् । राई भन्छन्– “नेपाली साहित्यको प्रगतिशील कविता आन्दोलनमा कवि इच्छुक एउटा झर्झराउँदो आभा हुन् । उनका कवितामा जुर्मुराउँदा भावहरू, विजयका उत्कृष्ट अभिलासाहरू र सम्भावनाका फराकिला फाँटहरू पाउँछौँ ।” उनले समग्रगमा मूल्याङ्कन गर्दै जनताका कवि, कलाकार, पत्रकारका रूपमा इच्छुकलाई प्रगतिवादी सिविरका सर्वाधिक सशक्त चर्चित साहित्यकार र संस्कृतिकर्मीका रूपमा चर्चा गरेका छन् ।[३७]

(३८) सुकुम शर्मा, “कवि इच्छुक : कविताका सन्दर्भमा” (२०६०)

कवि इच्छुकका बारेमा समालोचकहरूले टीका-टिप्पणी र उनका प्रकाशित कृतिका बारेमा समीक्षा-समालोचना गरे पनि व्यक्तित्व र कृतित्वलाई एकसाथ हेरेर विश्लेषण गरिएको सुकुम शर्माको ‘कवि इच्छुक : कविताका सन्दर्भमा’ प्रस्तुत पुस्तकले कवि कृष्ण सेन ‘इच्छुक’ को पृष्ठभूमि, परिचय, साहित्य-सिर्जना, उनका कवितामा प्रतिविम्बित सौन्दर्य र उनका प्रकाशित कृतिहरूको चर्चा गरेका छन् । यसका साथै दुई दर्जन फुटकर कविताको टिप्पणी गर्दै निष्कर्षमा उनका विशेषतालाई बुँदागत रूपमा दिएका छन् । प्रस्तुत कृतिको दोस्रो भागमा कवि इच्छुकको हत्यामा कविमन आहत हुँदा रचना गरेको शब्दश्रद्धा (शोकगीतिका) पनि प्रस्तुत गरेका छन् । यो कृति कवि इच्छुकको परिचय र कृतित्वको विश्लेषणमा केन्द्रित छ ।[३८]

(३९) खगेन्द्रप्रसाद लुइँटेल, “नेपाली कविताको इतिहास” (२०६०)

प्रस्तुत लेखमा खगेन्द्रप्रसाद लुइँटेलले कवि कृष्ण सेन ‘इच्छुक’ लाई प्रगतिवादी चिन्तनमा केन्द्रित भएर प्रगीतात्मक र आख्यानत्मक संरचनामा आबद्ध भई कविता लेख्ने स्रष्टाका रूपमा चर्चा गरेका छन् । इच्छुकको ‘शोकाञ्जली’ शोककाव्यको

---

[३७] बी.बी. राई, “अडिग सतिसालझैं ‘इच्छुक’ : जनताका ढुकढुकी”, **राष्ट्रिय स्वाभिमान**, (वर्ष ४, अङ्क १०, २०६० जेठ), पृ. ४ ।

[३८] सुकुम शर्मा, **कवि इच्छुकः कविताका सन्दर्भमा**, (काठमाडौं : विश्व साहित्य प्रकाशन, २०६०) ।

सङ्क्षिप्त टिप्पणी गर्दै लुइँटेलले उक्त कृतिमा शोकलाई शक्तिमा रूपान्तरण गर्ने अठोट, साहिदप्रतिको सम्मानभाव र मुक्तिगामी स्वर तीव्र रूपमा प्रकट भएको उल्लेख गरेका छन् । आफ्नो विचारप्रति इमानदारी, जुझारूपन, लगनशीलता, प्रतिबद्धता व्यक्त गरिएका यिनका कवितामा स्वच्छ, स्वस्थ र शोषणरहित समाज-निर्माणको चाहना अभिव्यञ्जित छ भन्ने उनको धारणा छ । उनले इच्छुकका कवितामा बन्दी जीवनका पीडाजन्य अनुभूति, जनमुक्ति सङ्घर्षको भावना, श्रमको सम्मान, वर्गविभेदको विरोध, वर्गीय पक्षधरता, वर्गप्रेम, देशप्रेम, बलिदानी भावना र जागरणको स्वर अभिव्यञ्जित भएको चर्चा गरेका छन् । उनले कवि इच्छुकलाई क्रान्तिकारी र विद्रोही चेतना, राजनीतिक आस्थामा प्रतिबद्धता र मार्क्सवादी सौन्दर्यशास्त्रीय चिन्तन भएको कविका रूपमा चिनाएका छन् । इच्छुकका कविताहरू सहज र सम्प्रेषणीय भएको आनुप्रासिक संयोजनले मुक्त छन्दमा संरचित गद्यकविता लयात्मक र साङगितिक गुणले ओतप्रोत भएको टिप्पणी लुइँटेलको रहेको छ ।[३९]

(४०) दामोदर पोखरेल, “साहित्यकार कृष्ण सेन ‘इच्छुक’” (२०६१)

प्रस्तुत लेखमा दामोदर पोखेलले साहित्यकार कृष्णसेन ‘इच्छुक’ को व्यक्तित्वका विभिन्न पाटाहरूको सङ्क्षेपमा चर्चा गर्दै सुब्बा कृष्णलाल अधिकारीको जस्तै नियति कृष्ण सेनले भोगेको टिप्पणी गरेका छन् । उनले ढुङ्गाको मुटु भएका शासकले जनताको पक्षमा लेखिएका काव्यकृतिहरूलाई जफत गर्दै बन्देज लाउने र स्रष्टालाई अमानवीय यातना दिएर हत्या गर्ने संस्कृतिको विरोध गरेका छन् । साहित्यिक सहिद बनेका इच्छुकको आस्था र विचार यस धर्तीमा रहेसम्म उनी अमर रहिरहने उल्लेख गर्दै उनको त्याग, तपस्या, योगदान र बलिदानको उच्च मूल्याङ्कन गरेका छन् ।[४०]

[३९] खगेन्द्रप्रसाद लुइँटेल, “नेपाली कविताको इतिहास”, **कविता सिद्धान्त र नेपाली कविताको इतिहास**, (काठमाडौँ : ने.रा.प्र.प्र. २०६०), पृ. २७२-३७३ ।

[४०] दामोदर पोखरेल, “साहित्यकार कृष्ण सेन ‘इच्छुक’”, **बहिङ्गा**, (वर्ष ४, अङ्क ४, २०६१ पुस), पृ. २४-२७ ।

(४१) अशोक सुवेदी, "आस्था र निष्ठाका सतिसाल कृष्ण सेन 'इच्छुक' " (२०६४)

अशोक सुवेदीले सम्पादन र प्रकाशन गरेको आस्था र निष्ठाका सतिसाल कृष्ण सेन 'इच्छुक' स्मृतिग्रन्थमा शक्ति लम्सालले अमर व्यक्तित्वमाथिको अमर कृति शीर्षकमा भूमिका लेखेका छन् । दुई खण्डमा विभाजित स्मृतिग्रन्थको पहिलो खण्डमा विभिन्न लेखकहरूले कृष्ण सेन 'इच्छुक'को जीवनी, व्यक्तित्व र कृतित्वमाथि समीक्षा र संस्मरण लेखेका छन् भने दोस्रो खण्डमा इच्छुकका सिर्जनाहरूअन्तर्गत चिठी, संस्मरण, कविता र अन्तर्वार्ता समावेश गरिएको छ । अधिकांश रचनाहरू विभिन्न पत्र-पत्रिकाहरूमा प्रकाशित भइसकेका र केही नयाँ रचनाहरू सङ्कलन गरेर ग्रन्थमा समेट्ने काम सुवेदीले गरेका छन् ।[४१]

(४२) प्रकाशकीय, "मार्क्सवादी सौन्दर्यशास्त्रको महत्त्वपूर्ण कृति" (२०६४)

चैतन्यद्वारा लिखित पुस्तक 'क्रान्ति र सौन्दर्य'को प्रकाशकीयमा आतङ्कवादका नाममा आततायी शैलीमा इच्छुकजस्ता साहित्यकार र सांस्कृतिक नेतालाई हिरासतमा नै हत्या गरिएको तथ्यप्रति घृणा ओकलिएको छ । लेखकले आफ्नो विश्लेषणमा इच्छुकलाई हत्या गरे पनि उनको सिर्जना, विचार, लक्ष्य र उद्देश्यको प्रतिक्रियावादीले हत्या गर्न नसकेको यथार्थ उद्घाटन गरेका छन् । उनले जनताको आवाज बोल्ने जनकविको हत्याले अभिव्यक्ति-स्वतन्त्रताको हत्या हुन पुगेको निष्कर्ष दिएका छन् । इच्छुकको रचनाको अमरता र उनले रचेको इतिहास नमर्ने भन्दै इच्छुकका कृतिको गहिरो र सूक्ष्म समीक्षा गरिएको उक्त लेखमा जनयुद्धका कला-साहित्यिक प्रवृत्तिबारे विश्लेषण भएको छ र कविलाई एउटा अमर स्रष्टाका रूपमा प्रतिष्ठित गरिएको छ ।[४२]

[४१] अशोक सुवेदी, **आस्था र निष्ठाका सतिसाल कृष्ण सेन 'इच्छुक'**, (काठमाडौँ : अशोक सुवेदी, २०६४) ।

[४२] प्रकाशकीय, "मार्क्सवादी सौन्दर्यशास्त्रको महत्वपूर्ण कृति", **क्रान्ति र सोन्दर्य**, (काठमाडौँ : प्रगतिशील अध्ययन केन्द्र, २०६४), पृ. क-ग ।

(४३) चैतन्य, "इच्छुकको बन्दी र चन्द्रागिरि : एक्काइसौँ शताब्दीको एक उत्कृष्ट प्रारूप" (२०६४)

प्रस्तुत लेख 'कलम' साहित्यिक त्रैमाकि संयुक्ताङ्क ३३-३६, २०६० मा प्रकाशित भएको हो र चैतन्यको 'क्रान्ति र सौन्दर्य' पुस्तकमा सङ्ग्रहित छ । कृष्ण सेन 'इच्छुक' का फुटकर कवितादेखि काव्यकृतिको गहन समालोचना गर्ने चैतन्यले कवि इच्छुकलाई नेपाली प्रगतिवादी कविताका क्षेत्रमा क्रान्तिकारी मार्क्सवादी कविको अग्रपङ्क्तिमा राखेका छन् । इच्छुकको मुख्य साधनाक्षेत्र कवितालाई मानेका छन् । समग्रमा पत्रकारिताका साथै सांस्कृतिक, साहित्यिक र क्रान्तिकारी कम्युनिस्ट व्यक्तित्वका एक सुन्दर सङ्गम मानेका छन् । इच्छुकको 'बन्दी र चन्द्रागिरि'लाई समसामयिक नेपाली प्रगतिवादी कविताक्षेत्रको एक नयाँ प्राप्ति र जनयुद्धको दस्ताबेजका रूपमा उल्लेख गरेका छन् । नेपाली प्रगतिवादी साहित्य र समाजवादी यथार्थवादको इतिहासमा एक नवीन उपलब्धिका रूपमा रहेको प्रस्तुत कृति वैचारिक र कलात्मक दुवै दृष्टिले विलक्षण क्रान्तिकारी काव्य बन्न गएको छ भन्ने निष्कर्ष उनको छ । उनले प्रस्तुत कृतिलाई एक्काइसौँ शताब्दीको एक महान् उत्कृष्ट प्रारूप अर्थात् प्रतिनिधि रचनाका रूपमा ग्रहण गर्न सकिने राय दिएका छन् ।[४२]

(४४) शेषयात्री, "स्वतन्त्रताका गायक इच्छुक : प्रतिबन्ध कवितामा" (२०६४)

प्रस्तुत लेखमा शेषयात्रीले नेपाली कविताको इतिहासमा गोपालप्रसाद रिमालले सुरु गरेको गद्यकविता-लेखनको पदचापलाई अँगाल्दै प्रगतिवादी चिन्तन र धारलाई सशक्त रूपमा अगाडि बढाउने कविका रूपमा इच्छुकको उल्लेख गरेका छन् । उनले इतिहासको यस घडीमा (२०५६) कविता-सङ्ग्रहको अन्तिम कविता 'प्रतिबन्ध'को गतिशील यथार्थमा आधारित व्याख्या गरेका छन् ।[४४]

[४२] चैतन्य, "इच्छुकको बन्दी र चन्द्रगिरि : एक्काइसौँ शताब्दीको एक उत्कृष्ट प्रारूप", **क्रान्ति र सौन्दर्य**, (काठमाडौँ : प्रगतिशील अध्ययन केन्द्र, २०६४), पृ. १६६-१७९ ।

[४४] शेषयात्री, "स्वतन्त्रताका गायक इच्छुक : प्रतिबन्ध कवितामा," **मञ्जरी**, (वर्ष १, अङ्क ३, २०६४ पुस), पृ. २९-३० ।

(४५) तेजविलास अधिकारी, "कवि कृष्ण सेन 'इच्छुक' को प्यारो मधेसप्रतिको प्रेम" (२०६४)

समीक्षक तेजविलास अधिकारीले इच्छुकलाई नेपाली माटोप्रति पूर्ण रूपमा समर्पित, विचारलाई काव्यमा ढाल्न सक्ने स्रष्टा र भविष्य द्रष्टाका रूपमा चित्रण गरेका छन् । उनले इच्छुकलाई सबै जाति, धर्म, भाषा, लिङ्ग र क्षेत्रप्रति समान खालको दृष्टिकोण राख्ने कवि भनेका छन् । कवि इच्छुक सप्तरीको राजविराज कारागारमा रहँदा २०५७ चैत्र ७ को जनादेशमा फुटकर कविता 'प्यारो मधेशप्रति' प्रकाशित भएको थियो । यही कविताको समीक्षा गर्दै अधिकारीले तराई सम्म भए पनि समान नभएको र फराकिलो भएर पनि साँघुरो घेराभित्र राख्न बाध्य पारिएको चर्चा गरेका छन् । अधिकारीका अनुसार मधेशको समस्यालाई हिमाल र पहाडले बुझ्न नसकेको यथार्थको उद्घाटन गरेका भन्दै कविमनले मधेशको आत्मासँग गहिरो भावानात्मक मितेरी लगाएको उल्लेख गरेका छन् ।[४५]

(४६) मनऋषि धिताल, "प्रगतिवादी साहित्यका चम्किला नक्षत्र : कृष्ण सेन" (२०६४)

प्रस्तुत लेखमा मनऋषि धितालले कृष्ण सेन 'इच्छुक' लाई नेपाली प्रगतिवादी साहित्यको उत्तरकालका कुशल महारथीका रूपमा चित्रण गरेका छन् । आफ्नो विचारप्रतिको आस्थालाई बलिदानबाट जिउँदो राखेको चर्चा गर्दै कलमका सिपाही र अभिव्यक्ति स्वतन्त्रताका सेनानी भएको टिप्पणी गरेका छन् । उनले इच्छुकको राजनीतिक, साहित्यिक, पत्रकार र अन्तर्राष्ट्रिय व्यक्तित्वलाई शब्द चित्रमा उतारेका छन् । ने.क.पा. माओवादीका अध्यक्ष प्रचण्ड, सौन्दर्य-चिन्तक चैतन्य, कृष्णबहादुर महरा, पार्थ क्षत्री, कालीबहादुर खाम, जीवनसँगिनी तक्मा के.सी. साहित्यकार झमककुमारी घिमिरे, भारतीय लेखक तथा पत्रकार गौतम नवलेखा र आनन्दस्वरूप

---

[४५] तेजविलास अधिकारी, "कवि कृष्ण सेन 'इच्छुक' को प्यारो मधेशप्रतिको प्रेम", **रेडियन्ट**, (वर्ष १, अङ्क ५, २०६४ माघ), पृ. १५- १६ ।

बर्माका विचार र टिप्पणीलाई पनि आलेखमा समावेश गरेर मधुपर्कको आवरण लेख तयार गरिएको छ ।[४६]

(४७) ईश्वरचन्द्र ज्ञवाली र अन्य (सम्पादक) "कृष्ण सेन 'इच्छुक' स्मृतिग्रन्थ" (२०६५)

कृष्ण सेन 'इच्छुक' स्मृतिग्रन्थ उनका बारेका रचनाहरूको सङ्ग्रह हो । यसको सम्पादन ईश्वरचन्द्र ज्ञवाली, घनश्याम ढकाल, डा. गोपीन्द्र पौडेल, दीपक मैनाली र गणेश भण्डारीले गरेका छन् । अखिल नेपाल जनसांस्कृतिक महासङ्घ, केन्द्रीय समितिले यो स्मृतिग्रन्थ २०६५ साल जेठ १३ गते इच्छुक स्मृति तथा बलिदान दिवसका सन्दर्भमा प्रकाशन गरेको हो ।

प्रस्तुत ग्रन्थमा इच्छुकको जीवनवृत्त र व्यक्तित्व पक्ष, उनका कृति र तीमाथिको समालोचनापक्ष, उनीमाथि लेखिएका संस्मरणपक्ष साथै टिप्पणी र विविध पक्षलाई चार खण्डमा विभाजन गरिएको छ । यसले कृष्ण सेन 'इच्छुक'को साङ्गोपाङ्गो अध्ययनलाई मद्दत गरेको छ । ग्रन्थभित्रका केही रचनाहरू पूर्वप्रकाशित हुन्, तिनलाई ग्रन्थमा साभार गरेर समेटिएको छ । समग्रमा यस ग्रन्थले इच्छुकलाई गम्भीर र गहिरो रूपमा बुझ्न सहयोग पुऱ्याएको छ ।[४७]

## पूर्वकार्यको निष्कर्ष

कवि कृष्ण सेन 'इच्छुक' का बारेमा हालसम्म भए-गरेका प्रमुख पूर्वाध्ययनहरू यिनै हुन् । यसरी विभिन्न लेखक, समीक्षक तथा समालोचकहरूले कवि इच्छुकका बारेमा आ-आफ्ना दृष्टिकोण र मूल्याङ्कनहरू व्यक्त गरेका छन् । माथिको अध्ययनबाट कवि इच्छुक आधुनिक नेपाली कविताको प्रगतिवादी धाराका सशक्त हस्ताक्षरका रूपमा स्थापित छन् । यति हुँदाहुँदै पनि उनको समग्र पहिचान दिन सक्ने ठोस अनुसन्धानात्मक काम भएको देखिँदैन । भएका कामहरूमा पनि साङ्गोपाङ्ग अध्ययन हुन सकेको छैन । यसैकारण कवि कृष्ण सेन 'इच्छुक' को जीवनी, व्यक्तित्व र

[४६] मनऋषि धिताल, "प्रगतिवादी साहित्यका चम्किला नक्षत्रः कृष्ण सेन", **मधुपर्क**, (वर्ष ४०, अङ्क १०, पूर्णाङ्क ४६५, २०६४ फागुन), पृ. ५-१३ ।

[४७] ईश्वरचन्द्र ज्ञवाली र अरुहरू (सम्पादक), **कष्ण सेन 'इच्छुक' स्मृतिग्रन्थ,** (काठमाडौं : अखिल नेपाल जनसांस्कृतिक महासङ्घ केन्द्रीय समिति, २०६५ जेठ) ।

कृतित्वको अध्ययन तथा विश्लेषण विस्तृत रूपमा गरी नेपाली साहित्यको आधुनिक कविताको प्रगतिवादी धारामा उनले दिएको योगदानको निरूपण गर्ने उद्देश्यले प्रस्तुत शोधकार्य गरिएको छ ।

## १.६ शोधकार्यको औचित्य र महत्त्व

कवि कृष्ण सेन 'इच्छुक'ले झन्डै दुई दशकअघिदेखि आफूलाई कविता सिर्जनामा सक्रिय तुल्याउँदै आएका छन् । त्यसैले उनको कवित्वका बारेमा पूर्वोलिखित अध्ययनमा चर्चा-परिचर्चा भएका छन्, तथापि आजसम्म उनको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा समष्टि अध्ययन चाहिँ हुन सकेको छैन । यस स्थितिमा उपर्युक्त शोध-समस्याहरूमा केन्द्रित रही गरिएको प्रस्तुत शोधकार्यको आफ्नै औचित्य र महत्त्व रहने छ ।

कवि 'इच्छुक' को जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा पहिलो पटक विस्तृत र व्यवस्थित रूपमा गरिएको यस शोधकार्यले आधुनिक नेपाली कविता र साहित्यमा स्वतः औचित्य स्थापित गर्ने कुरामा कुनै सन्देह छैन । भविष्यमा कसैले 'इच्छुक' माथि अलग-अलग अध्ययन-अुसन्धान गर्न चाहेमा प्रस्तुत शोधकार्य प्रारम्भिक रूपमै भए पनि मार्गदर्शक बन्ने छ । अतः यिनै कारणले गर्दा पनि कवि कृष्ण सेन 'इच्छुक' को जीवनी, व्यक्तित्व र कृतित्वको व्यवस्थित अध्ययनले प्रस्तुत शोधकार्यको औचित्य एवम् महत्त्व छ ।

## १.७ शोधकार्यको सीमा

प्रस्तुत शोधकार्यको शीर्षकबाटै यसको सीमा पनि निर्धारण भएको छ । शीर्षकअनुसार नै यस शोधकार्यमा कवि कृष्ण सेन 'इच्छुक' को जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन तथा विश्लेषण गरिएको छ । 'इच्छुक' मूलतः कविका रूपमा प्रतिष्ठित छन् । यसका अतिरिक्त उनले कथा, निबन्ध, लेख, सम्पादकीय, अन्तर्वार्ता, राजनीतिक लेख-रचना, चिठी, संस्मरण, भूमिका आदि पनि लेखेका छन् । यस शोधकार्यमा उनका प्रकाशित काव्य-कृतिहरूको अध्ययन गरिएको छ । अन्य फुटकर

रचनाहरुको सूचीकृत मात्रै गरिएको छ । कृतिहरूको विधागत अध्ययन नै यस शोधकार्यको सीमा हो । समग्रमा कवि कृष्ण सेन 'इच्छुक' को जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनमा नै प्रस्तुत शोधकार्य सीमित रहेको छ ।

## १.८ सामाग्री–सङकलनको विधि

प्रस्तुत शोधकार्यका लागि आवश्यक सामाग्रीको सङ्कलन मूलतः पुस्तकालयीय अध्ययन पद्दतिका आधारमा गरिएको छ । यसका अतिरिक्त शोध-नायकका आफन्त, नातेदार र प्रियजन एवम् सहयात्रीहरूसँग प्रत्यक्ष भेटघाट र सोधपुछ गरी मौखिक जानाकारीका रूपमा पनि सामग्रीहरू सङ्कलन गरिएका छन् । यसै सिलसिलामा आवश्यकताअनुसार सम्बद्ध क्षेत्रका विभिन्न विद्वान्, प्राध्यापक, समालोचकसँग पनि यथोचित जानाकारी लिइएको छ ।

## १.९ शोधविधि

प्रस्तुत शोधकार्यको विधिमा जीवनीपरक, प्रभावपरक, कृतिपरक आदि विभिन्न समालोचकीय पद्दतिको आवश्यक प्रयोग गरिएको छ । प्रकाशित कविताकाव्यको विवेचना, व्याख्या र विश्लेषणका सन्दर्भमा आवश्यकताअनुसार कविता-सिद्धान्त, प्रगतिवादी कलामूल्य, सौन्दर्यशास्त्र र समालोचनाका मापदण्डहरू पनि उपयोग र प्रयोग गरिएका छन् ।

## १.१० शोधकार्यको रूपरेखा

प्रस्तुत शोधकार्यलाई स्पष्ट, व्यवस्थित र सुसङ्गठित पार्नका लागि विषयवस्तुअनुसार परिच्छेद र शीर्षकहरू दिइएको छ । शोधकार्यको संरचनालाई निम्नलिखित छ परिच्छेदमा विभाजन गरिएको छ :

१. पहिलो परिच्छेद : शोधपरिचय

२. दोस्रो परिच्छेदः कवि कृष्ण सेन 'इच्छुक' को जीवनीको अध्ययन

३. तेस्रो परिच्छेद : कवि कृष्ण सेन 'इच्छुक' को व्यक्तित्वको अध्ययन

४. चौथो परिच्छेद : कवि कृष्ण सेन 'इच्छुक' को साहित्यिक यात्राको अध्ययन

५. पाँचौं परिच्छेद : कवि कृष्ण सेन 'इच्छुक' को कृतित्वको अध्ययन

६. छैटौं परिच्छेद : उपसंहार :

उपर्युक्त र परिच्छेदमा विभाजित यस शोधकार्यको अन्त्यमा सन्दर्भ-ग्रन्थसूची र परिशिष्ट प्रस्तुत गरिएको छ ।

# दोस्रो परिच्छेद

# कवि कृष्ण सेन 'इच्छुक' को जीवनीको अध्ययन

## २.१ जन्म र जन्मस्थान

कवि कृण सेन 'इच्छुक' को जन्ममितिका बारेमा केही अस्पष्टताहरू छन्, कुन साल, महिना र गते भन्नेमा एकरूपता छैन । उनको नेपाली नागरिकता र शैक्षिक प्रमाणपत्रमा जन्म वि.सं. २०१४ मङ्सिर २६ गते लेखिएको भेटिन्छ तर उनी स्वयंले चाँहि वि.सं. २०१३ लेखेको देखिन्छ ।[१] यसमा उनले महिना र गते भने लेखेका छैनन् । उनका बारेमा लेखिएका लेखरचना र प्रायः पुस्तकहरूमा कार्त्तिक १३ गते र सुकुम शर्माले कार्त्तिक ३ गते लेखेका छन् । मननीय कुरा के छ भने कार्त्तिक १३ गते नै लेख्दा पनि उनले विरोध जनाएका छैनन् । यसबाट के पुष्टि हुन्छ भने उनी जन्मदिनको केक काटेर ताली बजाउने पुँजीवादी नवसंस्कृतिको चिन्तनबाट आफूलाई टाढा राख्न चाहने भएकाले भावी जीवनको गन्तव्यतिरै महत्त्व दिएको जन्ममितितिर महत्त्व नदिएको देखिन्छ । उनकी जीवनसाथी तक्मा के.सी.सँगको भेटवार्तामा इच्छुकले आफ्नो जन्मदिन एकिन नभएको तर जन्ममिति वि.सं. २०१३ कार्त्तिक ३ गते भएको बताएका छन् ।[२] इच्छुकका पिता यमबहादुर सेन भारतीय सेनामा कार्यरत रहँदा उनको जन्म देहरादुनमा भएको हो ।[३] उनको वास्तविक नाम कृष्णबहादुर सेन हो तर नेपाली कविताका फाँटमा उनी 'इच्छुक' उपनामबाट परिचित छन् । कवि इच्छुक भीमकुमारी सेनका तीन सन्तान मध्येका जेठा छोरा हुन् ।[४]

कवि इच्छुकका हजुरबुबा भीमबहादुर सेन रोल्पाको गजुलकोटबाट बसाइँ सरेर प्युठानको भिङ्ग्री नजिकै पर्ने साराङकोट गाउँमा आएका थिए । प्युठानको साराङकोट पुर्ख्यौली घर भए पनि उनको स्थायी घर भने अर्घाखाँची जिल्लाको जलुके गाविस वडा

---

[१] हेर्नू परिशिष्ट...।
[२] कवि कृष्ण सेन 'इच्छुक' कि जीवनसाथी तक्मा के.सी.बाट प्राप्त जानाकारी ।
[३] हेर्नू परिशिष्ट ...........।
[४] ऐजन ।

नं. ७, सातमारा हो ।[५] अध्ययनले के पुष्टि गर्दछ भने दाङ जिल्लाको प्रसिद्ध राप्ती नदीको पूर्वी छेउमा रहेको यस गाउँका नाममा भालुवाङको छायाँ परेको छ र यसलाई पनि भालुवाङ नै भनेर चिन्ने गरिन्छ ।

## २.२ बाल्यकाल र मातृवियोग

कवि कृष्ण सेन 'इच्छुक' का बुबा भारतीय सेनामा कार्यरत रहँदा उनको जन्म देहरादुनमा भयो । बाल्यकालका केही वर्षहरू देहरादुन र बुबा जागिरको सिलसिलामा गोरखपुर सरुवा भएपछि गोरखपुरमा बाल्यकाल बितेको देखिन्छ । बाल्यकालका स्वर्णिम दिनहरू देहरादुन र गोरखपुरमा बित्दै गर्दा वि.सं. २०१९ मा सपरिवार नेपाल फर्केपछि आमा भीमकुमारी सेनको मृत्य भयो । मातृवियोगको पीडा सहँदै गर्दा बुबाले अर्को विवाह गरेपछि उनले सौतेनी आमासमेत बेहोर्नु पऱ्यो ।[६] इच्छुकको बाल्यकालदेखि नै दु:खका दिनहरू उदाए । पीडा र बेदनाबीच बाल्यकाल बित्यो । इच्छुक मातृवियोगको पीडा र सौतेनी आमाको लालनपालनले गर्दा बढी संवेदनशील, भावुक र कल्पनाप्रेमी स्वभावका बने । गरिबी, अभाव र विपन्नताका पर्खालबीच हुर्कँदै र समाजमा ठूलाठालु, शोषक-फटाहा, धनीमानीका रोबरबाफ र उत्पीडनका पीडाहरू खप्दै अरू गरिबमाथि भएका अत्याचार र शोषणलाई देखेर सानैदेखि विद्रोही र न्यायका पक्षपाती बने ।[७] यसरी कवि कृष्ण सेन 'इच्छुक' को बाल्यजीवन पीडा, वेदना र दु:खका बीचबाट गुज्रियो । भावुक बाल्यजीवनको प्रतिबिम्बन ठूलो भएर कविका रूपमा परिवर्तित भएको देखिन्छ ।

## २.३ शिक्षादीक्षा

कवि कृष्ण सेन 'इच्छुक' को बाल्यकाल गोरखपुरमा बितिरहँदा त्यहींको स्कुलमा राम्रोसँग अक्षर चिन्न नपाउँदै वि.सं. २०१९ मा उनी परिवारसँगै नेपाल फर्किनु पऱ्यो । नेपाल फर्किएपछि मात्युवियोगको पीडासँगै बुबाको रेखदेखमा व्यवस्थित अध्ययनको

---

[५] तक्मा के.सी. सँगको भेटवार्तामा आधारित ।

[६] ऐजन

[७] ईश्वरचन्द्र ज्ञवाली, "'इच्छुक' को बलिदान र व्यक्तित्वका पाटाबारे", **जनादेश**, (वर्ष १२, अङ्क २१, २०६० साउन), पृ. ४ ।

क्रम दाङ जिल्लाको देउखुरीस्थित श्री आदर्श माध्यमिक विद्यालयबाट सुरु भयो । त्यहाँबाट उनले ८ कक्षासम्मको अध्ययन पूरा गरे । त्यहाँ ९ र १० को कक्षा नभएकाले दाङकै लालमटियाको श्री सरस्वती हाइस्कुलबाट वि.सं. २०३२ मा एस.एल.सी. दोस्रो श्रेणीमा उत्तीण गरे । एस.एल.सी. उत्तीर्ण गरेपछि उच्च अध्ययनलाई जारी राख्ने र मूलतः सांस्कृतिक क्षेत्रमा योगदान दिने चाहना हुँदाहुँदै पनि घरको जर्जर आर्थिक अवस्थाका कारण केही समय अध्ययनलाई स्थगित गरी जागिर खान सुरु गरे । आयआर्जनको भरपर्दो र गतिलो आधार केही थिएन, परिवारको जेठो छोरो, भाइहरू सानै थिए । जागिर खानुभन्दा अर्को कुनै विकल्प थिएन तर इच्छुक जागिरलाई अत्यन्त घृणा गर्थे ।[८] जागिर छोडेपछि इच्छुकले भारतको बनासरबाट प्राइभेट परीक्षार्थीका रूपमा प्रवीणता प्रमाणपत्र तह पूरा गरे । वि.सं. २०३५/०३६ को विद्यार्थी आन्दोलनमा उनी समातिए । छुटेपछि दाङको महेन्द्र क्याम्पसमा अङ्ग्रेजी मूल विषय राखेर बी.ए. पढ्न सुरु गरे । क्याम्पस भर्नासँगै विद्यार्थी र पार्टी राजनीतिमा सक्रिय हुँदा वि.सं. २०३९ मा पक्राउ परेपछि पढाइ अस्तव्यस्त भयो । जेलबाट छुटेर २०४४ सालमा त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र क्याम्पस कीर्तिपुरमा बी.एड. मा भर्ना भएपछि २०४७ सालमा बी.एड. पूरा भयो । कवि कृष्ण सेन 'इच्छुक' को शैक्षिक जीवन शृङ्खलाबद्ध रूपमा अगाडि बढेको देखिँदैन । इच्छुकले जेलभित्रबाटै एम.ए. नेपाली विषयको परीक्षा दिन २०५७ सालमा फर्म भरेका थिए । प्रजातान्त्रिक भनिने व्यवस्थामा उनीप्रति राज्यसत्ता अत्यन्तै पूर्वाग्रही भएर जाँच दिन पाउने अधिकारबाट पनि उनलाई वञ्चित गरायो । एम.ए. नेपालीको जेलभित्रैबाट तयारी गरे पनि पूरा गर्न पाएन ।[९] अध्ययनबाट के स्पष्ट हुन्छ भने उनले शैक्षिक प्रमाणपत्रभन्दा समाज र मान्छे पढेको ज्ञात हुन्छ । आर्थिक विपन्नताका बाबजुद पनि इच्छुकले औपचारिक शिक्षालाई जागिरे जीवन र जेलनेलसँगै अगाडि बढाउँदै एम.ए.सम्मको अध्ययन गरेका छन् ।

[८] अमर गिरी, "संझनामा कवि कृष्ण सेन इच्छुक", **आस्था र निष्ठाका सतिसाल कृष्ण सेन 'इच्छुक'**, (काठमाडौं : अशोक सुवेदी, २०६४), पृ. १०६-१०८ ।

[९] कृष्ण सेन 'इच्छुक', "हामीहरू यात्रामा फेरि सँगसँगै कलम उठाउने छौँ", **कलम**, (वर्ष ९, अङ्क १, पूर्णाङ्क २८, मङ्सिर-माघ २०५७), पृ. ३६-३९ ।

## २.४ पारिवारिक जीवन

आर्थिक विपन्नतामा जिउन बाध्य कृष्ण सेन 'इच्छुक'को परिवार सुखी थिएन । उनको पारिवारिक जीवनको सुरुवात वि.सं. २०४८ माघ ११ गते तक्मा के.सी.सँग मागी विवाह भएपछि अगाडि बढेको हो । विवाहपूर्व इच्छुकसँग तक्मा के.सी. को बोलचाल नभए पनि दाङको महेन्द्र क्याम्पसमा आफ्नै दाइसँग पढ्ने साथी भएकाले २०३७ सालतिरै चिनजान थियो ।[१०] इच्छुकको लेखनयात्रा सुरु भइसकेको थियो, उनको लेखन र सरलताबाट तक्मा के.सी. आकर्षित एवम् प्रेरित थिइन् । वि.सं. २०४५ मै विवाहको कुरा चलेको थियो तर इच्छुक पक्राउ परेकाले नौ महिना उनले भद्रगोल जेलमा बन्दी जीवन बिताउनु पर्‍यो । विवाहका मामिलामा सङ्कोची इच्छुकलाई विवाहका निम्ति राजी बनाउन उनकै सहयात्रीहरुले महत्त्वपूर्ण भूमिका खेलेका थिए । विवाहको सहजीकरण अमर गिरी र केशवराज शर्माले गरेका थिए । त्यो विवाह प्रगतिशील विचारधाराबाट प्रेरित थियो, यद्यपि प्रेमविवाह भने थिएन ।[११] साहित्य, पत्रकारिता, राजनीति र सांस्कृतिक क्षेत्रमा क्रियाशील इच्छुकको दाम्पत्य जीवन व्यवस्थित भएर बितेन । विवाहपछि तक्मा के.सी. २०४८ सालदेखि २०५३ सम्म जागिरको सिलसिलामा नेपालगञ्ज रहनु पर्‍यो भने इच्छुकको बसाइ काठमाडौँमा थियो । वि.सं. २०५० मा उनकी एक मात्र सन्तान समीक्षा सेनको जन्म भएको हो ।[१२] पारिवारिक जीवनको एक दशक समयमा पनि उनी भौतिक रूपमा धेरैजसो परिवारका साथ रहेनन् तर अप्ठ्यारा र कठिनाइका बीचमा एक-अर्काका चाहना, आवश्यकता र जिम्मेवारीप्रति परिवारका सदस्यहरू सचेत रहेको देखिन्छ ।

## २.५ आर्थिक अवस्था र जागिरे जीवन

कवि कृष्ण सेन 'इच्छुक' निम्नमध्यमवर्गीय परिवारका हुन् । बाल्यकालमा बुबाको जागिर हुँदासम्म आर्थिक अवस्था राम्रै थियो । तर उनी युवा अवस्थामा

---

[१०] तक्मा के.सी. सँगको भेटवार्तामा आधारित ।

[११] तक्मा के.सी., "सहिद कृष्ण सेन इच्छुक र उहाँसँगको सहकार्य", **आस्था र निष्ठाका सतिसाल कृष्ण सेन इच्छुक**, (काठमाडौँ : अशोक सुवेदी, २०६४), पृ. ४६-४७ ।

[१२] मनऋषि घिताल, "प्रगतिवादी साहित्यका चम्किला नक्षत्रः कृष्ण सेन," **मधुर्पक**, (वर्ष ४०, अङ्क २०, पूर्णाङ्क ४६५, २०६४ फागुन), पृ. ५- १३ ।

आइपुग्दा आर्थिक अवस्था खस्केको देखिन्छ । एस.एल.सी. पास गरेलगत्तै कमजोर र जर्जर आर्थिक अवस्थाका कारण उच्च शिक्षा नपढी साल्ट टेड्रिङ कर्पोरेसन कोयलावासमा लेखापालको जागिर खाएका थिए । त्यतिबेला उनीसँग जागिर खानुभन्दा अर्को विकल्प नै थिएन । परिवारको जेठो छोरो, भाइहरू सानै थिए, आम्दानीको भरपर्दो आधार थिएन ।[१३] जागिर इच्छुकको इच्छा होइन, बाध्यता थियो । कोयलावासमा इच्छुकले २ वर्ष जागिर खाए । जागिरमा रहँदा कमिसन खानुपर्ने र त्यसो नगर्दा समकक्षीहरूसँग काम गर्न अप्ठ्यारो भएपछि इच्छुकले जागिर छोडे । उनका लागि जागिर सर्वाधिक घृणाको विषय थियो । गरिबी, अभाव र विपन्नताबीच हुर्केका कृष्ण सेन 'इच्छुक' को आर्थिक अवस्था अत्यन्त नाजुक थियो तर पनि विचार र सङ्घर्षले आफ्नो जीवनलाई झन्झन् स्पातिलो बनाएका थिए । कमजोर आर्थिक अवस्थामै जागिर छोडेपछि उनी साहित्य, पत्रकारिता, राजनीति र सांस्कृतिक क्षेत्रमा क्रियाशील रहँदै जीवनभर नै जागिर खाएनन् ।

## २.६ राजनीतिक जीवन

कवि कृष्ण सेन 'इच्छुक' को राजनीतिक जीवनको सुरुवात विद्यार्थीकालमै भएको थियो । लालमटिया स्कुलमा पढ्दादेखि नै उनी नेकपा चौम (पछि मशाल, एकता केन्द्र र माओवादी) सँग जोडिएका थिए । वि.सं. २०३४ मा उनले पार्टी-सदस्यता लिएका थिए । २०३७ सालदेखि अ.ने.रा.स्व.वि.यु., दाङको नेतृत्व गरे । २०४४ सालमा जेलबाट छुटेपछि २०४५ सालमा अ.ने.रा.स्व.वि.यु.को राष्ट्रिय सम्मेलन आयोजक समितिको संयोजक बने । २०४७ सालमा उनी पार्टीको राप्ती क्षेत्रीय ब्युरोको सेक्रेटरी भए ।[१४] उनले पार्टीको चुनावी मोर्चा संयुक्त जनमोर्चा नेपालको केन्द्रीय सदस्यसमेत भएर काम गरेका छन् । राजनीतिक जीवनको सुरुदेखि नै नेकपा मूलधारसँग आबद्ध इच्छुक राजनीतिलाई नै समाज-रूपान्तरणको माध्यम ठान्थे । जागिरे जीवनमा पनि राजनीतिक गतिविधिलाई उनले अगाडि बढाएको

---

[१३] अमर गिरी, "संझनामा कृष्ण सेन 'इच्छुक'", **आस्था र निष्ठाका सतिसाल कृष्ण सेन 'इच्छुक'**,(काठमाडौं : अशोक सुवेदी, २०६४), पृ. १०६-१०८ ।

[१४] मनऋषि धिताल, "प्रगतिवादी साहित्यका चम्किला नक्षत्र : कृष्ण सेन", **मधुपर्क,** (वर्ष ४०, अङ्क १०, पूर्णाङ्क ४६५, २०६४ फागुन), पृ. ५-१३ ।

देखिन्छ । इच्छुकले राजनीतिक नेतृत्वको उच्च तहमा बस्ने महत्त्वाकाङक्षा पालेनन् । साहित्य, पत्रकारिता र सांस्कृतिक फाँटमै बसेर काम गर्ने चाहानाले नै उनको राजनीतिक व्यक्तित्व साहित्य र पत्रकारितामा रूपान्तरण भएको देखिन्छ । चितवनमा भएको प्लेनममा केन्द्रीय समितिमा बस्न अनुरोध गरिएको थियो । यस्तै २०४८ सालमा सम्पन्न एकता महाधिवेशनमा पनि पार्टीले केन्द्रीय समितिमा राख्ने प्रस्ताव गर्दा उनले अस्वीकार गरे । आफूले पाएको जिम्मेवारीलाई कुशलतापूर्वक सम्पादन गर्ने उनको शैली थियो । २०४६ सालको धोकापूर्ण सम्झौताको भण्डाफोर गर्न पार्टीले उनलाई राप्तीका पहाडी जिल्लामा खटाएको थियो । राप्तीका गाउँ-बस्तीमा जनसभा गरेर परिवर्तनका उपलब्धि प्रचार गरे । उनी राजनीतिका असल गुरु थिए, युवा वर्गलाई सशस्त्र क्रान्तिको शिक्षा दिँदै उनले राजनीतिक चेलाहरू उत्पादन गरे । नेकपा माओवादीले २०५२ साल फागुन १ गतेदेखि सशस्त्र जनयुद्ध सुरु गरेपछि उनी कलमका सिपाही बनेर साहित्यिक सांस्कृतिक र पत्रकारिताको मोर्चामा उभिए । उनको कलमदेखि सत्ता र सरकार डराएर रेडकर्नर नोटिस जारी गर्दै टाउकाको मूल्य ३५ लाख तोकेको थियो । त्यसबेला उनी नेकपा माओवादीका क्षेत्रीय ब्युरो-सदस्य थिए । उनले विद्यार्थी जीवनदेखिको राजनीतिक आस्थालाई मृत्युअघिसम्म पनि स्वाभिमानका साथ बचाएर मृत्यु-वरण गरे ।

## २.७ जेल-जीवन

कवि कृष्ण सेन ‘इच्छुक’ विद्यार्थी जीवन र जागिरे जीवनदेखि नै राजनीतिमा होमिएका हुन् । २०३५-३६ सालमा विद्यार्थी आन्दोलन हुँदा इच्छुक जागिरको पर्बाह नगरी आन्दोलनमा लागेका बेला पक्राउ परे । उनलाई दाङको घोराही कारागारमा केही समय राखियो । कागारागारबाट मुक्त भएपछि उनी जागिर छोडेर दाङको महेन्द्र बहुमुखी क्याम्पसमा भर्ना भए । विद्यार्थी र पार्टी राजनीतिमा सक्रिय रहेकै बेला वि.सं. २०३९ वैशाख ११ गते उनी गिरफ्तार भए । शान्ति-सुरक्षा ऐनअन्तर्गत हरेक ९/९ महिनामा ७ पटक पुर्जी थप्दै उनलाई पञ्चायती प्रशासनले सवा पाँचवर्ष जेलमा

राख्यो ।[१५] वि.सं. २०४४ असार ३० गते उनी जेलबाट छुटे । जेल-बसाइकै क्रममा उनले फुटकर कविता र २०४२ सालमा मित्रमणिको हत्या भएपछि 'शोकञ्जली' शोककाव्य (२०४८ मा प्रकाशित) लेखे । फेरि २०४५ सालमा ९ महिना भद्रगोल जेलमा उनलाई राखियो । वि.सं. २०५६ वैशाख ६ गते जनादेशमा समाचार लेखेबापत उनलाई पक्राउ गरियो । पहिले विनापुर्जी भद्रगोल जेलमा र पछि षड्यन्त्र गरेर खरखजना तथा हातहतियारसम्बन्धी मुद्धा लगाएर सिराहा र राजविराज जेलमा राखियो । राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा व्यापक विरोध भएपछि इच्छुकलाई २०५७ चैत्र २ गते रिहा गरियो । इच्छुक जेलमा रहँदा पनि सिर्जनामा तल्लीन रहे । उनको विचारलाई जेलका पर्खालले रोक्न सकेनन् । यही समयमा उनको 'बन्दी र चन्द्रगिरि (२०५७)' प्रकाशित भयो । राज्यले सशस्त्र जनयुद्ध चलिरहेका बेला २०५८ मङ्सिर ११ देखि सङ्कटकाल जारी गऱ्यो । सङ्कटकालकै समयमा वि.सं. २०५९ जेठ ६ गते नयाँ बानेश्वर, काठमाडौँबाट उनलाई गिरफ्तार गरियो । आठदिनसम्म महेन्द्र पुलिस क्लवमा उनलाई चर्को यातना दिएर राखियो तर आफ्नो स्वामिभानी विचारलाई उनले झुक्न दिएनन् । जेठ १३ गते उनलाई हिरासतमै हत्या गरिएको समाचार जनआस्था पत्रिकामा प्रकाशित भयो ।[१६] पटक-पटक इच्छुक जेल परे तर यसपटक उनलाई हिरासतमै हत्या गरियो । कवि कृष्ण सेन 'इच्छुक'ले ४६ बर्से जीवनमा ८ वर्षभन्दा बढी जेल-जीवन बिताएका छन् । इच्छुकले जेलजीवनलाई आफ्नो जीवनको महत्त्वपूर्ण घटना र अनुभूतिका रूपमा लिएका छन् । बन्दी जीवनको समयलाई सकेसम्म रचनात्मक र सार्थक बनाउनका निम्ति लेखन, अध्ययन र चिन्तन-मननमा उनी लागेको देखिन्छ ।[१७] उनका जेलजीवनमा लेखिएका कृतिको महत्त्व नेपाली कविताका फाँटमा चर्चित छ ।

---

[१५] 'प्रकाशकीय', **शोकाञ्जली**, (काठमाडौँ : शारदाप्रसाद धिताल र मधुसूदन सुवेदी, २०४८), पृ. ४-५ ।

[१६] सम्पादक, "कृष्ण सेन पशुपतिमा खरानी", **जनआस्था**, (वर्ष ८, अङ्क १७, २०५९ असार), पृ. १ ।

[१७] कृष्ण सेन 'इच्छुक', "हामी यात्रामा फेरि सँगसँगै कलम उठाउने छौं", **कलम**, (वर्ष ९, अङ्क १, पूर्णाङ्क २८, २०५७ मङ्सिर-माघ), पृ ३६-३९ ।

## २.८ भ्रमण र रुचि

कवि कृष्ण सेन 'इच्छुक'को जन्म भारतको देहरादुनमा भयो । परिवारसँगै नेपाल फर्किएपछि विद्यार्थी जीवनदेखि नै उनी कविता-लेखन र राजनीतिमा लागे । इच्छुकले भारत र नेपालका विभिन्न भू-भागको भ्रमण गरेका छन् । भ्रमणमा उनको रुचि देखिन्छ । राजनीतिक जीवनका दौरानमा पनि इच्छुक राप्ती अञ्चलका गाउँ-बस्तीमा पुगेका छन् । कुनै पनि अम्मल सेवन नगर्ने इच्छुकलाई असाध्यै मनपर्ने रातो रङ हो । खाने कुरामा मासुका विविध परिकारमा रुचि राखेको देखिन्छ । विशेष गरी मासु भएका बखत आफैँले पकाउन रुचि राख्ने गरेको पनि पाइन्छ ।[१८] बेलुका छिट्टै सुत्ने र बिहान सबेरै उठ्ने उनेको बानी थियो । एकान्त र शान्त वातावरणमा सिर्जना गर्न रुचाउने इच्छुक बिहान लेख्ने काम गर्थे । लेखनका बेला गुनगुनाउने र लेखिसकेपछि परिवालाई सुनाउने साथै प्रतिक्रिया दिएपछि परिष्कार-परिमार्जन गर्ने बानी उनको थियो । लेखनजस्तै जीवनशैली बनाउने उनको रुचि थियो ।[१९]

## २.९ सामाजिक जीवन

कवि कृष्ण सेन 'इच्छुक'को सामाजिक जीवन पनि अत्यन्त सक्रिय देखिन्छ । मार्क्सवादी सौन्दर्यचिन्तन र वामपन्थी विचारमा आबद्ध इच्छुकको समाजप्रतिको बुझाइ जिम्मेवारीपूर्ण थियो । कला-संस्कृतिलाई समाजसेवाको उत्कृष्ट माध्यम ठान्ने इच्छुक प्रगतिशील लेखक सङ्घका केन्द्रीय पार्षद्, नेपाल पत्रकार महासङ्घका केन्द्रीय पार्षद्, दक्षिण एसियाली क्षेत्रीय पत्रकार सङ्घका सदस्य, जनअधिकार सरोकार अभियानका सदस्य र अखिल नेपाल जनसांस्कृतिक सङ्घका केन्द्रीय अध्यक्ष भएर कला, संस्कृति र सामाजिक जीवनमा देखा परेका छन् ।[२०] यसका अतिरिक्त इच्छुक समाचारमूलक र साहित्यिक पत्रिकाको सम्पादनमा पनि क्रियाशील रहेका छन् । उनको सम्पादनमा 'जनादेश' साप्ताहिक, 'कलम' त्रैमासिक र 'जनदिशा' दैनिक प्रकाशित भएका छन् । मूलतः उनी कलम समाएर वैचारिक सङ्ग्राममा सक्रिय भएका छन् । सामाजिक

---

[१८] हेर्नू परिशिष्ट .......।

[१९] तक्मा के.सी. सँगको भेटवार्तामा आधारित ।

[२०] सुकुम शर्मा, **कवि इच्छुक : कविताका सन्दर्भमा**, (काठमाडौँ : विश्व साहित्य प्रकाशन, २०६०), पृ. ३ ।

जीवनमा इच्छुक आफूलाई कलम बोक्ने सिपाही भनेर चिनाउन चाहन्छन् । सामाजिक जीवनमा इच्छुक राजनीतिक-साङ्गठनिक प्रतिबद्धतामा स्पष्ट छन् । एउटा प्रगतिवादी स्रष्टा अधिकतम रूपमा राजनीतिक र साङ्गठनिक तथा न्यूनतम रूपमा वर्गीय र विचारधारात्मक रूपमा प्रतिबद्ध बन्नै पर्छ भन्ने उनको मान्यता छ ।[२१]

## २.१० साहित्यिक जीवन

कवितामा कवि कृष्ण सेन 'इच्छुक'को सानैदेखि रुचि थियो । विद्यार्थी जीवनदेखि नै साहित्यमा तानिएका इच्छुक आफू पढ्ने दाङ जिल्लाको लालमटियास्थित सरस्वती हाइस्कुलको साहित्यिक वातावरण र उनलाई पढाउने शिक्षकहरूबाट प्रेरित छन् । उमेरका दृष्टिले १५/१६ वर्षको उमेरदेखि उनले कविता लेख्न आरम्भ गरेका हुन् । वि.सं. २०३३ मा 'मातृभूमि' साप्ताहिकमा उनको पहिलो कविता 'भोलिप्रति' प्रकाशित भएको थियो ।[२२] प्रगतिवादी कविता-लेखनमा सचेत र सक्रिय भएर २०३५/०३६ देखि लागेका इच्छुकले निरन्तर फुटकर कविता, शोककाव्य र लामा कविता लेखेका छन् । साहित्यिक जीवनको पूर्वाद्धमा इच्छुकले निबन्ध र कथा लेखे पनि आफ्नो साहित्यिक यात्रामा कविता-काव्यलाई बढी अङ्गीकार गरेका छन् । उनको 'शोकाञ्जली' (२०४८), 'इतिहासको यस घडीमा' (२०५६), 'बन्दी र चन्द्रागिरि' ( २०५८), 'पर्खालभित्रका बन्द आवाजहरू' (अप्राप्य) र विभिन्न पत्र-पत्रिकामा थुप्रै फुटकर कविताहरू प्रकाशित छन् । यसका अतिरिक्त इच्छुकले कृति-समीक्षा, भूमिका, अनुवाद, साहित्यकला सम्बन्धी लेख र निबन्धहरू पनि लेखेका छन् । उनको साहित्यिक जीवनको ऊर्जाशील समय जेलमा नै बित्यो । जेल-बसाइका क्रममा उनले आफ्ना कविता र काव्यहरू लेखेका हुन् । उनको साहित्यिक यात्रासँग साङ्गठनिक संलग्नता पनि गाँसिएको छ । प्रगतिशील लेखक सङ्घ र अखिल नेपाल जनसांस्कृतिक सङ्घमा पनि उको संलग्नता रहेको थियो । जीवनका विविध पाटाहरूमध्ये 'इच्छुक'को साहित्यिक जीवन अत्यन्तै प्रभावशाली र महत्त्वपूर्ण रहेको छ ।

---

[२१] ऐजन ।

[२२] कृष्ण सेन 'इच्छुक', हामीहरू यात्रामा फेरि सँगसँगै कलम उठाउने छौं, **कलम**, (वर्ष ९, अङ्क १, पूर्णाङ्क २८, २०५७ मङ्सिर-माघ), पृ. ३६-३९ ।

## २.११ पुरस्कार र सम्मान

कवि कृष्ण सेन 'इच्छुक'ले साहित्यिक जीवनको दौरानमा सिर्जनात्मक योगदान दिएबापत थुप्रै पुरस्कार र सम्मान पाएका छन् । उनले नेपाली साहित्यको कविता विधामा उत्कृष्ट काव्य कृतिहरू दिइसकेका छन् । इच्छुकका काव्यकृति र सिर्जनात्मक योगदानको कदर गर्दै राप्ती साहित्य परिषद्, दाङले 'यादव प्रतिभा पुरस्कार' २०४८ ले उनलाई सम्मान गरेको छ । यस्तै 'साहित्य-सन्ध्या पुरस्कार' २०५७, 'स्रष्टा पुरस्कार' २०५८, 'साहित्य-सङ्गम चितवन सम्मान' २०५८ बाट उनी सम्मानित भएका छन् । उनको हत्यापछि उनको योगदानको महत्त्व झन् बढेर गएको छ । 'लोकेन्द्र स्मृति पुरस्कार' २०५९, 'प्रगतिशील लेखक सङ्घ नेपाल सम्मान' २०५९, 'पारिजात सृजन पुरस्कार २०५९', 'कृष्णमणि साहित्य पुरस्कार' २०५९, 'नेत्रलाल अभागी सम्मान' २०६०, प्रलेस दाङद्वारा 'प्रगतिशील साहित्यिक पुरस्कार' २०६१, बाट उनी सम्मानित छन् । 'राष्ट्रिय पत्रकारिता पुरस्कार' २०६४, 'प्रेस स्वतन्त्रता सेनानी' २०६४ द्वारा उनको योगदानको कदर गरिएको छ । इच्छुकको हत्या भएपछि नेकपा माओवादीले उनलाई महान् सांस्कृतिक सहिद घोषणा गरेर सम्मान गरेको छ । उनकै नाममा क्रान्तिकारी पत्रकारिताको अनलाइन संस्करण 'कृष्ण सेन अनलाइन' वि.सं. २०६० भदौदेखि सञ्चालित-प्रकाशित छ । 'कृष्ण सेन स्मृति प्रकाशन'द्वारा 'जनदिशा' दैनिक प्रकाशित भइरहेको छ । नवलपरासीको सैनामैनामा जनमुक्ति सेनाको एउटा फौज 'कृष्ण सेन स्मृति ब्रिगेड' उनको नाममा छ । ताम्सालिङमा २०६३ सालमा 'सेनच्याङ' सांस्कृतिक परिवार गठन भएको छ । भेरी-कर्णालीमा 'इच्छुक जनसांस्कृतिक परिवार' क्रियाशील छ । 'इच्छुक सांस्कृतिक सङ्गम' र सेन सांस्कृतिक परिवारलगायत २०६३ फागुनमा 'इच्छुक सांस्कृतिक प्रतिष्ठान' गठन भएको छ । प्रतिष्ठानले इच्छुकका दुईवटा प्रकाशित कृति 'शोकाञ्जली' (२०४८) र 'बन्दी र चन्द्रागिरि' लाई सम्पादन गरेर २०६४ सालमा 'इच्छुक रचनावली भाग-१' का रूपमा प्रकाशन गरेको छ । इच्छुकको स्थायी घर जलुके-७ सातमारामा 'इच्छुक पार्क' बन्दै छ । उनकै नामाम 'साहसिक पत्रकारिता पुरस्कार' को घोषणा भएको छ । भेरी-कर्णालीमा वर्षको एक

पटक 'इच्छुक मेला' लाग्ने गर्छ ।[२३] यसका अतिरिक्त उनका नाममा कविता, संस्मरण, समालोचना, समीक्षा, स्मृतिग्रन्थ, पुस्तक, शोधपत्रहरू लेखिएका छन् । नेकपा माओवादीले पार्टी सदस्यभन्दा सांस्कृतिक सर्जक, र सर्वहारावादी क्रान्तिकारी योद्धाका रूपमा सम्मान गरेर सांस्कृतिक सहिद घोषणा गरेको छ । उनको योगदान र समपर्णको महिमा पुरस्कार र सम्मानमा प्रतिबिम्बन भएको पाइन्छ ।

## २.१२ जीवन-दृष्टि

कवि कृष्ण सेन 'इच्छुक'ले आफ्नो जीवन सिर्जन-यात्राका भोगाइबाट जीवन र जगत्लाई हेर्ने आफ्नै जीवनदृष्टिको निर्माण गरेका छन् । जीवनलाई सङ्घर्षका रूपमा हेर्ने इच्छुकको जीवनप्रतिको दृष्टि 'द्वन्द्वात्मक भौतिकवादी' छ । उनी साहित्यलाई सङ्घर्षशील जीवनको कलात्मक अभिव्यक्ति मान्दछन् ।[२४] मार्क्सवादी जीवनपद्धतिअनुसार उनले सरल र सादापनलाई आफ्नो पहिचान बनाएका छन् भने शब्द र कर्ममा सामाञ्जस्य ल्याउनु उनको जीवनदर्शन हो । इच्छुकको लेखनी बहुसङ्ख्यक सर्वहारा वर्ग र श्रमजीवी जनताप्रति प्रतिबद्ध छ । कवि इच्छुक बहुसङ्ख्यक जनताको सुन्दर, सुखद र समृद्ध संसारको उदय नभएसम्म हामी बाँचेको यो वर्ग-विभाजित विषम समाज नै सभ्य मानवका निम्ति महाजेल हो भन्छन् । नलडी जितिँदैन, जित्नका लागि लड्नै पर्छ[२५] भन्ने जीवन दृष्टि उनमा छ ।

मार्क्सवादी चिन्तन र दृष्टिकोणअनुसार साहित्यमा विचारपक्ष आउनुपर्छ भन्ने उनको मान्यता छ । राजनीतिदेखि मुक्त विशुद्ध साहित्य बौद्धिक विलास र बर्जुवा वर्गको प्रलाप मात्र हो । समाजको दर्पण र सामाजिक यथार्थको कलात्मक प्रतिबिम्बनका रूपमा रहेको साहित्य आफ्नो समयको युग-चेतना र युगबोध हो[२६] भन्ने मान्यता इच्छुकको जीवनदृष्टिमा पाइन्छ ।

---

[२३] मनऋषि घिताल, "प्रगतिवादी साहित्यका चम्किला नक्षत्र : कृष्ण सेन", **मधुपर्क**, (वर्ष ४०, अङ्क १०, पूर्णाङ्क ४६५, २०६४ फागुन), पृ ५-१३ ।

[२४] हेर्नू परिशिष्ट....।

[२५] कृष्ण सेन 'इच्छुक, "हाम्रो निष्ठाको अविराम यात्रा र हामी", **कलम,** (वर्ष ९, अङ्क २, पूर्णाङ्क २९, २०५७-२०५८ फागुन-वैशाख), पृ. ७८-८० ।

[२६] कृष्ण सेन 'इच्छुक', "विचार विनाको साहित्य र सजीव लास हुन्छ", **सहयात्री**, (वर्ष ३, अङ्क १, पूर्णाङ्क ४, २०५८ वैशाख), पृ. २०-३० ।

## २.१३ देहावशान र शोक

वि.सं २०१३ कार्त्तिक ३ गते भारतको देहरादुनमा जन्मेका कवि कृष्ण सेन 'इच्छुक'ले साहित्यिक र राजनीतिक जीवनको यात्रामा पटक-पटक गरेर ८ वर्ष जेल-जीवन बिताएका छन् । २०५५ साल पुस १९ गते ललितपुर जिल्लाको भट्टेडाँडा प्रहरी चौकीमा माओवादी छापामारको आक्रमणसम्बन्धी समाचार 'जनादेश' मा फोटोसहित प्रकाशित भएपछि उनलाई तत्काल प्रहरीले गिरफ्तार गर्न नसके पनि २०५६ साल वैशाख ६ गते सुन्धाराबाट गिरफ्तार गरेर भद्रगोल, सिराहा र राजविराज जेलमा २२ महिना बन्दी बनायो । त्यसबेला नागरिक समाज, मानवअधिकारवादी र पत्रकारको दबाबमा सरकार उनलाई जेलमुक्त गर्न बाध्य भएको थियो । पछिल्लो समय वि.सं. २०५९ जेठ ६ गते इच्छुकलाई नयाँबानेश्वर, काठमाडौँबाट गिरफ्तार गरी महेन्द्र पुलिस क्लबको हिरासतमा यातना दिएर जेठ १३ गते उनको हत्या गरियो । 'जनआस्था' साप्ताहिकले 'कृष्ण सेन पशुपतिमा खरानी' शीर्षकमा हत्याको समाचार प्रकाशन गऱ्यो ।[२७] उनको हत्याले परिवारजन र शुभचिन्तकमा गहिरो शोक पाऱ्यो । नेपाली साहित्यमा 'इच्छुक' नामले परिचित, 'जनदिशा', 'जनादेश' र 'कलम' का सम्पादक कृष्ण सेनलाई सरकारले हिरासतमै यातना दिएर हत्या गरेको थियो । चरम यातना दिँदा पनि आफ्नो स्वाभिमान र वैचारिक आस्थालाई नझुकाएका कारण नै उनको हत्या भयो । सरकारले कलम बोक्ने सिपाहीलाई आस्थाको आधारमा हत्या गरेर शुभ-चिन्तकलाई शोकमा पारेको थियो । इच्छुकको सरकारी हिरासतमा नै यातनाका कारण मृत्यु भएको कुरा फ्रान्समा मुख्यालय रहेको रिपोटर्स सान प्रिन्टर्स (RSP) र अमेरिकास्थिति कमिटी टु प्रोटेक्ट जर्नालिस्ट (CPJ) मा परेको उजुरीका आधारमा अनुसन्धान हुँदा महेन्द्र पुलिस ल्कबमा चरम यातना दिएर उनको हत्या गरिएको हो ।[२८]

---

[२७] सम्पादक, "कृष्ण सेन पशुपतिमा खरानी", **जनआस्था**, (वर्ष ८, अङ्क १७, २०५९ असार), पृ. १ ।
[२८] ऐजन् ।

# तेस्रो परिच्छेद

# कवि कृष्ण सेन 'इच्छुक' को व्यक्तित्वको अध्ययन

## ३.१ बाह्य शारीरिक बनोट र व्यक्तित्व

व्यक्तित्व मूल रूपमा आन्तरिक र बाह्य गरी दुई किसिमका हुन्छन् । व्यक्तिको आन्तरिक र बाह्य विशेषताहरूको समष्टिगत रूप नै व्यक्तित्व हो । कुनै व्यक्तिको व्यक्तित्व नै उसका विशेषताहरूको परिचायक हुन्छ । बाह्य शारीरिक व्यक्तित्वको निर्धारण शरीर-संरचना र आङ्गिक बनोटबाट हुन्छ । त्यस्तै आन्तरिक व्यक्तित्वको निर्धारण आन्तरिक गुण र कार्यकलापहरूले गर्दछन् । लगभग ५ फिट ६ इन्च उचाइको मध्यम कद, ७० के.जी. तौलको पातलो शरीर, गम्भीर स्वप्निल आँखामा सेतो चस्मा, गोरो र हँसिलो चेहरा, मङ्गोलियन अनुहारमा पालता जुँगा, कालो कपाल, चौडा र पुष्ट छाती, टमक्क मिलेका दाँत र मीठो बोलीले कवि इच्छुकको बाह्य व्यक्तित्व आकर्षक र प्रभावशाली देखिन्छ ।

## ३.२ आन्तरिक व्यक्तित्व विभिन्न पाटाहरू

व्यक्तिको व्यक्तित्व निर्माणमा पारिवारिक, सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक वातावरण र पृष्ठभूमिले निर्णायक भूमिका खेलेको हुन्छ । यसका अतिरिक्त शिक्षादीक्षा, रुचि, पेसा र जीवन-जगत्प्रतिको दृष्टिकोण पनि व्यक्तित्व निर्माणका लागि सहायक मानिन्छ । कवि कृष्ण सेन 'इच्छुक' ४६ वर्षको जीवनयात्रामा साहित्य-सिर्जना, पत्रकारिता, सामाजिक, सांस्कृतिक र राजनीतिक क्षेत्रमा समेत क्रियाशील रहे । यिनै विभिन्न क्षेत्रको संलग्नता र क्रियाशीलताबाट उनको व्यक्तित्वका अनेक पाटाहरू निर्माण भएका छन् । इच्छुकका बहुआयामिक व्यक्तित्वका भिन्न-भिन्न आयामहरूका बारेमा क्रमशः तल उपशीर्षकहरूमा विवेचना गरिएको छ ।

### ३.२.१ साहित्यिक व्यक्तित्व

कवि कृष्ण सेन 'इच्छुक'को व्यक्तित्वका विभिन्न आयामहरूमध्ये सर्वाधिक महत्त्वपूर्ण पाटो साहित्यिक व्यक्तित्व नै हो । लामो सिर्जनात्मक संलग्नताबाट इच्छुकको साहित्यकार व्यक्तित्वको निर्माण भएको छ । वि.सं. २०३० देखि कविता लेख्न सुरु गरेका इच्छुकको पहिलो कविता 'भोलिप्रति' २०३३ को मातृभूमिमा प्रकाशित भएपछि उनी निरन्तर कविता-काव्य सिर्जनामा सक्रिय रहेका छन् । उनको 'शोकाञ्जली' (२०४८), 'इतिहासको यस घडीमा' (२०५६) र 'बन्दी र चन्द्रगिरि' (२०५७) प्रकाशित काव्यकृति हुन् भने पाँच दर्जनभन्दा बढी फुटकर कविताहरू कलम, बेदना, जनादेश, जनआह्वान, जनएकता मूल्याङ्कनजस्ता विभिन्न पत्रपत्रिकामा प्रकाशित छन् । 'पर्खालभित्रका बन्द आवाजहरू' कविता-सङ्ग्रह प्रकाशित नहुँदै हराएको छ । कवि इच्छुकले झन्डै तीन दशक आफूलाई कविता-काव्य सिर्जनामा संलग्न तुल्याई प्रगतिवादी फाँटमा सशक्त स्रष्टाका रूपमा स्थापित गरेका छन् । त्यसैले इच्छुकको सर्वाधिक शक्तिशाली व्यक्तित्व कवि व्यक्तित्व नै हो । उनले कविकै रूपमा विभिन्न पुरस्कार र सम्मान पनि पाएका छन् ।

कवि इच्छुक यथास्थितिप्रति विद्रोह जनाउँदै आमूल परिवर्तनको आवाज उठाउने स्रष्टा हुन् । उनले समाजमा हुने अन्याय-अत्याचार, दमन-शोषण, उत्पीडन राजनीतिक विसङ्गतिप्रति सशक्त प्रहार गरेका छन् । उनको साहित्यिक व्यक्तित्वको ऊर्जाशील समय जेलमा नै बितेको देखिन्छ । उनका अधिकांश कविता-काव्यहरू जेलभित्र नै सिर्जना गरिएका छन् । विचारलाई पर्खालभित्र कैद गर्न खोज्दा पनि वर्गीय मुक्तिको आवाज बुलन्द पार्न उनी क्रियाशील रहेका देखिन्छन् । साहित्यका विभिन्न विधामध्ये उनलाई सबभन्दा बढी प्रिय लागेको विधा कविता नै भएकाले सुरुदेखि नै कवितामा क्रियाशील रहेका देखिन्छन् । अन्य विधाका तुलनामा उनले कवितामा दीर्घ साधाना गरेका छन् । सरल भाषामा गहन विचार र भाव सम्प्रेषण गर्ने इच्छुकका कविता गीतिमय छन् । उनले आफ्ना कवितामा वर्ग-सङ्घर्ष, वर्गीय मनोभाव र द्वन्द्वमय जीवनका पक्षलाई कलात्मक शैलीमा अभिव्यक्ति दिएका छन् । कवि इच्छुकका

कविताले मार्क्सवादी विचारको वकालत, मातृभूमि र क्रान्तिप्रतिको प्रेम, श्रमको सम्मान,सहिदप्रति श्रद्धा, नारी अस्मिताको सम्मान र सङ्कल्पलाई प्रष्फुटित गरेका छन् । इच्छुक छोटो तर गतिशील जीवन बाँच्ने कडवेल र अवतारसिंह पासजस्तै प्रगतिवादी कविताका क्षेत्रमा अमर छन् । वैचारिक आस्था र निष्ठासहित प्रतिबद्ध भएर कलम चलाएका इच्छुकको साहित्यिक व्यक्तित्व सर्वाधिक प्रभावशाली र महत्त्वपूर्ण रहेको छ ।[१]

### ३.२.२ पत्रकार व्यक्तित्व

कवि कृष्ण सेन 'इच्छुक'को लेखनयात्रा कविताबाट भयो र साहित्यिक व्यक्तित्व प्रखर रूपमा देखिएको छ । इच्छुक पत्रकार व्यक्तित्वका रूपमा पनि परिचित छन् । समाचार लेखेकै कारण सत्ताले उनलाई जेलमा हाल्यो, हिरासतमा यातना दिएर सूचना लिन खोज्यो तर उनले आफ्नो पत्रकारिताको नैतिकता जीवनसँग साटेनन् र उनको हिरासतमै हत्या गरियो । इच्छुकलाई अभिव्यक्ति स्वतन्त्रताका सेनानीका रूपमा पनि चित्रण गरिएको पाइन्छ ।

वि.सं. २०३९ देखि २०४४ सम्म इच्छुक दाङ जेलमा रहे । जेलबाट छुटेपछि २०४५ सालमा उनको भेट शक्ति लम्सालसँग भयो । लम्साल 'योजना' साप्ताहिकका सम्पादक-प्रकाशक थिए । इच्छुकले योजना साप्ताहिकमा सहयोगी पत्रकारका रूपमा काम गरेका छन् । यही समयमा इच्छुकले 'महिमा', 'ज्वाला' 'पृष्ठभूमि' जस्ता पत्रिकामा पनि काम गरे । 'जनादेश' साप्ताहिकमा शक्ति लम्साल सम्पादक थिए वर्ष १ अङ्क ४ देखि लम्सालकै अनुरोधमा कृष्ण सेन सम्पादक र शक्ति लम्साल सल्लाहकारमा रहे । जनपक्षीय समाचारमूलक पत्रिका 'जनादेश'मा इच्छुक क्रियाशील भएका थिए । इच्छुकले सूचना-समाचारमूलक पत्रकारितासँगै साहित्यिक पत्रकारितालाई पनि अगाडि बढाए । वि.सं. २०४८ देखि उनले प्रगतिशील साहित्यको प्रतिनिधि पत्रिका 'कलम'को प्रधानसम्पादक भएर काम गरेका छन् ।[२] २०५५ साल पुस १९

---

[१] गोपीन्द पौडेल, "कृष्ण सेन 'इच्छुक' : व्यक्ति एक, व्यक्तित्व अनेक", **आस्था र निष्ठाका सतिसाल कृष्ण सेन इच्छुक**, (काठमाडौं : अशोक सुवेदी, २०६४), पृ. ६०-६७ ।

[२] ऐजन ।

गतेको 'जनादेश' साप्ताहिकमा माओवादी छापामारले ललितपुरको भट्टेडाँडामा आक्रमण गरेको समाचार र तस्बिर छापेपछि इच्छुक सरकारको निगरानीमा परे । २०५६ साल वैशाख ६ गते सुन्धाराबाट गिरफ्तार परेका इच्छुक २२ महिना पछि रिहा भए । २०५८ साल भाद्र ८ गतेदेखि जनपक्षीय दैनिक पत्रिका 'जनदिशा' को सम्पादक भएर ३ महिना काम गर्दा-नगर्दै मङ्सिर ११ गते देखि सङ्कटकाल लगाएर पत्रिका-प्रकाशनमा रोक लाग्यो र बन्द भयो । हाल 'जनदिशा' कृष्ण सेन स्मृति प्रकाशनद्वारा प्रकाशित भइरहेको छ । पत्रकारिता क्षेत्रमा संलग्न इच्छुक छोटो समयमै पत्रकारहरूमाझ परिचित र स्थापित भए । पत्रकारिताकै फाँटबाट उनी नेपाल पत्रकार महासङ्घको केन्द्रीय पार्षद् र दक्षिण एसियाली क्षेत्रीय पत्रकार सङ्घका सदस्य भए । उत्पीडित वर्ग र जातिका पक्षमा सूचना-सम्प्रेषण गर्ने कृष्ण सेन 'इच्छुक' को पत्रकार व्यक्तित्व चर्चित बनेको थियो । उनी शालीन एवम् मर्यादित पत्रकार थिए ।[३] यसरी देश र जनताका पक्षमा आफ्नो कलमलाई क्रियाशील बनाउँदै आएका कृष्ण सेनले आफूलाई एक कुशल पत्रकारका रूपमा पनि प्रस्तुत गरेका थिए । राजनीतिको अप्ठ्यारो परिस्थितिमा पनि उनले पत्रकारिताका माध्यमबाट आफ्ना विचारहरू पाठकसम्म सफलतापूर्वक सम्प्रेषण गरी आफ्नो क्षमताको परिचय दिएका छन् । सङ्कटकालका समयमा पनि कृष्ण सेनले भूमिगत रूपमा 'जनादेश' साप्ताहिक प्रकाशन गरेर आफ्नो क्षमताको प्रदर्शन गरे । प्रेस स्वतन्त्रता र जनमुक्तिका पक्षमा आफ्नो पत्रकार व्यक्तित्वलाई कृष्ण सेनले प्रस्तुत गरेकै कारण उनी अभिव्यक्ति स्वतन्त्रताका सेनानी मानिएका हुन् ।

### ३.२.३ सम्पादक व्यक्तित्व

कवि कृष्ण सेन 'इच्छुक' ले आफ्नो व्यक्तित्वका आयमहरूलाई फराकिलो पार्ने क्रममा सम्पादक व्यक्तित्वलाई पनि कुशल रूपमा अगाडि बढाएका छन् । जनपक्षीय समाचारमूलक पत्रिका 'जनादेश' को सम्पादक भएर आफ्नो दक्षता प्रदर्शन गरेका इच्छुकले प्रगतिशील साहित्यको प्रतिनिधिमूलक पत्रिका 'कलम' को प्रधानसम्पादक रहेर प्रगतिवादी कला-साहित्यको उत्थानका लागि सम्पादकीयहरू लेखेका छन् । उनले

[३] ऐजन ।

'कलम' को अन्तिम पातोमा 'प्रिय पाठकवृन्द' सम्बोधन गर्दै आफ्ना विचारहरू प्रस्तुत गरेका छन् । 'जनदिशा' दैनिक पत्रिकाको प्रधानसम्पादक भएर उनले जनयुद्धको प्रभावकारी समाचार प्रेषित गरेका थिए ।

समग्रमा कवि कृष्ण सेन 'इच्छुक' ले 'जनादेश' साप्ताहिक, 'कलम' त्रैमासिक र 'जनदिशा' दैनिकको सम्पादन गरेर आफूलाई विचार र आस्थामा प्रतिबद्ध कलमको सिपाहीका रूपमा प्रस्तुत गरेका छन् । प्रतिक्रियावादी शक्तिको आक्रमण र राज्यसत्ताको दमनकारी चरित्रको भण्डाफोर गर्दै जनताका पक्षमा कलम चलाएका छन् । आफूले सम्पादन गर्ने सूचना-सन्देश र सिर्जनात्मक पत्रिकामा योगदान दिँदै उनले आफूलाई सम्पादकका रूपमा समेत स्थापित गरेका छन् । उनको पदचाप पछ्याउँदै आज पनि, 'जनादेश' 'जनदिशा', र 'कलम' पत्रिकाहरू प्रकाशन भइरहेका छन् ।

## ३.२.४ अनुवादक व्यक्तित्व

अनुवादका लागि भाषामा दक्षता चाहिन्छ । कवि कृष्ण सेन 'इच्छुक' भारतको देहरादुनमा जन्मेका र अक्षरआरम्भ गोरखपुरको स्कुलमा गरेका थिए । उनको हिन्दी भाषामा राम्रो ज्ञान थियो । त्यस्तै बी.ए. मा उनले मूल विषय अङ्ग्रेजी पढेका थिए । अङग्रेजी भाषामा पनि उनको पकड देखिन्छ । स्थानीय भाषामा थारू भाषाको ज्ञान उनलाई थियो ।[४] कवि इच्छुकसँग हिन्दी, अङ्ग्रेजी, थारू र नेपाली भाषाको ज्ञान थियो । साहित्य-कलाका विभिन्न लेखरचना र कविता अनुवाद गरेर उनले अनुवादक व्यक्तित्वमा पनि आफ्नो कौशल जमाएका छन् । इच्छुकले एन.वेणु गोपाल, शशी प्रकाश, त्रिलोचन, अवतारसिंह पास, विजेन्द्र, पास्टर निमोलर, विपुल चक्रवर्ती, कात्यायनी, वरवर राव, माओत्से तुङ, जेम्स पेट्रास, कञ्चन कुमार, लु सुन, सत्यव्रत, ए.ए. ज्यानोद आदि कवि, लेखकका कविता र साहित्य-कलाका लेखहरू 'कलम' र 'जनादेश'मा अनुवाद गरी प्रकाशन गरेका छन् । यसले उनको अनुवादक व्यक्तित्वको परिचय स्थापित गरेको छ । यसका अतिरिक्त इच्छुकले विभिन्न कवि लेखकहरूका कृतिको समीक्षा गरेर आफ्नो समीक्षक व्यक्तित्वको छाप पनि छोडेका छन् ।

---

[४] तक्मा के.सी.सँगको भेटवार्तामा आधारित ।

### ३.२.५ कर्मचारी व्यक्तित्व

कवि कृष्ण सेन 'इच्छुक'को व्यक्तित्वका पाटाहरू हेर्दा जीवनका केही वर्ष उनले कर्मचारी भएर काम गरेको देखिन्छ । एस. एल.सी. उत्तीर्ण गरेपछि उच्च शिक्षा लिन घरको जर्जर आर्थिक अवस्थाका कारण अवरोध आयो । इच्छुकले वि.सं. २०३२ देखि २०३५/०३६ सम्म साल्ट ट्रेडिङ कर्पोरेसन कार्यालय, कोयलावासमा लेखापालका रूपमा कर्मचारी भएर काम गरेका थिए । कर्मचारी हुँदा पनि उनले कविता लेखन-कार्यलाई निरन्तरता दिएका थिए । दाङबाट प्रकाशित हुने 'युगोबोध' पाक्षिकमा उनका कविताहरू त्यसबेला छापिएका छन् । कोयलावासमा कर्मचारी हुँदा उनले राजनीतिक जीवनलाई सक्रिय बनाएका थिए । यसै समयमा उनले पार्टी र आन्दोलनलाई सहयोग पुऱ्याएका थिए । त्यसबेला पार्टीको हेडक्वाटर भारतको गोरखपुरमा थियो । कोयलावास भारतसँग जोडिएको दाङको सानो बजार र नाका थियो । इच्छुक कर्मचारी हुँदा पनि गोरखपुरबाट पार्टीका दस्तावेज, सर्कुलर र अन्य सामाग्रीहरू जिल्ला भित्र्याएर विशेष सहयोग पुऱ्याएका थिए ।[५] कवि इच्छुकका लागि कर्मचारी व्यक्तित्व प्रिय थिएन, बाध्यता थियो, विकल्पको साधन मात्रै थियो । कर्मचारी हुँदा कमिसन खानुपर्ने र त्यसो नगर्दा समकक्षीसँग बसेर काम गर्न अप्ठ्यारो भएपछि इच्छुकले कर्मचारी व्यक्तित्वलाई बनाउन सकेनन् । उनी जागिरलाई अत्यन्तै घृणा गर्थे ।

### ३.२.६ राजनीतिक व्यक्तित्व

कवि कृष्ण सेन 'इच्छुक' को साहित्यिक व्यक्तित्वको मुहान राजनीतिक दर्शन हो । व्यक्ति निश्चित रूपमा विचारबाट प्रभावित हुन्छ र विचारले नै जीवनलाई क्रियाशील बनाउँछ । इच्छुक कम्युनिस्ट विचारबाट प्रभावित थिए । दाङको लालमटिया हाइस्कुलमा पढ्दादेखि नै उनी नेकपा चौम (पछि मशाल, एकताकेन्द्र, माओवादी) सँग जोडिएका थिए । विद्यालयमा विद्यार्थीलाई सङ्गठित र जागृत पार्न उनले विशेष भूमिका खेलेका थिए । २०३५/०३६ सालको विद्यार्थी आन्दोलनमा सक्रिय हुँदा इच्छुक गिरफ्तार परेर १५ दिन घोराही कारागारमा रहे । २०३७ सालदेखि अ.ने.रा.स्व.वि.यु.

[५] अमर गिरी, "संझनामा कृष्ण सेन 'इच्छुक'", **आस्था र निष्ठाका सतिसाल कृष्ण सेन 'इच्छुक'**, (काठमाडौं : अशोक सुवेदी, २०६४ साउन), पृ. १०६-१०८ ।

दाङको नेतृत्व गरेका इच्छुकले २०४४ सालमा जेलबाट छुटेपछि २०४५ सालमा अ.ने.रा.स्व.वि.यु. को राष्ट्रिय सम्मेलन आयोजक समितिको संयोजक बने । २०४६ सालको आन्दोलनमा इच्छुकले पश्चिम नेपालमै बसेर पार्टीले दिएको भूमिका निर्वाह गरेका थिए । २०४७ सालमा राप्ती क्षेत्रको तत्कालीन नेकपा मशालको पार्टी सचिव भएका थिए । पार्टीको चुनावी मोर्चा संयुक्त जनमार्चा नेपालको केन्द्रीय सदस्य भएर जिम्मेवारी पूरा गरेका थिए । २०४८ सालमा क्रान्तिकारी वामपन्थी पार्टीहरूबीच राष्ट्रिय एकता सम्मेलनमा राप्तीबाट प्रतिनिधित्व गरेर आएका इच्छुकले केन्द्रीय समितिको सदस्य बन्न अस्वीकार गरे । त्यस्तै चितवनमा भएको प्लेनममा केन्द्रीय समितिमा बस्न अनुरोध गर्दा उनले अस्वीकार गरी सिर्जनात्मक कार्यमा लागेका थिए । नेकपा माओवादीले २०५२ साल फाल्गुन १ गतेदेखि सुरु गरेको सशस्त्र जनयुद्धका दिनमा उनी सांस्कृतिक मोर्चामा खटेर कलम बोक्ने सिपाहीका रूपमा उभिएका थिए । सरकारले २०५८ साल मङ्सिर ११ गते सङ्कटकाल घोषणा गऱ्यो । रेडकर्नर नोटिस र टाउकाको मूल्य तोक्दा उनी नेकपा माओवादीको क्षेत्रीय ब्युरो सदस्य थिए । पार्टीभित्र उनको समर र कवीन्द्र उपनाम थियो । सुरुदेखि नै इच्छुक नेकपाको मूलधारसँग जोडिएर राजनीतिमा लागेका थिए । राजनीतिलाई समाज रूपान्तरणको माध्यम ठान्ने इच्छुक पद र प्रतिष्ठाका लागि हुरुक्क भएनन् । राजनीतिक क्रियाशीलताले पनि उनी कुशल राजनीतिज्ञ थिए भन्ने बोध हुन्छ । पार्टीमा पदका निमित्त तँछाड-मछाड गर्ने प्रवृत्तिका विरुद्धको सङ्घर्षमा उनले नेकपा माओवादीको केन्द्रीय समितिको पद अस्वीकार गरेर एउटा आदर्श प्रस्तुत गरेका थिए ।

### ३.२.७ सामाजिक व्यक्तित्व

कवि कृष्ण सेन 'इच्छुक' मार्क्सवादी दर्शन र कम्युनिस्ट राजनीतिमा प्रतिबद्ध भएकै कारण उनमा समाजबोध तीव्र थियो । कला र संस्कृतिलाई समाजसेवाको उत्कृष्ट माध्यम ठान्ने इच्छुक प्रगतिशील लेखक सङ्घका नेपालका केन्द्रीय पार्षद्, नेपाल पत्रकार महासङ्घको केन्द्रीय पार्षद्, अखिल नेपाल जनसांस्कृतिक सङ्घका केन्द्रीय अध्यक्ष भएर कला, संस्कृति र सामाजिक जीवनमा देखा परेका थिए । इच्छुक जनअधिकार सरोकार अभियानका सदस्यका रूपमा क्रियाशील रहँदै मानवअधिकार र

नागरिक हकहितका लागि प्रतिबद्ध बनेका थिए । यसका साथै उनले साहित्यकला र विचारप्रधान ‘कलम’ त्रैमासिकमा प्रधानसम्पादक, सूचना-सन्देशमूलक ‘जनादेश’ साप्ताहिक र ‘जनदिशा’ दैनिक पत्रिकाको सम्पादन गरेर आफ्नो सामाजिक जीवनको पाटोलाई फराकिलो बनाएका थिए । सर्वहारा वर्गीय संस्कृति एवम् कलाका पक्षमा उनले कलम मार्फत् वकालत गरेका छन् । सङ्गठित र एकत्रित गरेर दुस्मनका विरुद्ध लड्न सामाजिक जीवनमा होमिएका थिए । वैचारिक र वर्गीय प्रतिबद्धतासँगै आफ्नो निष्ठाको पहिचान दिने इच्छुक सामाजिक व्यक्तित्वको कसीमा कलम बोक्ने सिपाहीका रूपमा चिनिएका छन् ।

### ३.२.८ सांस्कृतिक व्यक्तित्व

कवि कृष्ण सेन ‘इच्छुक’को साहित्य, राजनीति र पत्रकारितासँगै सांस्कृतिक व्यक्तित्व पनि चम्किलो छ । इच्छुकलाई नेपाली सांस्कृतिक आन्दोलनका सिखर पुरुषका रूपमा चर्चा गरिएको छ । सदीऔँदेखि जरा गाडेर बसेको सामन्ती संस्कृतिका विरुद्ध उनले जनवादी संस्कृतिका पक्षमा कलम चलाएका छन् । इच्छुक पुँजीवादी-साम्राज्यावादी, उपभोक्तावादी संस्कृतिका प्रतिध्रुवमा उभिएर जनसंस्कृतिको उत्थानमा संलग्न संस्कृतिकर्मी हुन् । राजनीतिक क्रान्तिसँगसँगै सांस्कृतिक क्रान्ति पनि गर्नुपर्छ भन्ने उनको मान्यता हो । पुरानोको ध्वंस र नयाँको निर्माण भन्ने मान्यताका आधारमा उनी सांस्कृतिक रूपान्तरणको प्रक्रियामा सामेल थिए । उनको विचारजस्तै व्यवहार पनि भएकाले उनी हार्दिकता, कोमलता, लचकता, विनयशीलता, शिष्टता र सुसंस्कृत मानवका प्रतीक थिए । गीतसङ्गीतका माध्यमबाट नयाँ संस्कृतिको निर्माण गर्न सकिन्छ भन्ने उनको मान्यता थियो । इच्छुकले सांस्कृतिक क्षेत्रमा रहेर महत्त्वपूर्ण योगदान गरेका थिए । अखिल नेपाल जनसांस्कृतिक सङ्घको अध्यक्ष हुँदा जनवादी कला, साहित्य र सङ्गीतमा जनयुद्धको प्रतिबिम्बन दिएका थिए । २०५९ साल जेठ १३ गते महेन्द्र पुलिस क्लबमा इच्छुकको हत्या भयो । नेकपा माओवादीले इच्छुकलाई महान् सांस्कृतिक सहिद घोषणा गरेको छ । उनको स्मृतिमा इच्छुक सांस्कृतिक प्रतिष्ठान नै गठन गरेर जनवादी संस्कृतिको अभियानलाई निरन्तरता दिइएको छ । इच्छुकको सांस्कृतिक व्यक्तित्व उनी मरेर गए पनि अमर रहिरहने छ । सम्झनयोग्य र

अनुशरण गर्न लायक छ । इच्छुक आफूलाई कलम बोक्ने सांस्कृतिक सिपाहीका रूपमा चिनाउन चाहन्छन् ।

### ३.२.९ अन्तर्राष्ट्रिय व्यक्तित्व

कवि कृष्ण सेन 'इच्छुक' को व्यक्तित्व नेपालको भूगोलमा मात्रै सीमित नरही अन्तर्राष्ट्रिय व्यक्तित्वका रूपमा समेत चर्चित रहेको छ । सन् २००१ नोभेम्बर ४ मा भारतको दिल्लीमा आयोजित 'क्रान्तिकारी आन्दोलन र मिडियाको भूमिका' विषयक सेमिनारमा उनले नेपालको प्रतिनिधित्व गरेर भाग लिएका थिए । उक्त सेमिनारमा कृष्ण सेन 'इच्छुक' ले 'क्रान्तिकारी जनसङ्घर्ष र मिडियाको भूमिका' शीर्षकको कार्यपत्र प्रस्तुत गरे । सेमिनारमा नेपाल, भारत तथा बङ्गलादेशका बुद्धिजीवी र पत्रकाहरूको सहभागिता रहेको थियो । त्यस भेलाले नेपालका पार्थ क्षेत्रीको नेतृत्वमा 'दक्षिण एसियाली जनपत्रकार सङ्घ (साप्जा)' को गठन गऱ्यो जसको महत्त्वपूर्ण सदस्यका रूपमा कृष्ण सेन 'इच्छुक' रहेका थिए । कृष्ण सेन 'इच्छुक' को व्यक्तित्वका बारेमा भारतका वरिष्ठ पत्रकार आनन्द स्वरूप वर्माले उनको जीवनजस्तै साहित्य र पत्रकारिता थियो, उनीभित्र निर्भिकता, साहस, आशावादिता र दृढ इच्छाशक्ति थियो भनेर चर्चा गरेका छन् ।[६] इच्छुकको जीवन र रचना सङ्घर्षभन्दा अलग छैन । उनको व्यक्तित्वका बारेमा वरिष्ठ भारतीय लेखक गौतम नवलेखा इच्छुकलाई नेपालका नामी जनपक्षीय साहित्यकार मात्रै नभएर विश्वभरिका क्रान्तिकारीका प्रेरणाका स्रोत र क्रान्तिकारी नायकका रूपमा टिप्पणी गर्दछन् ।[७] नेपालमा दसबर्से जनयुद्ध र क्रान्तिकारी आन्दोलनको नेतृत्व गरिरहेका नेकपा माओवादीका अध्यक्ष प्रचण्डले कृष्ण सेन इच्छुकको व्यक्तित्व अन्तर्राष्ट्रिय स्तरको भएको स्वीकार गरेका छन् । इच्छुकलाई महान् सांस्कृतिक सहिद मान्दै नेपाली क्रान्ति र साहित्यिक सांस्कृतिक आन्दोलनको मात्र नभएर विश्वक्रान्ति र विश्वसाहित्य तथा सांस्कृतिक आन्दोलनको प्रतिनिधि पात्र र सबैका निम्ति आदर्श पात्रका रूपमा औँल्याएका छन् ।

---

[६] मनऋषि धिताल, "प्रगतिवादी साहित्यका चम्किला नक्षत्र : कृष्ण सेन", **मधुपर्क**, (वर्ष ४०, अङ्क १०, पूर्णाङ्क ४६५, २०६४ फागुन), पृ. ५-१३ ।

[७] ऐजन ।

कवि कृष्ण सेन 'इच्छुक' लाई माओवादीको आरोपमा सरकारले २०५९ साल जेठ ६ गते नयाँबानेश्वरबाट गिरफ्तार गऱ्यो । उनलाई महेन्द्र पुलिस क्लबमा चरम याताना दिएर हत्या गरियो । उनको हत्या २०५९ साल जेठ १३ गते भएको मानिन्छ ।[८] उनको हत्याको विरोध सबैतिरबाट भयो र उजुरी अन्तर्राष्ट्रिय स्तरमा पऱ्यो । विश्वभरका पत्रकारहरूको सुरक्षाको आवाज उठाउँदै आएको फ्रान्समा मुख्यालय रहेको रिपोर्टस सान प्रिन्टर्स (RPS) र अमेरिकास्थिति कमिटी टु प्रोटेक्ट जर्नालिस्ट (CPJ) मा परेको उजुरीका अनुसार चरम यातना दिएर महेन्द्रपुलिस क्लबमा उनको हत्या गरिएको हो । त्यस्तै पत्रकारहरूको हकहितका लागि आवाज उठाउँदै आएको अन्तर्राष्ट्रिय संस्था रिपोर्टर्स साँ फन्ते (रिपोर्टर विथआउट बोर्डर) को एक तथ्य खोज टोली नेपाल आएर उनको हत्याको अनुसन्धान गरेको थियो । यसरी कृष्ण सेन 'इच्छुक'को मृत्युपछि पनि अन्तर्राष्ट्रिय व्यक्तित्वका तहमा चर्चा परिचर्चा भएको थियो ।

कवि कृष्ण 'इच्छुक' नेपाली साहित्यको प्रगतिवादी कविताको फाँटमा क्रान्तिकारी कविता लेखेर शोषक-उत्पीडनका विरुद्ध आवाज उठाउँदै वर्गीय मुक्तिका पक्षमा निरन्तर लागिपर्ने साहित्यिक व्यक्तित्व हुन् । सदीऔँदेखिको सामन्ती चिन्तनलाई भत्काएर जनवादी व्यवस्था स्थापनाका लागि लागिपरेका राजनीतिक व्यक्तित्व, क्रान्तिकारी पत्रकार व्यक्तित्वका साथै सामाजिक सांस्कृतिक व्यक्तित्वका रूपमा समेत स्थापित छन् । साहित्यिक व्यक्तित्वकै सेरोफेरोमा अन्य उनमा व्यक्तित्व पनि मिसिएको छ । आफ्नो सिद्धान्त र वैचारिक पक्षलाई सतिसालझैँ उभ्याएर आफ्नो कलमका माध्यमबाट यथास्थितिको विरोध गर्दै आमूल परिवर्तनका लागि आवाज उराल्ने प्रखर प्रगतिवादी कवि, क्रान्तिकारी पत्रकार व्यक्तित्वका रूपमा इच्छुकको समग्र व्यक्तित्व निर्मित भएको छ ।

[८] सम्पादक, "कृष्ण सेन 'इच्छुक' को संझनामा", **प्रलेस**, (वर्ष ७, पूर्णाङ्क १३, २०५९ फागुन), पृ. ५-६ ।

# चौथो परिच्छेद

# कवि कृष्ण सेन 'इच्छुक' को साहित्यिक यात्राको अध्ययन

## ४.१ साहित्य-यात्राको आरम्भ र पृष्ठभूमि

कवितामा कवि कृष्ण सेन 'इच्छुक' को सानैदेखि रुचि थियो । उमेरका दृष्टिले पन्ध्र-सोह्र वर्षको उमेरदेखि नै उनले कविता लेख्न आरम्भ गरेका हुन् ।[1] विद्यालय जीवनदेखि नै कविता लेखन-कार्यमा लागे पनि उनका त्यस समयमा लेखिएका सिर्जनाले प्रकाशनको अवसर पाएनन् । इच्छुकको पहिलो प्रकाशित कविता 'भोलिप्रति' हो । यो कविता २०३३ सालमा 'मातृभूमि' साप्ताहिकमा प्रकाशित छ ।[2] इच्छुकका बारेमा लेखिएका लेखरचना, समीक्षा र समालोचनामा २०३२ साल भनिएको छ तर यो सत्य होइन । पहिलो कविता 'भोलिप्रति' सँगै उनको 'समस्तका एक रूप हामी' अर्को कविता पनि प्रकाशित छ ।[3] यसपछि नै इच्छुक औपचारिक रूपले लेखनक्षेत्रमा देखा परेका हुन् । कविता-काव्यमा बढी क्रियाशील इच्छुकको कलम पत्रकारितामा पनि जमेको छ । खासगरी कवि इच्छुक २०३५-३६ सालको विद्यार्थी आन्दोलनपछि कवितालेखनमा बढी सचेत र सक्रियताका साथ प्रतिबद्ध भएर लागेका थिए । शोषण, दमन, अन्याय, अत्याचार र उत्पीडनका विरुद्ध वर्गीय मुक्तिको आशासहित क्रमिक रूपमा कविता-काव्य लेख्दै गए । उनको हत्या हुनुअघिसम्म पनि उनी साहित्य, राजनीति र पत्रकारिताभन्दा टाढा थिएनन् । साहित्यका विविध विधाहरूमध्ये उनलाई प्रिय लागेको विधा कविता भएकाले लेखनयात्राको आरम्भदेखि नै कवितातर्फ बढी क्रियाशील भएका हुन् । उनले सुरुसुरुमा फुटकर कथा र निबन्धहरू पनि लेखे तर निरन्तरता र साधना भने कवितामै रहेको छ । पत्रलेखनमा पनि इच्छुकको कलम क्रियाशील रहेको देखिन्छ ।

---

[1] कृष्ण सेन 'इच्छुक', "हामीहरू यात्रामा फेरि सँगसँगै कलम उठाउने छौं", **कलम**, (वर्ष ९, अङ्क १ पूर्णाङ्क २८, २०५७ मङ्सिर-माघ), पृ. ३६-३९ ।

[2] कृष्णबहादुर सेन 'इच्छुक', "भोलिप्रति", **मातृभूमि**, (वर्ष ९, अङ्क २७, २०३३ असार), पृ. ६ ।

[3] ऐजन् ।

## ४.२ लेखनका लागि प्रेरणा र प्रभाव

कवि कृष्ण सेन 'इच्छुक' को लेखनको प्रेरणा कुनै व्यक्तिविशेष नभएर वातावरण बनेको छ । उनी पढ्ने दाङ जिल्लाको लालमटियास्थित श्री सरस्वती हाइस्कुलको साहित्यिक वातावरण र उनलाई पढाउने शिक्षकहरू नै उनका प्रेरणाका स्रोत हुन् । तर उनलाई सचेत रूपले साहित्यमा लाग्न र अघि बढ्न उनका रचनाहरू प्रकाशित गरेर प्रगतिशील साहित्यिक फाँटमा इच्छुकलाई उभिन लगाउने व्यक्तिको नाम लिनु पर्दा उनी नारायणप्रसाद शर्माको नाम लिन्छन् । शर्मालाई इच्छुक नारायण गुरु पनि भन्ने गर्दथे । नारायणप्रसाद शर्माबाट नै उनी साहित्यिक यात्रामा प्रभावित र अभिप्रेरित हुन पुगेका हुन् ।[४] इच्छुकलाई मनपर्ने साहित्यकार लक्ष्मीप्रसाद देवकोटा, गोपालप्रसाद रिमाल, भूपि शेरचन, पारिजात, खगेन्द्र सङ्ग्रौला र विदेशी साहित्यकारहरूमा एन्टन चेखब, माक्सिम गोर्की, मुक्तिबोध, अवतारसिंह पास, पाब्लो नेरुदा आदि हुन् ।[५] समयको गतिशीलतासँगै समाज र राष्ट्रिय-अन्तर्राष्ट्रिय राजनीतिक माहोलमा परिवर्नतन पनि आइरहन्छ । त्यसको प्रत्यक्ष-अप्रत्यक्ष प्रभाव कवि-लेखकमा पर्नु स्वाभाविकै हो । जीवनयात्राका क्रममा भोगेका अनुभूति, अनुभव र अध्ययनले दृष्टिकोण बन्नु र त्यसको प्रभाव सिर्जनामा पोखिनु अन्यथा होइन । गरिबी, अभाव र विपन्नताका बीच हुर्कँदै, समाजमा ठूलाठालु, शोषकफटाह, धनीमानीका रवाफ हेर्दै, उत्पीडनका पीडा खप्दै, गरिबमाथि भएको अन्याय र अत्याचार देख्दै विद्रोही र वर्गीयमुक्तिका पक्षपाती बनेका इच्छुकको कवि-मनलाई बाहिरी वातावरणले पनि प्रभाव पारेको छ ।

## ४.३ कवि कृष्ण सेन 'इच्छुक' को साहित्यिक यात्राको चरण-विभाजन

वि.सं. २०३३ देखि नै औपचारिक रूपमा कविता लेखन र प्रकाशनमा देखा परेका कवि इच्छुकको साहित्यिक यात्रा लगभग साढे दुई दशकको छ । उनको साहित्यिक सिर्जना-यात्रालाई केलाउँदा विद्यार्थीकालदेखि नै कवितालेखनमा होमिएका

---

[४] कृष्ण सेन 'इच्छुक', "हामीहरू यात्रामा फेरि सँगसँगै कलम उठाउने छौं", **कलम,** (अङ्क १, पूर्णाङ्क २८, २०५७ मङ्सिर-माघ), पृ. ३६-३९ ।

[५] हेर्नू परिशिष्ट.........।

इच्छुकले आफ्नो जीवनको अन्तिम समयसम्म पनि कवितामा सक्रियता देखाएका थिए । मार्क्सवादी कला-साहित्यको सौन्दर्य र कम्युनिस्ट विचारधाराको प्रभावबाट कविता सिर्जनामा लागेका कवि इच्छुकको कवितायात्रा विभिन्न मोड र चरणहरूमा विकसित हुँदै आएको छ । वि.सं. २०३३ देखि २०५९ सम्म अनवरत कविता सिर्जनामा सक्रिय इच्छुकको कवितायात्रालाई निम्नलिखित तीन चरणमा विभाजन गरेर अध्ययन गर्न सकिन्छ ।

(१) पहिलो चरण वि.सं. २०३३ देखि २०४६ सम्म

(२) दोस्रो चरण वि.सं. २०४७ देखि २०५२ माघसम्म

(३) तेस्रो चरण वि.सं. २०५२ फागुनदेखि २०५९ सम्म

कवि कृष्ण सेन 'इच्छुक' को कवितायात्रालाई यी तीन चरणमा विभाजन गर्दा राजनीतिक घटनाक्रमको मोडलाई आधार मानिएको छ । उनी राजनीतिमा पनि प्रत्यक्ष संलग्न व्यक्तित्व भएकाले सिर्जनामा पनि त्यसको प्रभाव परेको छ । यी चरणमा उनको कवितायात्रा कसरी अगाडि बढ्यो ? के-कस्ता विशेषताहरू देखिए ? र के-कति कृतिहरू लेखिए यसको निरूपण चरणगत अध्ययनमा गरिएको छ । मूलतः इच्छुक कवि व्यक्तित्व भए पनि उनका व्यक्तित्वका पाटाहरू राजनीति, पत्रकारिता र संस्कृतिसँग गाँसिएको छ । राजनीतिक परिस्थितिको उतारचढावले उनको साहित्यिक र सिर्जनयात्रामा पनि प्रत्यक्ष प्रभाव पारेको देखिन्छ । वर्गसङ्घर्षको टक्करमा शोषण, दमन, उत्पीडनका विरुद्ध वर्गीय मुक्ति र वैचारिक लडाइँलाई कलममा साटेर सिर्जनामा प्रतिबिम्बित उनका विशेषता र योगदानलाई केलाउने प्रयास गरिएको छ ।

## ४.३.१ पहिलो चरण वि.सं. २०३३ देखि २०४६ सम्म

कवि इच्छुक विद्यालय जीवनको पन्ध्र/सोह्र वर्षको उमेदेखि नै कविता-लेखनमा लागेका छन् । प्रकाशनका दृष्टिले कविता-यात्राको आरम्भ वि.सं. २०३३ देखि भएको हो । वि.सं. २०३३ असार १६ गतेको 'मातृभूमि' साप्ताहिक (वर्ष ९, अङ्क २७) मा प्रकाशित 'भोलिप्रति' र 'समस्तका एकरूप हामी' शीर्षकका दुईवटा कविताबाट नै इच्छुकको कवितायात्राको औपचारिक थालनी भएको देखिन्छ । यस चरणको अन्तिम

समयबिन्दु २०४६ को पञ्चायती शासनविरुद्धको जनआन्दोलनसम्म हो । कविता-लेखनको पहिलो चरणमा वि.सं. २०३० देखि २०३२ को समय अभ्यास र साधनामा बितेको छ । एस.एल.सी उत्तीर्णपछि लगत्तै जागिरे जीवन सुरु हुन्छ । राजनीतिक सङ्गठनसँगको आबद्धता र वैचारिक प्रतिबद्धताका कारण उनको चेतनास्तर फराकिलो भइसकेको हुँदा आभ्यासिक कालमा लेखिएका कविता प्रकाशन गर्ने हिम्मत उनले गरेका छन् । यस चरणका रचनालाई जीवनको प्रभातकालका ओजपूर्ण कविताका रूपमा लिन उचित हुन्छ । वि.सं. २०३८ मा 'त्रिकोण' मा प्रकाशित 'त्यो प्यारो-प्यारो पहाडी गाउँको नाम थवाङ हो' कविता प्रकाशन हुँदा उनी प्रगतिवादी कविमा दह्रिसकेका थिए । पहिलो चरणको अन्तिम समयबिन्दु २०४६ सालसम्म आइपुग्दा 'इतिहासको यस घडीमा' कविता लेखेर गतिशील यथार्थको प्रतिबिम्बन दिएका छन् । यस चरणमा कवि इच्छुक सवा पाँच वर्ष जेल-जीवन बिताउन बाध्य भए । २०४२ सालमा सहिद मित्रमणि आचार्यको हत्या भएपछि जेलमा नै उनले 'शोकाञ्जली' शोककाव्य लेखेका छन् जुन दोस्रो चरणमा प्रकाशित छ । यस चरणका उनका फुटकर कविताहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित छन् ती कविताहरूको सूची यसप्रकार छ :

| **क्र.सं.** | **शीर्षक** | **प्रकाशनकाल** | **प्रकाशनस्रोत** |
|---|---|---|---|
| १ | भोलिप्रति | २०३३ असार १६ | मातृभूमि ९ : २७ |
| २ | समस्तका एकरूप हामी | ऐजन् | ऐजन् |
| ३ | एउटा लाहुरेको परदेशबाट घर फर्कने अठोट | २०३४ पुस १ | युगबोध २ : ११ |
| ४ | नयाँ साल, समयको हस्ताक्षर | २०३४ चैत्र १६ | युगबोध २ : १८ |
| ५ | शुभ-कामना | २०३५ भाद्र १ | युगबोध ३ : ३ |
| ६ | मेरो पश्चात्तापपछिका केही सुस्केराहरू | २०३५ कार्त्तिक १६ | युगबोध ३ : ८ |
| ७ | हामी विश्वस्त छौं | २०३६ जेठ १६ | युगबोध ३ : २२ |
| ८ | त्यो प्यारो प्यारो गाउँको नाम थवाङ हो | २०३८ | त्रिकोण १ : ५ |
| ९ | आइती | २०३९ | वेदना |
| १० | प्रिय कमरेड | २०३९ | वेदना १० : २४-२६ |
| ११ | बाध्यता | २०३९ | चर्चा १२ : ४२ |

| | | | |
|---|---|---|---|
| १२ | यो घाम पनि रापिएर तातो तातो छ आज | २०३८-४० | सेरोफेरो ५ : १ |
| १३ | लाहुरे | २०३८-४० | ऐजन् |
| १४ | प्यालेस्टिनी मित्रहरूका नाममा | २०४० | राप्ती सन्देश |
| १५ | जनताको ढाल वा वैरीको अचानो | २०४० | आवाज |
| १६ | झुल्केको घामका राता किरणहरू | २०४१ | वेदना ११ : २९-३० |
| १७ | पर्खालभित्रबाट तिमीलाई सम्झँदा | २०४३ | मधुमास ४ : ११-१२ |
| १८ | बेन्जामिन मोलाइसको सम्झनामा | २०४५ | योजना ७ : २२ |
| १९ | तिमी | २०४५ | योजना ७ : १ |
| २० | कान्छी, भट्टी र देश | २०४५ | उत्साह |
| २१ | भाउजू | २०४६ | वेदना १० : ४५-४७ |

पहिलो चरणमा कृष्ण सेन 'इच्छुक' का झन्डै दुई दर्जन कविताहरू प्रकाशित छन् । यस चरणमा लेखिएका तर प्रकाशित नभएका उनका कविता दोस्रो चरणमा प्रकाशित छन् । २०४२ सालमा जेल-जीवन बिताउँदा उनले 'शोकाञ्जली' शोककाव्य लेखेका छन् । पहिलो चरणका कविताहरू संरचनाका दृष्टिले मझौलादेखि लामा आयामसम्मका छन् । कवितामा परिवर्तनप्रतिको आशावाद, भोलिको स्वर्णिम भविष्यप्रतिको, विश्वास, वर्गदुस्मनलाई चुनौती, माटाको माया, प्रगतिशील चेतनाको जीवन्त प्रस्तुति झल्किएको छ । २०३५/०३६ को अवधिमा विद्यार्थी आन्दोलन, जनमत सङ्ग्रह र २०४६ सालको जनआन्दोलन जस्ता राजनीतिक घटनाक्रम देखिएको छ । फुटकर रूपमा प्रकाशित सिर्जनाहरूले उनको साहित्यिक यात्रालाई अग्रगति प्रदान गरेको छ । कविता लेखन र प्रकाशनका दृष्टिले यस चरणलाई उर्वर मान्नु पर्छ । पञ्चायती व्यवस्थाको निरङ्कुशता आलोच्य बनिसकेको थियो । पहिलो चरणमा उनी छ वर्ष जेलमा रहेका थिए । परिवर्तनको चाहना, स्वतन्त्रताको आकाङ्क्षा, जनअधिकार प्राप्तिको इच्छा स्रष्टाहरूका समसामयिक साझा प्रवृत्ति बन्न गए । इच्छुकका सिर्जनामा पनि यी प्रवृत्तिहरू विकसित भएको पाइन्छ । इच्छुकले आफ्ना कवितामा सशक्त संवेगभन्दा वैचारिक प्रबलताको उदाहरण पस्केका छन् ।

कविता-यात्राको पहिलो चरणमा नै इच्छुकले वर्गसङ्घर्षको भावधारालाई सशक्त रूपमा कलात्मक प्रतिबिम्बन गरेका छन् । नेपाली समाजको गरिबीको चित्रण

र जनातका दु:खकष्टलाई कविताको विषय बनाएका छन् । आफ्ना सहयोद्धाप्रतिको श्रद्धाभाव, राष्ट्रिय स्वाधीनता र अन्तर्राष्ट्रियतावादी भावनालाई समेटेका छन् । उनको कलम जनआन्दोलन र जनदबाबको सिर्जनामा विद्रोहको आवाज बनेर प्रस्तुत भएको छ । समग्रमा कवि इच्छुकको कविता-यात्राको पहिलो चरण खारिएर वर्गीय मुक्ति आन्दोलनमा योगदान दिने हैसियतमा पुगेको छ ।

### ४.३.२ दोस्रो चरण वि.सं. २०४७ देखि २०५२ माघसम्म

कवि कृष्ण सेन 'इच्छुक' को कविता-यात्राको दोस्रो चरण वि.सं. २०४७ देखि २०५२ माघसम्म जनयुद्ध प्रारम्भ हुनुअघिको समयलाई मानिएको छ । पहिलो चरणमा ६ वर्ष जेल-जीवन बिताएका कवि इच्छुक यस चरणमा खुला समाजमा रहेका छन् । २०४६ सालको जनआन्दोलनपछि जनताले धेरै अपेक्षा गरेका थिए । व्यवस्था परिवर्तन भए पनि जनताको अवस्था परिवर्तन भएन, अपेक्षा पूर्ति भएनन्, जनआन्दोलनको अनुभूति 'हाता लाग्यो शून्य' सरह भएको यथार्थलाई यस चरणका कवितामा प्रतिबिम्बन र अङ्कन गरेका छन् । २०४२ सालमा जेलभित्रै लेखिएको 'शोकाञ्जली' शोककाव्य पहिलो प्रकाशित कृतिका रूपमा यस चरणमा प्रकाशित भयो । बहुदल आइसकेपछि पनि जनता र उनीहरूले चलाएका आन्दोलनहरूमाथि दमन गर्ने प्रक्रिया र विभिन्न अप्रेसनहरू भए त्यसका विरुद्धमा उनले आफ्नो कलमलाई क्रियाशील राखेका छन् । उनको पत्रकार र सांस्कृतिक व्यक्तित्व पनि यस चरणमा प्रखर रूपमा देखिएको छ । दोस्रो चरणमा पनि कवि इच्छुकका फुटकर कविताहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित छन् ती कविताहरूको सूची यसप्रकार छ :

| क.सं. | शीर्षक | प्रकाशनकाल | प्रकाशनस्रोत |
|---|---|---|---|
| १ | जेल | २०४७ | उत्साह |
| २ | ओ, मेरो देश : मेरो प्यारो भूमि | २०४७ | आन्दोलन कविता-सङ्ग्रह |
| ३ | बन्दी सुगा र उन्मुक्तिको चाहना | २०४८ | वेदना |
| ४ | बहिनीको सम्झनामा | २०४८ | जनसाहित्य १ : २ |
| ५ | मेरो देशको शिशु प्रजातन्त्र | २०४९ | जनादेश २ : १६ |
| ६ | माछो माछो भ्यागुतो | २०४९ | जनादेश २ : २९ |
| ७ | नवजात छोरीसँग | २०५० | अन्तर्ध्वनि २७ : ३ |
| ८ | हाता लाग्यो शून्य ! | २०५० | जनदीप |
| ९ | दार्बोटको जङ्गलमा | २०५१ | कलम २ : ४ |
| १० | बर्मझिया | २०५१ | कलम ३ : ७ |
| ११ | तिम्रा युद्ध र बन्दुकहरूका विरुद्ध | २०५२ | कलम ३ : १० |

दोस्रो चरणको पाँच वर्षको अवधिमा कवि कृष्ण सेन 'इच्छुक'का एक दर्जन कविताहरू विभिन्न पत्र-पत्रिकाहरूमा प्रकाशित छन् । यस चरणमा लेखिएका र प्रकाशित भएका कविताहरू सङ्ग्रहका रूपमा तेस्रो चरणमा आएका छन् । दोस्रो चरणमा इच्छुकको 'शोकाञ्जली' (२०४८) शोककाव्य प्रकाशित छ । काव्यमा संवेदना र अनुभूतिहरूको तीव्रतम अभिव्यक्ति छ । करुणा र वीरत्वको द्वन्द्वात्मक एकत्वको भाव छ । दुःखान्त चेतनाको प्रस्तुतिले शोककाव्यलाई गहन बनाएको छ । विषयवस्तु र कलाको संयोजनले शोधलाई साहसमा बदल्ने सामर्थ्य प्रस्तुत गरेको छ । यस चरणका फुटकर कविताहरुले युगबोधको मर्मलाई टिपेका छन् । २०४६ सालको जनआन्दोलन सफल भएपछि बहुदलीय संसदीय व्यवस्थाको पुनर्स्थापना भयो । जनआकाङ्क्षा र जनचाहनाअनुसार सरकार नचल्दा विभिन्न विकृति र विसङ्गति देखिए त्यसको भन्डाफोर उनले कवितामार्फत् गरेका छन् । जनआन्दोलनको अपेक्षाअनुसार जनताले अनुभूति गर्न नसकेको तथ्य उजागार गरेका छन् । पहिलो चरणमा इच्छुक जेलमा बस्न बाध्य थिए । यस चरणमा जेलबाहिर रहँदा पनि जेलकै अनुभूति भएको कुरा 'जेल' कवितामार्फत् प्रस्तुत गरेका छन् । 'बन्दी सुगा र उन्मुक्तिको चाहना' कविता पनि यसैको उपज हो । प्रजातन्त्र आए पनि स्वतन्त्रता नभएको कुरा 'मेरो देशको शिशु

प्रजातन्त्र', 'माछो माछो भ्यागुतो' र 'हाता लाग्यो शून्य !' कवितामा उल्लेख गरेका छन् । यस चरणका कविता थोरै भए पनि ओभ्फपूर्ण छन् । उनको वैचारिक प्रखरता माभ्फिएको छ । वर्गीय चेतना फराकिलो भएको छ । सामाजिक वर्गविभेदको विरोध, वर्गीय पक्षधरता, राष्ट्रियता, देशप्रेम, वर्गप्रेम, क्रान्तिकारी भावना र विद्रोही चेतना स्पष्ट रूपमा कवितामा अभिव्यक्त भएका छन् । शासनसत्ताले लादेको दमनका विरुद्ध सशक्त ढङ्गमा कवि उत्रेका छन् । दोस्रो चरणका कविताले कवि इच्छुकको मार्क्सवादी विचारधारा र प्रगतिवादी चेतनाको क्षितिजलाई अभ्फ फराकिलो बनाएको छ ।

### ४.३.३ तेस्रो चरण वि.सं. २०५२ फागुनदेखि २०५९ सम्म

कवि कृष्ण सेन 'इच्छुक'को कविता-यात्राको तेस्रो चरण वि.सं. २०५२ फागुनदेखि २०५९ सम्मको अवधिलाई मानिएको छ । नेकपा माओवादीको नेतृत्वमा २०५२ साल फागुन १ गतेबाट सशस्त्र जनयुद्धको थालनी भएदेखि उनको हत्यासम्मको अवधिलाई तेस्रो चरणका रूपमा राखिएको छ । तेस्रो चरणमा इच्छुकका अधिकांश फुटकर कविताहरू प्रकाशन भएका छन् । कृतिगत रूपमा पहिलो र दोस्रो चरणमा लेखिएका र प्रकाशित भएका साथै केही नयाँ कविताहरूसहित 'इतिहासको यस घडीमा' (२०५६) कविता-सङ्ग्रह प्रकाशित भएको छ । यस चरणमा पनि कवि 'इच्छुक' भ्फन्डै दुई वर्ष विभिन्न जेलहरूमा बस्न बाध्य भए । जेल बसाइकै क्रममा उनले 'बन्दी र चन्द्रगिरि' (२०५७) लामो कविता लेखेका छन् । फुटकर कवितादेखि काव्यकृति प्रकाशनका दृष्टिले तेस्रो चरणलाई सर्वाधिक उर्वर चरणका रूपमा हेरिएको छ ।

सशस्त्र जनयुद्धको सुरुवातसँगै दमन र प्रतिरोध सिर्जना भयो । कवि इच्छुकले दमनको विरोध र स्वतन्त्रताका साथै मुक्तिका पक्षमा कविता लेखेका छन् । जनयुद्धद्वारा उद्घाटित नयाँ यथार्थलाई आफ्ना कवितामा सशक्त रूपमा प्रस्तुत गरेका छन् । युद्धका क्रममा देखिएका वीरता, त्याग र उत्सर्गका गाथालाई समेट्दै विशिष्ट भू-भागहरूको यथार्थ चित्रण यस चरणका कवितामा उल्लेख छन् । चस चरणमा कविले जेलमा बन्दी जीवन बिताएकाले स्वतन्त्रता र उन्मुक्तिको चाहना कवितामार्फत् अभिव्यक्त गरेका

छन् । दमनको अभियानलाई चुनौती दिँदै त्यसका विरुद्ध सङ्घर्ष गर्न क्रान्तिकारी दृढता र मुक्तिको महान् आदर्श कवितामा पाइन्छन् । कविले बालबालिकालाई विषय बनाएर स्नेहभाव पोखेका छन् । उनले आफ्नो कविता-यात्राको प्रभातकालदेखि नै विचारलाई कलामा रूपान्तरण गरेका छन् । गरिब समुदायका दुःख-कष्ट, वेदनाका स्वर र भावना श्रमिक तथा उत्पीडित वर्गका आवाजलाई कवि इच्छुकले कवितामा प्रतिबिम्बन गरेका छन् । वर्गीय स्वरमा स्पष्ट र वर्गमुक्तिका लागि सङ्घर्षको आवाज घनीभूत बनाउने कवि इच्छुकका यस चरणमा प्रकाशित फुटकर कविताहरूको सूची यसप्रकार छ ।

| **क.सं.** | **शीर्षक** | **प्रकाशनकाल** | **प्रकाशनस्रोत** |
|---|---|---|---|
| १ | सेतु जैसीको घर | २०५३ | कलम ४ : ११ |
| २ | घोमपाल | २०५३ | वेदना |
| ३ | पुर्खे सुनारकी आमा | २०५३ | जनादेश ५ : ३४ |
| ४ | यक्ष प्रश्न | २०५३ | कलम ४ : १३-१४ |
| ५ | सलाम जेलवाङ | २०५४ | कलम ५ : १७ |
| ६ | गोचाली | २०५४ | संश्लेषण १ : १ |
| ७ | सिम्ठारो धान | २०५५ | जनमत १५ : ५-६ |
| ८ | बन्दी छोराको पत्र | २०५५ | योजना १६ : ३८ |
| ९ | प्रतिबन्ध | २०५५ | जनादेश ८ : १३ |
| १० | मेरी छोरी | २०५६ | जनादेश ९ : २ |
| ११ | कैदी | २०५६ | सङ्गिन १६ : ३ |
| १२ | पीपल बोट | २०५७ | - |
| १३ | कारागारको छतमाथि चढेर | २०५७ | महिमा १७ : २७ |
| १४ | अस्वीकार | २०५७ | जनादेश ९ : २६ |
| १५ | पोखरी र कारागार | २०५७ | जनएकता ५ : ४६ |
| १६ | तिम्रो र हाम्रो संसार | २०५७ | जनादेश ९ : ४३ |
| १७ | कमैया दुःखीरामलाई प्रश्न | २०५७ | मूल्याङ्कन १८ : ८० |
| १८ | बालबन्दी मिर्ची | २०५७ | जनादेश ९ : ५० |
| १९ | एउटा गाउँलेको डायरी | २०५७ | जनादेश १० : ३ |

| | | | |
|---|---|---|---|
| २० | जेरुसलम | २०५७ | जनएकता ६ : १४ |
| २१ | चिनियाँ कवि चङच्ह्प्रति | २०५७ | जनादेश १० : ११ |
| २२ | आदिवासी दिवस र भिखारीदास सादा | २०५६/०५७ | कलम ८ : २६-२७ |
| २३ | प्यारो मधेशप्रति | २०५७ | जनादेश १० : १८ |
| २४ | दिदी शान्तालाई | २०५७ | जनआह्वान ४ : १६ |
| २५ | सक्छौ भने समयलाई रोक | २०५८ | साहित्य सन्ध्या १ : ६ |
| २६ | सिंहदरबार अगाडि नारा लाइरहेकी फूलमति | २०५८ | जनएकता ६ : २९ |
| २७ | अजम्बरी सपना | २०५८ | कलम ९ : ३० |
| २८ | लालमटियाको सम्झना | २०५८ | नवकविता ५२ |
| २९ | म अहिले निराश छैन | २०५८ | जनएकता ७ : २४ |
| ३० | आङ सान सुकी | २०५८ | मूल्याङ्कन २० : ९४ |
| ३१ | यात्रामा हिँड्दा हिँड्दै | २०५८ | जनएकता ७ : ३० |
| ३२ | कसरी भनूँ ! | २०५८ | जनधारणा १० : ३४ |
| ३३ | सहिद | २०५८ | जनधारणा १० : ३४ |
| ३४ | भविष्य | २०५९ | पूर्वेली धुन १ : १ |
| ३५ | उत्तरतिर | २०५९ | वेदना २९ : ६५ |
| ३६ | रोगीदेश | २०५९ | वेदना २९ : ६६ |

कवि कृष्ण सेन 'इच्छुक'ले तेस्रो चरणमा आइपुग्दा प्रकाशित र केही पूर्व चरणमा रचित कविताहरूलाई सङ्ग्रहको रूप दिएर 'इतिहासको यस घडीमा' (२०५६) कविता-सङ्ग्रह प्रकाशित गरेका छन् । सङ्ग्रहमा 'तिमी र तिम्रो पसिना' (२०४१), 'काठमाडौँ मेरो देशको राजधानी' (२०४५) र 'इतिहासको यस घडीमा' (२०४६) कवितालाई समावेश गरेका छन् । २०४६ चैत्रमा लेखिएको कविता 'इतिहासको यस घडीमा' लाई सङ्ग्रहको नामाकरणमा राखेका छन् । उनको 'पर्खालभित्रका बन्द आवाजहरू' कविता-सङ्ग्रह तयार भए पनि हराएका कारण प्रकाशित हुन सकेन ।

तेस्रो चरणको ७ वर्षको अवधिमा कवि कृष्ण सेन 'इच्छुक'का तीन दर्जन कविता विभिन्न पत्र-पत्रिकाहरूमा प्रकाशित भएका छन् । कविता-यात्राको यस चरणमा उनको 'इतिहासको यस घडीमा' (२०५६) कविता-सङ्ग्रह प्रकाशित छ ।

जसमा पहिलो र दोस्रो चरणमा प्रकाशित कविताहरू र केही नयाँ कविता सङ्गृहीत छन् । यस चरणमा नै इच्छुकको 'बन्दी र चन्द्रगिरि' (२०५७) लामो कविता प्रकाशन भएको छ । यसलाई काव्यका रूपमा पनि समालोचकहरूले समीक्षा गरेका छन् । फुटकर कविता, कृतिगत रूपमा कविता-सङ्ग्रह र काव्य प्रकाशन गरेर कवि इच्छुकले आफ्नो कवि व्यक्तित्वलाई नेपाली प्रगतिवादी कविताका क्षेत्रमा स्थापित गराएका छन् । लेखन र प्रकाशनका दृष्टिले यस चरणलाई अत्यन्तै उर्वर चरणका रूपमा हेर्न सकिन्छ । वि.सं. २०५२ देखि २०५९ सम्मको राजनीतिक घटनाक्रम हेर्दा यो अवधि उथलपुथलको समय हो । बुहदलीय व्यवस्थाबाट उत्पन्न समस्या र त्यसबाट समाजमा परेको असर, सशस्त्र जनयुद्धको थालनी र यसले समाजमा पारेको प्रभावका बारेमा यस चरणका कविता र काव्यकृतिमा प्रतिबिम्बन पाइन्छ ।

कवि कृष्ण सेन 'इच्छुक' ले यस चरणमा जनयुद्धद्वारा उद्घाटित नयाँ यथार्थ, युद्धका क्रममा देखिएका वीरता, त्याग र उत्सर्गका गाथालाई कवितामा समेटेका छन् । दमनका विरुद्ध सङ्घर्षको चुनौती दिँदै स्वतन्त्रता र उन्मुक्तिको गायन गरेका छन् । आफ्नो आस्था, विश्वास र विचारलाई कलामा रूपान्तरण गर्दै श्रमिक र उत्पीडित समुदायका पक्षमा वर्गीय वकालत गरेका छन् । यस चरणका कवितामा क्रन्तिकारी र विद्रोही चेतना, मार्क्सवादी सौन्दर्य शास्त्रीय चिन्तनका साथै प्रतिबद्ध राजनीतिक आस्था र चिन्तन मुखरित भएका छन् । यसरी कविता-यात्राको तेस्रो चरणसम्म आइपुग्दा कवि इच्छुकले सङ्ख्यात्मक दृष्टिले अनेक कविता-काव्यकृतिहरू प्रस्तुत गरेका छन् । उनको प्रगतिवादी कविताकला पनि खारिँदै र माझिँदै चम्किलो बनेको छ ।

## ४.४ कविता विधाबाहेक अन्य विधाको अध्ययन

कवि कृष्ण सेन 'इच्छुक' मूलतः कविता विधामा नै क्रियाशील व्यक्तित्व हुन् । साहित्यिक यात्राको सुरुसुरुमा फुटकर कथा तथा निबन्धहरू पनि लेखेका छन् । वि.सं. २०३४ चैत्र १६ गतेको युगबोध पाक्षिकमा उनको 'मुखै दोखी यो पेटै दोखी' निबन्ध

प्रकाशित छ । तर उनको निरन्तरता र साधना बढीभन्दा बढी कविता विधा मै रह्यो ।[६] अन्य विधाको अध्ययनका क्रममा इच्छुकद्वारा लिखित केही सांस्कृतिक लेख, निबन्ध, अनुभूतिपरक संस्मरण, कलाकृतिसम्बन्धी भूमिका, अन्तर्वार्ता, चिठी र अनुवाद रहेका छन् । चिठी-लेखनमा उनको गहिरो रुचि थियो । गद्य लेखनको भोक चिठी मार्फत् अभिव्यक्त गर्ने कुरा उल्लेख गरेका छन् । उनको गद्य लेखनमा बहुआयामिक पाटाहरू रहेका छन् । जसलाई निम्नअनुसार प्रस्तुत गरिएको छ :

## ४.५ साहित्य–कलासम्बन्धी लेखहरू

कवि कृष्ण सेन 'इच्छुक'ले पत्रकारितालाई पेसाका रूपमा हेरेका छन् । साहित्य, कला र सांस्कृतिक क्षेत्रमा आफ्नो कलमलाई क्रियाशील बनाउँदै साहित्य-कलासम्बन्धी लेखहरू प्रकाशन गरेका छन् । उनका प्रकाशित लेखहरूलाई यसप्रकार सूचीकृत गरिएको छ :

| क.सं. | शीर्षक | प्रकाशनकाल | प्रकाशनस्रोत |
|---|---|---|---|
| १ | पारिजात : भेट एक प्रसङ्ग अनेक -१ | २०४९ | जनादेश २ : ४ |
| २ | पारिजात : भेट एक प्रसङ्ग अनेक - २ | २०४९ | जनादेश २ : ५ |
| ३ | पारिजात : भेट एक प्रसङ्ग अनेक - ३ | २०४९ | जनादेश २ : ६ |
| ४ | म आफूलाई नक्सालवादी आन्दोलनको सन्तान मान्दछु कञ्चन कुमार - १ | २०५२ | जनादेश ४ : ४२ |
| ५ | म आफूलाई नक्सालवादी आन्दोलनको सन्तान मान्दछु कञ्चन कुमार - २ | २०५२ | जनादेश ४ : ४३ |
| ६ | कवि, सपना र तिनीहरूको यात्रा | २०५३ | जनादेश ४ : २४ |
| ७ | वनिजा फेरि छापामार बनिन् | २०५४ | कलम ६ : १ : १७ |
| ८ | प्रस्तावित कालो विधेयकका विरुद्ध लेखक-कलाकारहरूको ऐक्यबद्धता | २०५४ | जनादेश ६ : ४० |
| ९ | तीज, सडक नाटक र सडक कविता | २०५४ | जनादेश ६ : ४१ |
| १० | साहित्य, कला र संस्कृतिका दृष्टिमा माओ | २०५४ | जनादेश ७ : ९ |

[६] कृष्ण सेन 'इच्छुक', "हामीहरु यात्रामा फेरि सँगसँगै कलम उठाउने छौ", **कलम**, (वर्ष ९ अङ्क १, पूर्णाङ्क २८, मङ्सिर-माघ २०५७), पृ. ३६-३९ ।

| | | | |
|---|---|---|---|
| ११ | सांस्कृतिक फाँटमा संयुक्त मोर्चाको आवश्यकताबारे | २०५५ | जनादेश ७ : २३ |
| १२ | धवलागिरिलाई रोल्पाको एक सम्बोधन | २०५५ | जनादेश ७ : २६ |
| १३ | एउटा युवा जो अब गुमनाम रहने | २०५५ | जनादेश ७ : ३३ |
| १४ | विष्णु पोखेल : धौबिर्सनु मान्छे, धौबिर्सने नाम | २०५५ | जनादेश ७ : ४२ |
| १५ | सांस्कृतिक मोर्चा निमार्णमा उठेका प्रश्नहरूबारे | २०५५ | जनादेश ८ : १ |
| १६ | हाम्रो निष्ठाको अविराम यात्रा र हामी | २०५७-५८ | कलम ९ : २ : २९ |

कवि कृष्ण सेन ‘इच्छुक’ले साहित्य कलासम्बन्धी लेखहरूमा आफ्ना गहकिला र ओजपूर्ण विचार प्रस्तुत गरेका छन् । उनले अग्रज साहित्यकार पारिजातसँगको भेटलाई अनेक प्रसङ्गमा साहित्यसम्बन्धी धारणालाई केन्द्रित गरेका छन् । भारतीय साहित्यकार कञ्चन कुमारसँगको वार्तालाई कला-साहित्यमा रूपान्तरण गरी प्रस्तुत गरेका छन् । उनले सांस्कृतिक फाँटमा संयुक्त मोर्चाको आवश्यकता र मोर्चा-निर्माणमा उठेका प्रश्नहरूलाई विचारको कसीमा उल्लेख गरेका छन् । स्वयम् सहिद बनेका इच्छुकले सांस्कृतिक सदिहरूप्रति उच्च सम्मान र श्रद्धा गरेका छन् । उनले तेलुगू भाषाकी बहुचर्चित क्रान्तिकारी लेखिका वनिजाको प्रेरक प्रसङ्गलाई उल्लेख गरेका छन् । जनयुद्धको प्रक्रियामा सहिदहरूले खेलेको उल्लेखनीय भूमिका र उनीहरूको त्याग, वीरता र बलिदानको सार्थकता साथै सहिदको आदर्श र उत्प्रेरणालाई साहित्य-कलामा विश्लेषण गर्नु उनको सांस्कृतिक पक्ष बनेको छ । इच्छुकले समालोचना र सौन्दर्य चिन्तनका क्षेत्रमा मार्क्सवाद-लेलिनवाद र माओवादलाई आफ्नो सैद्धान्तिक आधार बनाएका छन् । कविता-काव्यमा आफ्नो साधना सिद्ध गर्ने इच्छुक पत्रकारितामा पनि आफ्नो कलमलाई क्रियाशील गराई साहित्य-कला र सांस्कृतिक लेखमा जमेका छन् । शब्द र कर्ममा तालमेल खोज्ने इच्छुक सिर्जनाअनुरूपको जीवन बाँच्ने सांस्कृतिक व्यक्तित्व हुन् । साहित्य, कला र सौन्दर्य चिन्तनका क्षेत्रमा भावनात्मक रूपान्तरणको प्रश्नले विशेष महत्त्व राख्दछ । इच्छुकको मान्यता छ, हामी आफू नबदलिईकन संसार फेर्ने महाअभियानको अग्निपरीक्षामा सफल उत्रन सकिँदैन । निचोडमा इच्छुक कलम बोक्ने सांस्कृतिक कर्मी हुन् ।

## ४.६ अनुवाद

कवि कृष्ण सेन ‘इच्छुक’सँग बहुभाषिक ज्ञान थियो । स्थानीय थारू भाषा, नेपाली भाषा, हिन्दी भाषा र अङ्ग्रेजी भाषामा उनको दखल थियो । इच्छुकले विभिन्न भाषाका कविता र लेखहरू नेपाली भाषामा अनुवाद गरेका छन् । उनले अनुवाद गरेका कविता र लेखहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित छन् जसको सूची यसप्रकार छ :

| क्र.सं. | शीर्षक | लेखक | प्र.का. | प्र.स्रो. |
|---|---|---|---|---|
| १ | लाल सेनाकी बूढी आमा | च्याङ्ग यु | २०५१ | कलम २ : ३ : ५ |
| २ | हतियारहरूका लागि आह्वानको भूमिका | लु सुन | २०५१ | कलम २ : ४ : ६ |
| ३ | प्रगतिशील साहित्यका युवा पाठकहरूसित | सत्यब्रत | २०५२ | कलम ३ : २ : ८ |
| ४ | लेखनबारे ध्यान दिनुपर्ने कुराहरू | माओ | २०५२ | जनादेश ४ : २५ |
| ५ | सङ्गीतका बारेमा | ए.ए. ज्दानोद | २०५२ | कलम ३ : ३ : ९ |
| ६ | हामी लड्ने छौं साथी | अवतारसिंह पास | ऐजन् | ऐजन् |
| ७ | कसाई | वरवर राव | २०५२ | कलम ३ : ४ : १० |
| ८ | एउटा गुरिल्ला योद्धाको कथन | हावियेर एराउद, पेरू | २०५३ | कलम ४ : १ : ११ |
| ९ | अदोलफ बेयाज बोनेको समाधिमाथि | अर्नेस्तो कार्देनाल, निकारागुआ | ऐजन् | ऐजन् |
| १० | तिनीहरू सबथोक गर्न तयार | बर्तोल्त ब्रेख्त, जर्मनी | ऐजन् | ऐजन् |
| ११ | वर्गीकृत विज्ञापन | दाबिस फेरनान्देस चेरिसियान, बुल्गेरिया | ऐजन् | ऐजन् |
| १२ | तेस्रो विश्वका बारेमा | दाबिस फेरनान्देस चेरिसियान, बुल्गेरिया | ऐजन् | ऐजन् |
| १३ | हामी मिहिनेत गर्नेले | फैज अहमद फैज, पाकिस्तान | ऐजन् | ऐजन् |
| १४ | तिनीहरू जिन्दगीको गीत गाउन दिदैनन् | नाजिम हिक्मत, टर्की | ऐजन् | ऐजन् |
| १५ | सङ्कल्प | उनेसिमा सिलवेटाई | २०५४ | कलम ५ : ३ : १६ |

| | | | | |
|---|---|---|---|---|
| १६ | चिसो हावा | हासे मारिया सिसौँ, फिलिपिन्स | ऐजन् | |
| १७ | बुरु द्वीप | महउदिन, इन्डोनेसिया | ऐजन् | ऐजन् |
| १८ | तराईको आन्दोलन र बङ्गला साहित्य, लेख | महाश्वेता देवी, भारत | ऐजन् | ऐजन् |
| १९ | सपना देख्नका निम्ति सुत्ने होइन दुनियाँ बदल्नका निम्ति सपना देख्नू | एन. वेणु गोपाल | २०५५ | जनादेश ७ : ४७ |
| २० | छाङसा नगर, कविता | माओ त्से तुङ | २०५५ | जनादेश ८ : ७ |
| २१ | मिलिसिया महिलाहरूको एउटा शब्दचित्र | ऐजन् | ऐजन् | ऐजन् |

कवि इच्छुकले विभिन्न देशका कविका कवितालाई नेपालीमा अनुवाद गरेर अन्तर्राष्ट्रिय कविताको स्वाद पस्केका छन् । आफू स्वयम् कवि भएकाले पनि कविताको मर्मलाई बोध गरेर सरल र भाषिक मिठासमा कविताको अनुवाद गर्न उनलाई सहज भएको छ । कविता, कथा, निबन्ध र लेखको नेपाली अनुवाद गरेर उनले आफ्नो अनुवादक व्यक्तित्वको छाप छोडेका छन् । साहित्य, कला र सङ्गीतका विषयमा लेखिएका लेखको पाठलाई नबिगारी मौलिक शैलीमा अनुवाद गरी उनले नेपाली भाषाका पाठकलाई गुन लगाएका छन् ।

## ४.७ अनुभूतिपरक संस्मरण

कवि कृष्ण सेन 'इच्छुक' पटक-पटक हिरासत, कारागार र जेल परे । जेल बसाइकै क्रममा उनले फुटकर कविता र काव्यहरू लेखेका छन् । जेलजीवनका अनुभूति र संस्मरणलाई लेखका रूपमा विभिन्न पत्र-पत्रिकामा प्रकाशन गरेका छन् । जसको सूची यस प्रकार छ :

| क.सं | शीर्षक | प्रकाशनकाल | प्रकाशनस्रोत |
|---|---|---|---|
| १ | म कलम बोक्ने सिपाही हुँ | २०५७ | जनएकता ६ : ३१ |
| २ | लेख्नका लागि लडौं, लड्नका लागि लेखौं | २०५७ | जनादेश १० : १८ |
| ३ | र म पनि गिरफ्तार भएँ | २०५७ | जनादेश १० : २० |
| ४ | जनसेवा प्रहरी कार्यालयदेखि हनुमानढोकासम्म | २०५७ | जनादेश १० : २१ |
| ५ | फेरि आँखामा कालोपट्टी बाँधियो | २०५८ | जनादेश १० : २२ |
| ६ | स्वाभीमानमाथि बज्रिएको पहिलो थप्पड | २०५८ | जनादेश १० : २४ |
| ७ | हाम्रो निष्ठाको अविराम यात्रा र हामी | २०५७-५८ | कलम ९ : २ : २९ |
| ८ | त्यो पीडा र गर्वानुभूतिजन्य साँझ | २०६४ | आस्था र निष्ठाका सतिसाल कृष्ण सेन 'इच्छुक' |
| ९ | हनुमान गेस्टहाउसदेखि भद्रबन्दीगृहसम्म | ऐजन् | ऐजन् |

प्रस्तुत अनुभूतिपरक संस्मरणमा कवि इच्छुकले हिरासत र जेल-जीवनका परिघटनाहरूलाई उल्लेख गरेका छन् । यी लेखमा गिरफ्तारी, बयान, यातना र प्रतिरोधका क्षणहरू छन् । उनको क्रान्तिकारी भावना, त्याग र समर्पणले देश, जनता र क्रान्तिप्रतिको निष्ठालाई अभिव्यक्त गरेका छन् । इच्छुकले जेललाई पाठशालाका रूपमा लिएका छन् । उनी भन्छन्– "जेल त हामीलाई भित्र पनि छ, बाहिर पनि छ । बहुसङ्ख्याक जनताको सुन्दर, सुखद र समृद्ध संसारको उदय नभएसम्म हामी बाँचेको यो वर्गविभाजित विषय समाज नै सभ्य मानवका निम्ति महाजेल हो ।"[७] नलडी जितिँदैन, जित्नका लागि लडनै पर्छ भन्ने इच्छुकले अनुभूतिपरक संस्मरण र लेखहरू मार्फत् क्रान्तिप्रतिको अटल आस्था, निष्ठा र गम्भीर जिम्मेवारीबोधका भावहरू सशक्त रूपमा उजागार गरेका छन् ।

[७] कृष्ण सेन 'इच्छुक', "हाम्रो निष्ठाको अविराम यात्रा र हामी", **कलम**, (वर्ष ९, अङ्क २, पूर्णाङ्क २९, २०५७-०५८ फागुन-वैशाख), पृ. ७८-८० ।

## ४.८ चिठी

कवि कृष्ण सेन 'इच्छुक' चिठी-लेखनमा पोख्त थिए । चिठी लेख्ने उनको आदत थियो । गद्य लेखनको भोक उनी चिठी लेखेर मेट्थे । उनले पारिवारिक चिठीमा पनि जीवन जगत्को भोगाइ, सङ्घर्षको आरोह-अवरोह र विचार-सम्प्रेषण गरेका छन् । उनले आफ्ना वैयक्तिक अनुभूतिपरक संस्मरणहरू जनसमुदाय र पाठकलाई सम्बोधन गरी पत्रात्मक शैलीमा प्रस्तुत गरेका छन् । उनको यो शैली प्रभावकारी र मार्मिक देखिन्छ । चिठी-लेखनको पुरानो बानी बीचमा टुटे पनि जेल बसाइले त्यस कडीलाई जोड्यो । चिठी-लेखनलाई उनले पत्रसाहित्यका रूपमा लिएका छन् । उनका विचारमा पत्राचारले साहित्यिक प्रेम र सिर्जनाको भव्य स्मारक निर्माण हुन्छ । पत्र-लेखन एउटा नवीन अनुभूति र रोचक अभिव्यक्ति हो । उनको जीवनको पूर्वार्द्धमा पत्र-लेखनको एउटा महत्त्वपूर्ण पाटो छ । त्यसले उनलाई असाधारण प्रेरणा र अविस्मरणीय मित्रता प्रदान गरेको छ । त्यसैले पत्र-लेखनप्रति उनी स्वभावैले गम्भीर र संवेदनशील रहेका छन् । इच्छुकले कृष्णबहादुर महरासँग भौतिक रूपमा परिचय नभए पनि २ वर्षको अवधिमा ५ दर्जन पत्र लेखेका छन् । ३२ वर्षअगाडि उनीहरूको पत्राचारले नै विचार-निर्माणमा काफी भूमिका खेलेको थियो । कृष्णबहादुर महराले त्यस अवधिलाई ऐतिहासिक स्मरणका रूपमा अङ्कित गरेका छन् ।[८] आफ्नी जीवनसाथी तक्मा के.सी.लाई राजविराज कारागारबाट २०५७ असोज ६ गते र मङ्सिर २४ गते लेखेको चिठीमा इच्छुकले कष्टमय जीवनले स्पात बनाएको कुरा उल्लेख गरेका छन् । आफ्ना सहयात्री दीपक मैनालीलाई २०५७ असार १९ गते सिराहा कारागारबाट लेखेको चिठीमा उनले सिर्जनाका विषयमा चर्चा गरेका छन् । इच्छुकले पाठकलाई नै सम्बोधन गरेर पत्रात्मक शैलीमा आफ्ना विचारहरू सम्प्रेषण गरेका छन् । कवि कृष्ण सेन 'इच्छुक' मार्मिक पत्र लेखकका रूपमा परिचित छन् । जेलभित्र रहँदा पनि उनले पत्रसाहित्यको कडीलाई जोडेका छन् ।

[८] कृष्णबहादुर महरा, "हत्याराहरू त्यतिकै उम्केलान् र !", **जनआस्था**, (वर्ष १० अङ्क १९, २०६१ असार), पृ. ५ ।

## ४.९ अन्तर्वार्ता

कवि कृष्ण सेन 'इच्छुक' साहित्य, पत्रकारिता, राजनीति र सांस्कृतिक फाँटमा क्रियाशील रहेकै अवस्थामा २०५६ साल वैशाख ६ गते गिरफ्तार परे । भद्रगोल, सिराहा र राजविराज जेलमा रहँदा उनले विभिन्न साहित्यिक पत्रिकालाई अन्तर्वार्ता दिएका छन् । वि.सं. २०५७ कार्त्तिक ६ गते 'सहयात्री' त्रैमासिक (३ : १ : ४) मा 'विचारविनाको साहित्य सजीव लास हुन्छ' शीर्षकमा अन्तर्वार्ता दिँदै उनले आफ्ना धारणाहरू राखेका छन् । वि.सं. २०५७ माघ १ गते 'कलम' त्रैमासिक (९ : १ : २८) मा 'हामीहरू यात्रामा फेरि सँगसँगै कलम उठाउने छौँ' भन्ने अर्न्वार्तामा उनले आफ्ना गहकिला विचाहरू अभिव्यक्त गरेका छन् । 'नौलो बिहानी' मासिकमा उनले 'जेल स्वतन्त्रताप्रेमीहरूका लागि यातनागृह नै हो' भन्दै जेल-जीवनका पीडादायी क्षणहरूलाई उल्लेख गरेका छन् । यसरी कवि कृष्ण सेन 'इच्छुक' ले आफ्ना विचार र दृष्टिकोणहरूलाई अन्तर्वार्तामार्फत् पनि सार्वजनिक गरेका छन् ।

## ४.१० समीक्षा र भूमिका-लेखन

कवि कृष्ण सेन 'इच्छुक'ले फुटकर रूपमा समीक्षा र भूमिका पनि लेखेका छन् । उनले कवि केवलपुरे किसानको 'बोको खस्यो' कविता-सङ्ग्रहको पुस्तकसमीक्षा गरेका छन् । वि.सं. २०५१ को 'कलम' त्रैमासिक (३ : १ : ७) मा उनको यो समीक्षा प्रकाशित छ । 'जन्जिरले बाँधिएका हातहरू' (२०५४) को भूमिकामा इच्छुकले सर्वहारावर्गीय क्रान्तिकारी विश्वदृष्टिकोण र समालोचकीय व्यक्तित्वलाई सानदार रूपमा प्रस्फुटित गरेका छन् । इच्छुकले २०५८ साल कार्त्तिकमा मणि थापाको 'बगिरहेको सुनकोसी' कविता-सङ्ग्रहको भूमिका लेखेका छन् । त्यस्तै उनले भारतीय प्रगतिवादी लेखिका बनिजाको 'जङ्गलकी पुत्री' उपन्यासको समीक्षा गरेका छन् । उनले उक्त समीक्षामा बनिजाको क्रान्तिकारी व्यक्तित्व, ओज र गरिमामाथि प्रकाश परेका छन् । कवि इच्छुकले आफ्ना समीक्षा र भूमिकामा मार्क्सवादी सौन्दर्यशास्त्रीय दृष्टिकोण प्रस्तुत गरेका छन् । कवि इच्छुक पेसाले पत्रकारितामा आबद्ध थिए । 'कलम', 'जनादेश' र 'जनदिशा' पत्रिकामा प्रधानसम्पादक हुँदा उनले सम्पादकीयहरू लेखेका छन् । यसरी कविता-काव्यका अतिरिक्त उनका गद्य रचनाहरू पनि उल्लेख्य मात्रामा प्रकाशित देखिन्छन् ।

# पाँचौ परिच्छेद

# कवि कृष्ण सेन 'इच्छुक'को कृतित्वको अध्ययन

## ५.१ कवि कृष्ण सेन 'इच्छुक'का प्रकाशित कृतिहरूको विवरण

वि.सं. २०३३ देखि औपचारिक रूपमा कविता-लेखन र प्रकाशनमा देखिएका इच्छुक प्रगतिवादी नेपाली कविताका क्षेत्रमा स्थापित कवि हुन् । उनका तीनवटा पुस्तकाकार काव्यकृतिहरू प्रकाशित छन् । उनका हालसम्म प्रकाशित पुस्तकाकार काव्यकृतिहरू यसप्रकार छन् :

(१) 'शोकाञ्जली' (शोककाव्य, २०४८)

(२) इतिहासको यस घडीमा (कविता-सङ्ग्रह, २०५६)

(३) 'बन्दी र चन्द्रागिरि' (लामो कविता, २०५७)

## ५.२ 'शोकाञ्जली' शोककाव्यको विश्लेषण

### ५.२.१ पृष्ठभूमि

'शोकाञ्जली' (शोककाव्य, २०४८) कवि कृष्ण सेन 'इच्छुक'को कवितायात्राको पहिलो प्रकाशित कृति हो । प्रस्तुत शोककाव्य वि.सं. २०४८ मा प्रकाशित भए पनि यसको रचना वि.सं. २०४२ मा भएको हो । कृतिको अन्तमा ३० जेठ २०४२, कारागार घोराही, दाङ लेखिएको छ । कवि इच्छुकको स्वीकारोक्ति छ– "आज भन्दा ६ वर्षअगाडि जेलको नारकीय परिवेशमा लेखिएर अँध्यारोमा भिल्किएको यस रचनालाई पुनर्जीवन दिएर उज्यालोमा ल्याउन बारम्बार घच्घच्याइरहने मित्रहरूप्रति म अत्यन्तै आभारी छु ।"[1] यस काव्यमा तीन खण्ड छन्, जसलाई कविले शोकाञ्जली-१, शोकाञ्जली-२ र शोकाञ्जली-३ भनेर नामाकरण गरेका छन् । यी तीन खण्डमध्ये पहिलो खण्डमा ११, दोस्रो खण्डमा ८ र तेस्रो खण्डमा ९ अनुच्छेद रहेका छन् । समर्पण, प्रकाशकीय, कविका आफ्ना भनाइलाई समेत पृष्ठसङ्ख्या उल्लेख गरी

[1] इच्छुक, "मेरा आफ्ना केही कुराहरू", **शोकाञ्जली**, (काठमाडौं : शारदाप्रसाद धिताल र मधुसूदन शर्मा सुवेदी, २०४८), पृ. ७ ।

प्रकाशन गरिएको प्रस्तुत काव्यमा जम्मा ३४ पृष्ठ छन् । आवारण पृष्ठका भित्री भागमा समेत काव्य-नायक मित्रमणि आचार्यका दुईवटा पत्रहरू छापिएका छन् । यसको प्रकाशन इच्छुकका अत्यन्त घनिष्ट मित्रद्वय शारदाप्रसाद धिताल र मधुसूदन शर्मा सुवेदीले गरेका हुन् । साहित्यकार पारिजातले इच्छुक र काव्यका बारेमा अन्तिम गातोमा मन्तव्य लेखेकी छन् ।

### ५.२.२ विषयवस्तु

कवि कृष्ण सेन 'इच्छुक'ले प्रस्तुत 'शोकाञ्जली' शोककाव्यको विषयवस्तु वि.सं. २०४२ वैशाख १८ गते चितवनको मेघौलीमा हत्या गरिएका विद्यार्थी नेता मित्रमणि आचार्यको शोकलाई बनाएका छन् । प्युठान जिल्लानिवासी रामपुर क्याम्पसमा अध्ययनरत मित्रमणि आचार्यसँग घोराही कारागारबाटै पत्राचारमार्फत् इच्छुकको मित्रताको प्रगाढ सम्बन्ध रहेको थियो । आफ्ना घनिष्ट वैचारिक मित्रको हत्याको खबर कारागारभित्रै इच्छुकले पाएपछि शोक र पीडामा नै यो काव्य जन्मन पुगेको हो । सहिद आचार्यको हत्याले कविमा पारेको प्रभाव नै यस काव्यको रचनागर्भ हो । आफ्ना मित्रको स्मृति, जुझारुपन र वैचारिक वर्गीय ममताको श्रद्धाभाव यस काव्यको विषय हो ।[२] काव्य आख्यानात्मकभन्दा विवरणात्मक छ । कवि इच्छुकले हत्या गरिएका आफ्ना मित्र आचार्यलाई नै काव्य-नायक छानेका छन् । उनले यस काव्यमा मित्रमणिको त्याग, निष्ठा र समपर्णको महिमागान अनि आफ्नो शोकाकुल अवस्था प्रस्तुत गरेका छन् । काव्य-नायकको मूल्याङ्कन गर्नुका साथै उनले प्रतिशोधी भावनालाई कलात्मक रूपमा प्रस्तुत गरेका छन् । मित्रमणि सहिद हुनुको पछाडि रहेको उनको राजनीतिक प्रतिबद्धता, उनको सपना र आदर्श, उच्च लक्ष्यप्रतिको उनको अटल अडान र दृढ विश्वास नै यस काव्यको वैचारिक भावभूमि हो ।[३]

[२] सुकुम शर्मा, **कवि इच्छुक : कविताका सन्दर्भमा**, (काठमाडौँ : विश्व साहित्य प्रकाशन, २०६०), पृ. १५ ।
[३] इच्छुक पूर्ववत् ।

## ५.२.३ चरित्र

'शोकाञ्जली' शोककाव्यभित्र मुख्य रूपमा दुई पात्रहरू देखिन्छन् । काव्यनायक मित्रमणि आचार्य र लेखक कृष्ण सेन 'इच्छुक' । काव्यनायक मित्रमणि आचार्य लेखक इच्छुकका अनन्य मित्र हुन् । उनकै हत्याको खबर घोराही कारागारमा पाएपछि लेखकका मनमा उत्पन्न शोकभावलाई श्रद्धामा अभिव्यक्त गर्ने क्रममा यस काव्यको जन्म भएको हो । दुवै पात्रबीचको मित्रतामा वैचारिक र वर्गीय समानता देखिन्छ । यी दुवै पात्रले आफ्नो जीवनलाई जनताको मुक्ति र स्वतन्त्रताका निम्ति समर्पित गरेका छन् । लेखक अन्याय-अत्याचारका विरुद्ध जनमुक्तिका लागि आवाज उठाउँदा जेल परेका छन् भने नायक त्यसैका विरुद्धमा लड्दा सहिद बनेका छन् । दुवै पात्रको आकर्षण वैचारिक समनता हो जसले गर्दा उनीहरूको घनिष्ट सम्बन्ध कायम भएको छ । यही प्रगाढता र घनिष्टताले गर्दा नै नायकको हत्यामा लेखक शोकमा डुबेका छन् ।

### (क) काव्यनायक मित्रमणि आचार्य

सहिद मित्रमणि आचार्य 'शोकाञ्जली' शोककाव्यका नायक हुन् । उनको हत्या भएपछि लेखकको शोकाकुल हृदयको अभिव्यक्ति र उनले देखाएको वैचारिक बाटोमा हिँड्ने प्रतिबद्धता 'शोकाञ्जली' काव्य हो । कवि इच्छुकले काव्यमा काव्य-नायकका गुणहरूको उल्लेख गरेका छन् । मित्रमणिको वैचारिक प्रतिबद्धताको समर्थन र त्यही बाटोमा हिँड्ने विचार व्यक्त गरेका छन् । कविले आफ्ना काव्य-नायकलाई स्पातजस्तै दरिलो मुट्ठी भएको, जीवनको प्रेरणा, उज्यालो जीवनको सहासिला कथा सुनाउने साथी, सङ्ग्रामको जुक्ति सिकाउने सङ्गाती, मुट्ठी कसेर इन्कलाबका नारा घन्काउने जोसिला मित्र, निस्वार्थी भएर देशको निम्ति ज्यान दिने आमाका काखका गौरव, जनमुक्तिपथका लालयोद्धा, मित्रहरूका मणि, आँखाका प्रतिबिम्ब, कुलका सुदीप, अरूले समयमै चिन्न नसकेका प्रतिभा भनेर प्रशंसा गरेका छन् । मित्रमणिको धप्प बल्ने अनुहार, मुहारको कञ्चन ज्योति, ओठबाट छचल्किरहने अनुरागपूर्ण मीठो हाँसोको कविले तारिफ गरेका छन् । ताराहरूबीचको चन्द्रमाजस्तै उज्यालो छवि भएका नायकको वीरगतिको महिमा

गाएका छन् । उनी कालजयी भएर अमरत्वलाई छुन सफल भएका छन् । जीवनको गहिराइ र लक्ष्यको सर्वोच्च शिखरमा पुगेका नायकलाई उनले प्रेरणाका स्रोत मानेका छन् । यसरी काव्यमा नायकको चरित्रलाई उनले निश्वार्थी, शोषित-पीडित र उत्पीडनका विरुद्ध मुक्तिका पक्षमा लाग्ने मुक्तियोद्धा र आफ्नो जीवन जनताका पक्षमा समर्पित गर्ने वैचारिक प्रतिबद्धतासहितका व्यक्तिका रूपमा चित्रण गरेका छन् ।

**(ख) काव्य लेखक इच्छुक**

'शोकाञ्जली' शोककाव्यका अर्का प्रमुख पात्र कवि इच्छुक नै हुन् । कवि आफ्ना आत्मीय मित्र मित्रमणि आचार्य (काव्य-नायक) को हत्यामा शोकमग्न छन् । त्यही शोकले नै उनलाई काव्य लेख्न प्रेरित गरेको हो । शोषण, दमन र उत्पीडनका विरुद्धमा आवाज उठाउँदा जेल परेका कवि र वर्गीय चिन्तन र वैचारिक समानताले आत्मीय मित्र बन्न पुगेका आचार्यको हत्याले सुरुमा कवि भावविह्वल बनेका छन् भने पछि उनले शोकलाई शक्तिमा बदल्नुपर्ने बोध गरेका छन् । हत्याको खबरले मित्र बिछोडको बेदना र विरहमा रोएका छन् भने पछि वैरीका सामु रुँदा काँतर भनिने आशङ्काले सम्हालिएका छन् । काव्यमा कवि इच्छुक संवेदनशील र भावुक छन् । यही संवेदनशीलता र मित्र-शोकलाई कविले शक्तिमा रूपान्तरण गरेका छन् । यस शक्तिलाई उनले परिवर्तन र क्रान्तिका पक्षमा लगाउने अठोट गरेका छन् । काव्यमा चरित्र काव्यनायक र कवि दुई पात्र भए पनि प्रकृतिलाई मानवीकरण गरिएको छ ।

## ५.२.४ परिवेश

परिवेश काव्य अड्ने आधार हो, हिँड्ने भूमि, समय र मानसिकता हो । 'शोकाञ्जली' शोककाव्यमा भौगोलिक परिवेशका रूपमा प्राकृतिक परिवेश अगाडि आएको छ । नेपालको मध्यपश्चिम प्युठान जिल्लाको पहाडी सेरोफेरो, चेर्नेटाका उकाली-ओराली, तिग्रा र सिक्रेका लेकहरू, मजुवा वन, रम्दी र धुवाङ्गका पाखाहरू, पार्थुङ्गा र गँदारीका फाँट, ढोक्रे, तिग्री र ढाँड खोलाहरू आदि काव्यमा परिवेश भएर आएका छन् । काव्यमा ग्रामीण बस्ती र झुप्राको प्रसङ्ग छ । सहरी परिवेशका रूपमा सहरका कारखाना, सडकपेटी र फुटपाथ आएका छन् । काव्यमा भौगोलिक परिवेश

नेपालको विकट पहाडी भू-भाग रहेको छ । कमजोर आर्थिक अवस्था निम्नवर्गीय जीवन, शोषण-दमन र अन्याय-अत्याचारको चित्र उतारिएको छ । वि.सं. २०४२ तिरको निरङ्कुश पञ्चायती व्यवस्थाको दमनलाई कालिक परिवेशका रूपमा उतारिएको छ । मानसिक परिवेशका रूपमा काव्यनायकको हत्या भएपछि कवि शोकमा डुब्दाको समयलाई चित्रण गरिएको छ । कवि शोकाकुल र भावविह्वल बन्दा काव्यनायकका आफन्त र शुभचिन्तकलाई सान्त्वना दिन अक्षम छन् । कविले मन चरक्क चिरिएर आँसु झरेको, हृदय बेदनाले फतक्क गलेको, कलेजी नै काटिएर मुटु दुःखेको र असह्य पीडाको अनुभूति गरेका छन् । नायकको हत्यामा कविलाई सारा मित्रहरूसँग बिछोडिएर एक्लै भएको र सारा प्रकृति नै शोकमग्न भएको अनुभव भएको छ । कवि रुँदा पहाड, फूल, कोपिला, क्षितिज, बादल, हावा, जून, तारा साँझ, बिहान, रात, दिन सम्पूर्ण प्रकृति र धरती नै रोइरहेको अनुभूति भएको छ :

> "यो कस्तो कालो खबर बोकेर ल्याइस् ए बादल !
> विश्वासै लाग्दैन र घामसित सोधूँ
> के सोधूँ ? क्षितिज रोइरहेको छ
> यो कस्तो तीतो सन्देश सुनाएर गइस् ए हावा !
> मन मान्दैन र जूनसित सोधूँ
> के सोधूँ तारा रोइरहेको छ
> तँ किन मौन र चुपचाप छस् ए पहाड !"

(शोकाञ्जली : पृ. १०)

यही शोकपूर्ण परिवेश काव्यको मध्यतिर आक्रोशपूर्ण बनेको छ, बलदाको भावनाले भरिएको छ । यही शोकलाई शक्तिमा बदल्ने प्रतिबद्धता कविले अभिव्यक्त गरेका छन् :

> "जरुर
> म रुँदै जानेछु
> मेरो आँसु रगतमा बिर्त्रिंदै जानेछ
> म रुँदै जानेछु
> मेरो शोक शक्तिमा फेरिँदै जानेछ
> म रुँदै जानेछु
> मेरो पीडा प्रतिशोधमा बद्लिँदै जानेछ "

(शोकाञ्जली : पृ. १७)

काव्यमा इच्छुकले सिङ्गो युद्ध लड्न बाँकी रहेको अवस्थामा योद्धा र यात्रीहरू मारिन सक्छन्, छुट्न सक्छन् तर निरन्तर युद्धका क्रममा शोक क्षणिक हुने र अठोट, प्रतिरोधका साथै प्रतिशोधको भावना रहनुपर्ने परिवेशलाई उजागार गरेका छन् ।

"हामीले थालेको न्यायपूर्ण युद्ध लड्न बाँकी छ
यद्धको भूमिबाट
विरहका शोकधूनहरू नबजाऊन् कोही
पर्वत पनि डिगाइदिने अदम्य साहसहरूले
हामी लड्न विवश अनिवार्य युद्ध जित्न बाँकी छ
गेस्टापोको ग्यासच्चाम्बरजस्तो
चिताको वेदीबाट
पीडाका आँसुहरू नबगाऊन् कोही"

(शोकाञ्जली : पृ. ३४)

## ५.२.५ भाव र विचार

'शोकाञ्जली' काव्यमा कवि इच्छुकले आफ्ना भावलाई विचारमा रूपान्तरण गरेका छन् । 'शोकाञ्जली' काव्यको मूलभाव शोक हो । मुक्तियात्राको सहयात्री आफ्नो प्रिय सखाको मृत्युमा कवि-हृदयको शोकभाव बर्षाको भेलझैँ उर्लेर आएको छ ।[४] यसमा प्रयुक्त विषयवस्तु र यसैअनुरूपको शीर्षक दुवैले शोककै अभिव्यक्ति दिएका छन् । काव्यनायकको हत्यामा कविसँगै सम्पूर्ण प्रियजन र साथीभाइ र भावविह्वल बनेका छन् । सम्पूर्ण प्राकृतिक परिवेश नै शोकाकुल बनेको भाव कविले व्यक्त गरेका छन् । कविले प्रकृतिलाई मानवीकरण र उदात्तीकरण गरी आफूजस्तै दु:खित र उद्वेलित भएको देखाएका छन् ।

"उज्यालोमा हेर्छु दिन रोइरहेको छ
अँध्यारोमा हेर्छु रात रोइरहेको छ
फूल रोइरहेको छ /कली रोइरहेको छ
कोसित मैले के सोधूँ र खोइ ? यसघडी
जता हेर्छु सारा प्रकृति रोइरहेको छ ।"

(शोकाञ्जली : पृ. १०)

[४] ताराकान्त पाण्डेय, "शोकाञ्जली सहिदप्रतिको अगाध प्रेम र आस्थाको सरोवर", **जनसाहित्य,** (वर्ष १, अङ्क ३, २०४८ कार्त्तिक-पुस), पृ. ८३-८९ ।

यस्तो अवस्थामा कविले अरूलाई सम्झाउने र सान्त्वना दिनसक्ने अवस्था छैन । उनको हत्यामा सिङ्गै देश आक्रोशित भएर विद्रोहमा रूपान्तरण भएको छ । कविको शोकाकुल अवस्था काव्यको अन्तिमतिर पुग्दा आक्रोशमा परिणत भएको छ । कतैबाट इन्कलाबको हात उठे, विद्रोहको आवाज घन्के र हुङ्कार छुटे साथै सङ्घर्षका मुठ्ठी कसिए, कवि त्यसको सम्पूर्ण जस काव्यनायकलाई जाने उद्घोष गर्छन् :

"कतै कुनै दिशाबाट
एउटा हुँकार तिम्रै हुँकार हुनेछ
मुक्ति युद्धमा
फलामे किल्ला तोड्ने वीर योद्धाहरूकै अग्रिम पङ्क्तिमा
ए मेरो प्रिय सखा !
तिम्रो पनि एउटा अग्रासन हुनेछ
तिम्रो पनि एउटा उच्चासन हुनेछ ।"

(शोकाञ्जली : पृ. २९)

यसरी 'शोकाञ्जली' काव्यको मूलभाव शोक भए पनि विद्रोह र आक्रोश अर्थात् वीरता र उत्साह पनि सँगसँगै आएको छ । काव्यमा प्रगतिवादी विचार अभिव्यक्त भएको छ । समाजमा भएका थिचोमिचो, अन्याय-अत्याचार, दमन-उत्पीडनका विरुद्ध हामीले काव्यको नायकझैँ लडेर समाजमा चेतनाको दीप सल्काउनु पर्छ । शोषित-उत्पीडित वर्गलाई आफ्नो हक-अधिकार र स्वतन्त्रताका बारेमा सचेत गराउनु पर्छ भन्नु यस काव्यमा अभिव्यक्त विचार हो । सङ्घर्षको मैदानमा जीवनको बलिदानी र हत्यारा जल्लादहरूसँग प्रतिशोध लिनुपर्छ भन्ने विचार कवि राख्छन् । काव्यमा शोक मात्रै होइन विचारको सन्तुलित विन्यास पनि छ । शोकसँग उदात्त विचार र क्रान्तिचेत सल्बलाएको छ । शोकाकुल हुँदा वैरीहरूले हाँस्ने मौका पाउने भएकाले शोकलाई शक्तिमा रूपान्तरण गरी विद्रोह गर्न सक्षम हुनुपर्छ भन्ने विचार कविले प्रस्तुत गरेका छन् :

"केही पल आँसुमा डुबून्/डुब्न देऊ
केही पल उदासीमा बितून्/ बित्न देऊ
मित्र हो यत्ति सम्झ !
पराई आँसुले पग्लेर तप्केको बलेनी जस्तै
क्षणभर प्रबल वेदनाले चक्कर छाती चर्क्यो
र म रोएँ

हरपल भावुकताले मलाई थिचिरहने छैन
यो रक्तिम युद्ध हो वर्ग-सङ्घर्षको
हाम्रो विकट जिन्दगीका हर सङ्कटपूर्ण घडीमा
यो कठोर वास्तविकलतालाई मैले भुल्ने छैन"

(शोकाञ्जली : पृ. १८)

कवि इच्छुक सहिदप्रति अत्यन्तै उच्चकोटिको श्रद्धाभाव राख्छन् । सहिदहरू मरेर पनि युगौँयुगसम्म बाँचिरहन्छन् र भावी पिँढीलाई चेतनाको ज्योति प्रदान गर्छन् भन्ने कविको धारणा छ । सहिदको बलिदानीबाट प्रेरित र प्रभावित भएर उत्पीडनका विरुद्ध मानिसहरू लड्न तयार हुन्छन् भन्दै कविले विश्वकै वीरहरूका अग्रङ्क्तिमा सहिदको नाम स्वर्णिम अक्षरले लेखिनेछ भनेका छन् । कविले मित्रमणि काव्यका मात्र नायक नभएर युगजीवनकै नायक हुन् भनेर सहिदप्रति अगाध आस्था र विचार प्रस्तुत गरेका छन् :

"मुक्तिका लागि विश्वभर लडिरहेका
योद्धाहरूको वीरतापूर्ण कथाहरूमा
एउटा कथा तिम्रो पनि थपिनेछ
न्यायका लागि संसारभर लडिरहेका
जनताको गौरवशाली कथाहरूमा
एउटा कथा तिम्रो पनि थपिनेछ
धरतीभरका जुझारु पुस्ताहरूको
अजेय सङ्घर्ष र विजयका गाथाहरूमा
एउटा भव्य अमर गाथा तिम्रो पनि थपिनेछ ।"

(शोकाञ्जली : २८-२९)

समग्रमा कविको कोमल-करुण भाव काव्यकै मूल भाव शोकका रूपमा उद्घाटित भएको छ । गौण रूपमा आक्रोश-आवेग र क्रोध अर्थात् वीरभाव अभिव्यक्त भएको छ । काव्यमा प्रगतिवादी विचार प्रखर रूपमा उजागार भएको छ । शोकसँगै विचार र क्रान्तिचेत उदात्त भएर आएका छन् ।

## ५.२.६ भाषा-शैली

'शोकाञ्जली' काव्य गद्य शैलीमा रचना गरिएको शोककाव्य हो । यद्यपि लयात्मकताको प्रवाह छ । काव्यको भाषा सरल र शैली कलात्मक छ । काव्यमा सरल

र बोधगम्य शब्दहरू प्रयोग भएका छन् । शोक र करुण भावलाई अभिव्यक्त गर्न सोहीअनुरूपका शब्दवलीहरूको प्रयोग गरिएको छ । झर्रा र ठेट शब्दहरू तथा अनुकरणात्मक शब्दको प्रयोगले भाषा सरल, सहज, सरस र स्वाभाविक बन्न पुगेको छ । काव्यको भाषाशैली सरल र सम्प्रेष्य भएकाले कृतिमा पाठकलाई संवेदनशील बनाउन सक्ने चमत्कार छ । काव्यको प्रस्तुति कोमल र सुन्दर छ । सरल शैली र सम्प्रेष्य भाषाको सम्मिश्रणले काव्य लयात्मक बनेको छ । गीतिमयताले काव्यलाई सरल बनाएको छ । काव्यमा आञ्चलिक भाषाका शब्द र उखानको प्रयोगले ओज थपेको छ । शब्द, पदावली तथा पूरै वाक्यकै पनि पुनरावृत्तिद्वारा लयात्मकताको सिर्जना गरिएको छ :

"कोठामा हुन्छु कोठामा सुनो-सुनो झैँ लाग्छ
आँगनमा हुन्छु आँगन सुनो-सुनो झैँ लाग्छ
दिनमा हुन्छु दिन सुनो-सुनो झैँ लाग्छ
रातमा हुन्छु रात सुनो-सुनो झैँ लाग्छ"

(शोकाञ्जली : पृ. ९)

अन्तरलयात्मकता, कोमलता, हार्दिकता साथै अनुप्रासीयता र श्रुतिमधुरताजस्ता गुणले काव्य रसिलो बनेको छ । कोमल शब्द-चयन र सचेत परिष्कारले काव्य सुन्दर भएको छ । लयात्मकता र अनुप्रासीयता कवि इच्छुकको मौलिक विशेषता हुन् :

"मान्छेको मन हो बेदनाले फतक्क गलेपछि
विरहमा दुख्छ नै
आँखाको आँसु हो मुटु चरक्क चिरिएपछि
गहबाट रसाएर दुख्छ नै
तिम्रो शोकमा म आफैँ रोएँ
तिम्रो शोकमा म साह्रै रोएँ
बलिन्द्र धारा आँसु झऱ्यो/झरिरह्यो
कलेजै काटेर मुटु दुख्यो/दुःखिरह्यो "

(शोकाञ्जली : पृ. १४)

काव्यको विचारपक्षलाई बलियो पार्न कविले केही राजनीतिक शब्दावलीहरूको पनि विषयवस्तुअनुसार प्रयोग गरेका छन्; जस्तै– मुक्तिसङ्ग्राम, इन्कलाब, लालयोद्धा, वर्गसङ्घर्ष, जुलुस, रक्तिम युद्ध, गेस्टापोको ग्याँस-च्याम्बर आदि । 'शोकाञ्जली'

काव्यको भाषा सरल भईकन पनि काव्यात्मक छ; शैली अनुप्रासयुक्त र लयात्मक छ । काव्यको विषयवस्तुअनुरूपको शब्द तथा पदावलीको चयनले भाषा सहज र स्वाभाविक बनेको छ ।

### ५.२.७ बिम्ब र प्रतीक-योजना

बिम्ब र प्रतीक काव्यका गहना हुन् । काव्यलाई कलात्मक बनाउन यिनले मद्दत गर्दछन् । तर यिनको प्रयोग आयोजित नभएर स्वाभाविक रूपमा हुनुपर्दछ । अनि मात्र काव्य उत्कृष्ट र जीवन्त बन्दछ । 'शोकाञ्जली' काव्यमा पनि कवि इच्छुकले बिम्ब र प्रतीकको यथोचित प्रयोग गरेका छन् । यद्यपि उनी रूपवादी कवि होइनन्, काव्यको अन्तर्वस्तुअनुसार उनले विचारलाई महत्त्व दिएका छन् । यस काव्यमा प्रयोग भएका बिम्ब र प्रतीकहरू आयोजित वा कृत्रिम नभएर सहज र स्वाभाविक रूपमा प्रयोग भएका छन् । बिम्ब र प्रतीकको उपयोग र प्रयोगमा कवि सहज र सौन्दर्ययुक्त देखिएका छन् । काव्यमा स्पातजस्तै, दरिलो हात, गरमजोशी, भेट हुँदाको प्रिय घडी, बलियो अँगालोजस्ता बिम्ब-प्रतीक र अलङ्कारको प्रयोग भएको छ । काव्यमा प्रयोग भएका विभिन्न प्रतीक तथा तिनले अभिव्यक्त गर्ने अर्थले समग्र कृतिलाई नै घनत्वपूर्ण बनाएको छ ।

### ५.२.८ निष्कर्ष

कवि कृष्ण सेन 'इच्छुक'को पहिलो प्रकाशित कृति 'शोकाञ्जली' शोककाव्य हो । वि.सं. २०४२ मा रचना भएको यस काव्यको प्रकाशन २०४८ सालमा भएको हो । कविले आफ्ना मित्र विद्यार्थी नेता मित्रमणि आचार्यको हत्याको खबर पाएपछि आफू शोकाकुल भएको बेला शोकलाई विषय बनाई मित्रमणिलाई काव्यको नायक बनाएका छन् । नेपाली प्रगतिवादी कविताको फाँटमा विचारसहितको शोककाव्यका रूपमा 'शोकाञ्जली' उभिएको छ । शोककाव्य भएर पनि यसले शोकलाई साहसमा बदल्ने सामर्थ्य प्रस्तुत गरेको छ । विषयवस्तु र कलाको एकरूपताको दृष्टिले 'शोकाञ्जली' सफल काव्य हो । कवि इच्छुकले शोकलाई केवल विरह र बिलौनाका रूपमा मात्रै होइन, सहिदप्रतिको आस्था र सम्मानलाई श्रद्धा गरेका छन् । कविले आक्रोश पोख्दै

प्रतिशोधका लागि प्रतिबद्ध क्रान्तिचेत र उदात्त विचार प्रस्तुत गरेका छन् । काव्यमा शोक र विद्रोहको उत्कृष्ट समिश्रण छ । प्रस्तुत काव्य शोकका सम्बोधनात्मक शब्दाञ्जलीमा आधारित भएर वर्गममता, सङ्घर्ष र शक्तिलाई देखाएर शोककाव्य-लेखनमा नवीन र ऐतिहासिक मूल्य स्थापना गर्न कवि सफल देखिन्छन् । नेपाली शोक-काव्यको इतिहासमा 'शोकाञ्जली' शोकभाव र विचारसहित उभिन सक्षम कृति बनेको छ ।

## ५.३ 'इतिहासको यस घडीमा' कविता-सङ्गहको विश्लेषण

'इतिहासको यस घडीमा' कविता-सङ्ग्रह कवि कृष्ण सेन 'इच्छुक'को दोस्रो काव्यकृति हो । वि.सं. २०५६ वैशाखमा प्रकाशित यस कविता-सङ्ग्रहभित्र एकतीस वटा कविताहरू सङ्ग्रहीत छन् । कविता-सङ्ग्रहभित्रका 'तिमी र तिम्रो पसिना', 'काठमाडौँ मेरो देशको राजधानी' र 'इतिहासको यस घडीमा' कविताबाहेक अन्य सबै कविताहरू वि.सं. २०३८ देखि २०५५ सम्मका विभिन्न पत्र-पत्रिकाहरूमा प्रकाशित भइसकेका छन् । सङ्ग्रहमा उल्लेख भएअनुसार वि.सं. २०३८ देखि २०५५ सम्मको सत्रबर्से समयखण्डका यी कविताहरूले तत्कालीन समयको विविध परिवेश, विविध विषयवस्तु र विविध अनुभूतिको झल्को दिएका छन् । यस कविता-सङ्ग्रहलाई अखिल नेपाल जनसांस्कृतिक सङ्घ, केन्द्रीय समितिले प्रकाशनमा ल्याएको हो । कृति प्रकाशनको समयमा कवि 'इच्छुक' भद्रगोल जेलमा बन्दी जीवन बिताइरहेका थिए । कृति प्रकाशन गर्ने अखिल नेपाल जनसांस्कृतिक सङ्घले 'अलिकति स्रष्टा र सिर्जनाका बारेमा' पारेको प्रकाश विशेष उल्लेखनीय छ । इच्छुकको विशेषता र सिर्जनाबारे लोकप्रियताको सारगर्भित धारणा राखेको छ । जनमुक्तिको महायात्रामा साहदत प्राप्त गर्ने वीर योद्धाहरूमा इच्छुकले कविता-सङ्ग्रह समर्पित गरेका छन् । प्रस्तुत कविता-सङ्ग्रहले श्रम-सौन्दर्यका पक्षमा वर्गीय चिन्तन र वैचारिक उत्कर्ष पहिल्याउने कोसिस गरेको छ । 'इतिहासको यस घडीमा' कविता-सङ्ग्रहभित्रका कवितालाई भावविधान र रूपविधान गरी दुई आधारमा विश्लेषण गरिएको छ ।

### ५.३.१ 'इतिहासको यस घडीमा' कविता-सङ्ग्रहका कविताहरूमा भावविधान

भावविधानले मूलतः कथ्य विषयको अन्तर्वस्तु र स्वरसन्धानलाई उजागार गर्दछ । 'इतिहासको यस घडीमा' कविता-सङ्ग्रहभित्रका कविताहरू शोषक-सामन्त वर्गले राज्यसत्ता सम्हालिरहेको नेपाली परिवेशका वर्गसङ्घर्ष, जनसङ्घर्ष एवम् वर्गयुद्धका भावधाराहरूसँग आबद्ध भई नेपाली नयाँजनवादी क्रान्तिको दिशासँग प्रतिबद्ध बनेर आएका छन् । श्रमिक जनतालाई इतिहास-निर्माणका रूपमा चित्रण गरेर कविले पुँजीपति तथा जमिन्दार एवम् अत्याचारी शासकवर्गप्रति चरम घृणाभाव व्यक्त गरेका छन् । जनशक्तिमाथिको अटुट विश्वास प्रखर ढङ्गले यस सङ्ग्रहका कविताभित्र उपस्थित भएको छ । शोषण-उत्पीडन तथा असमानता-अत्याचारबाट आक्रान्त नेपाली समाजको जीवन्त चित्र प्रस्तुत गर्दै क्रान्तिकारी आशावादका माध्यमबाट त्यसलाई तोड्ने हिम्मतका साथ मोर्चामा प्रतिबद्ध इच्छुकको सुन्दर, सुखद र स्वतन्त्र मानवसमाजको स्थापना गर्ने सपना यस कविता-सङ्ग्रहका कविताभित्र व्यवस्थित रूपले प्रतिबिम्बित भएको छ ।

'इतिहासको यस घडीमा' कवितासङ्ग्रहभित्रको पहिलो र जेठो कविताका रूपमा 'त्यो प्यारो प्यारो पहाडी गाउँको नाम थवाङ्ग हो' रहेको छ । पञ्चायती व्यवस्थाको निरङ्कुश राज्यसत्ताले अपराधी केन्द्र वा उग्रवादी केन्द्र बनाएको गाउँलाई कविले सङ्घर्षको केन्द्रका रूपमा लिएका छन् । यही थवाङ्गबाट आस्थाको दृढता अभिव्यक्त गरेका कविले यस कविता-सङ्ग्रहभरि त्यस यात्राको महान् गाथालाई बिर्सेका छैनन् ।[५] थवाङ्ग गाउँलाई वर्गसङ्घर्षको केन्द्र मान्दै आस्थाको व्यवहारिक जुझारु गाउँका रूपमा हेरेका छन् । कविले ऐतिहासिक चिङकाङसान पहाडजस्तै गौरवको हाँसो हाँसिरहेको प्योरो-प्यारो वस्तीको नाम थवाङ्ग भएको भाव पस्केका छन् :

"ती प्यारा प्यारा हिमाली मान्छे
त्यो प्यारो प्यारो नेपाली वस्तीको नाम थवाङ्ग हो
थवाङ्ग जो आज पनि
उत्तरतिर टल्कने निर्मल स्फटिक हिमाल जस्तै
मीठो मुस्कान मुस्काइरहेछ

[५] सुकुम शर्मा, **कवि इच्छुक : कविताका सन्दर्भमा,** (काठमाडौं : विश्व साहित्य प्रकाशन, २०६०), पृ. २४ ।

थवाङ्ग जो आज पनि
त्यही हिमाल पल्तिर ऐतिहासिक चिङकाङसान जस्तै
गौरवको हाँसो हाँसिरहेछ ।”

(त्यो प्यारो प्यारो गाउँको नाम थवाङ्ग हो : पृ. ३)

शोषण, उत्पीडन र वर्गीय अत्याचारको विरोध गर्दै मुक्तिका लागि सङ्घर्षमा होमिएका जनताहरूको बसोबास क्षेत्र वैरीहरूका आँखामा कसिङ्गरजस्तो बनेको यथार्थलाई अभिव्यक्ति दिँदै कविले कविताहरूमा राज्यातङ्क जतिसुकै मच्चिए पनि त्यहाँबाट क्रान्तिदूतहरू ज्वालामुखी बनेर देशको मुहार उज्यालो पार्नेछन् भन्ने विश्वास प्रकट गरेका छन् । जनताको विजय अवश्यम्भावी छ, उनीहरूको मुक्तिगामी आस्था अविचलित छ भन्ने विचार कविताहरूमा छताछुल्ल छ । साहिदका परिवारजनप्रति व्यक्त सहानुभूतिको भाव पनि कवितामा कम महत्त्वको छैन तर कविले क्रान्तिमा सहादत प्राप्त गर्नेहरूलाई सम्झेर रुनुभन्दा शोकलाई शक्तिमा बदल्दै नयाँ रणनीतिक उचाइका साथ क्रान्तिमा प्रतिबद्ध बन्नुपर्छ र मुक्तिको आवाजलाई बुलन्द गर्दै अघि बढ्नुपर्छ भन्ने विचारलाई यस सन्दर्भमा महत्त्वका साथ उठाएको देखिन्छ ।

‘आइती’ कवितामा आइती नामक नारीपात्रको कथालाई विषयवस्तु बनाइएको छ । गरिबीका कारण पराइभूमिमा पसिना रोप्न गएको आइतीको लोग्ने आम नेपाली गरिबहरूको साझा मर्मको प्रतिनिधि चरित्र हो । आइतीको पीडामा पीडित कवि आइतीको लोग्नेजस्तै परदेशमा लडेर नेपाली माटोलाई आँसुले भिजाउनपर्ने विवशताको अन्त्य चाहन्छन् । अर्काको मुलुकमा गएर बहादुरको जिन्दगी भोग्दै रगतपसिना चुहाउनुभन्दा त्यही रगत पसिनाले आफ्नै देशका पाखामा कल्पवृक्ष उमार्न लम्किनुपर्ने अग्रगामी भावना र विचार प्रस्तुत गर्छन् :

“ती जो अर्कैका लागि
नाहकमै लडेर व्यर्थैमा मर्ने गर्छन्
तिनको रगतले आफ्नै देशका
बंजर, मरु र टार रातै पारी सिँचे कति हुन्छ
आइती, अब त मुख फोरेर बोलिदेऊ
पराइको लाखमा घिनले बाँच्नुभन्दा
आमाको काखमा हाँसी-हाँसी मर्न सिके कति हुन्छ ।”

(आइती : पृ. ६)

‘प्रिय कामरेड’ कवितामा क्रान्ति र क्रान्तिकारी शक्तिप्रति अगाध निष्ठा र विश्वास अभिव्यक्त भएको छ । जनतासित सहभागी भएर चेतना, शिक्षा र मुक्तिको दीर्घ पथमा सरिक बनाउने प्रिय कामरेडको नायकत्व र कार्यलाई स्मरण गरेका छन् । परिर्तन र विचार चिनाउन हिँडेका कामरेडको सन्देशलाई जीवनभर लिने प्रतिज्ञा कविले गरेका छन् । समाज निर्माणका लागि असल नेताको खाँचो हुने र उसैको संसर्गले मात्रै जनमुक्तिको बाटो फराकिलो बन्ने कुरामा कवि विश्वस्त छन् :

“हाम्रो सङ्घर्ष र मुक्तिको दिन,
यसरी अझ नजिक हुँदै जानेछ
कामरेड हामी आश्वस्त छौँ
कामरेड हामी विश्वस्त छौ
हाम्रो क्रान्ति र विजयको दिन,
यसरी अझ सुनिश्चित बन्दै जानेछ ।”

(प्रिय कामरेड : पृ. ८)

‘यो घाम पनि रापिएर तातो-तातो छ आज’ जनमुक्तिका लडाइँमा सहादत प्राप्त गर्ने वीर योद्धाप्रति श्रद्धाञ्जली दिने आमाको प्रतिबिम्ब खिचिएका कारण लयको महान् यात्रा-गाथा समेटिएको कविता हो । सहिदी चेतनाबाट उनी घनीभूत भएका छन् । यस कवितामा भावको लहर उर्लिएको छ ।

‘लाहुरे’ कवितामार्फत् कवि इच्छुकले नेपाली समाजको गरिबी र विवशताको चित्र खिचेका छन् । लाहुरेका नामभित्र सँगालिएको पीडा र वेदनालाई कवि कवितामा प्रतिबिम्बन गरेका छन् । कविले लाहुरे नेपालीको परिचय कवितामार्फत् यसरी दिएका छन् :

“लाहुरे ती नेपाली युवाको नाम हो
जो विदेशमा आई अर्काकै गुलामी गर्न विवश छन्
लाहुरे ती नेपाली बूढाको नाम हो
जो आफ्नो जिन्दगी पराइको पेन्सनमा धान्न विवश छन्
लाहुरे ती छोराको नाम हो
जो हरेक वर्ष आफ्नो देश छाडेर हिँड्न विवश छन्
लाहुरे ती नेपाली जनताको नाम हो
जो सधैँ अर्काकै स्वार्थमा लागेर मर्न विवश छन् ।

(लाहुरे : पृ. १३)

'प्यालेस्टिनी मित्रहरूका नाममा' नामक कविता कवि इच्छुकले दाङको घोराही कारागारमा बन्दी जीवन बिताउँदा वि.सं. २०३९ मा लेखेका हुन् । वर्गयुद्धको विश्वव्यापी यात्रामा प्यालेस्टाइनी भूमिमा भएको युद्धलाई केन्द्रीय भाव बनाई त्यहाँ भएको रक्तपात र बर्बर आक्रमणको निन्दा गर्दै विश्वबन्धुत्वको भावनालाई उजागर गरेका छन् । संसारभरिका श्रमजीवी, निमुखा, गरिब, शोषित-उत्पीडित वर्गप्रतिको प्रेम कवितामा अभिव्यक्त छ । उनीहरूको क्रान्तिकारी भावना, विचार र कार्यप्रति कविले समर्थन जनाएका छन् । जो न्यायपूर्ण समाज-निर्माणका लागि जीवनलाई मृत्युको काँडाघारीमा घिसारिरहेका छन् तिनीहरूलाई निर्भीक भएर लड्न प्रेरित गर्छन् साथै मानवताको जितको घोषणा गर्न आह्वान गर्छन् । मुक्तिकामी योद्धाहरू पनि शान्ति चाहन्छन् तर त्यो शान्ति मुर्दाशान्तिका रूपमा होइन, अशान्ति छिचोलिएपछि आत्मबलिदानले रङ्गिएर प्राप्त हुने पुनः विध्वंश र संहार नदोहोरिने विजयमूलको शान्ति हुनुपर्छ भन्ने कुरामा कवि विश्वस्त छन् । निर्णायक युद्ध लड्ने प्यालेस्टिनी जनताप्रति कवि सम्बोधन गर्छन् :

"प्यारा-प्याया मित्रहरू
हजारौँ पर्वत र लाखौँ गज परबाट
तिमीसँग युद्धको भूमिमा
बन्दुक बोकेर सामेल हुन नसके पनि
पापीलाई माफी दिनै नसकिने
यो भीषण नरसंहार र
जघन्य रक्तपातका विरुद्धमा
पाँचै औँलाले दह्रो मुट्ठी कसेर
आहत र क्षुब्ध मनले
चुनौतिभरि वैरीलाई घृणाहरू अफालेर
र म मेरो एउटा हात
तिम्रो समर्थनमा माथिमाथि उठाइरहने छु
म मेरो अर्को हात
शान्तिका लागि
नीलो ध्वजा बाँधेर हवामा लहराइरहेछु ।"

(प्यालेस्टिनी मित्रहरूका नाममा : पृ. १५-१६)

'तिमी र तिम्रो पसिना' कवितामा परिश्रमीहरूको महिमागान छ । कविताको 'तिमी' ज्यामी हो र 'तिम्रो पसिना' ज्यामीको पसिना र मिहिनेत हो । कवि संसार

बनाउने ज्यामीका पक्षमा छन् । श्रमिकहरूले बगाएको पसिनाबाटै संसार सजिएको हो तसर्थ पसिना नै सबैभन्दा ठूलो हो भन्ने कुरामा कवि ढुक्क छन् । कविले कवितामा पसिनाकै गाथाहरू सुसेल्छन् र पसिना चुहाउनेहरूकै अधिकार पसिनाले सिर्जने सुखमा हुनुपर्छ भन्छन् । संसारका तमाम साहित्य, कला र सभ्यताका सुन्दर वस्तुमा श्रम र पसिनाको रङ पोतिएको हुन्छ भन्ने कवि इच्छुकको धारणा छ । गहन दार्शनिक पक्षलाई कविले सरल र स्पष्ट कवितात्मक लयमा श्रमको महत्त्व र सभ्यता-निर्माणको महान्तालाई दर्साएका छन् :

"संसार बनाउने श्रमिकहरू हो
तिम्रो मूक बेदनाका मौन पीडाहरू बोलून्/नबोलून्
म साँचो साँचो बोल्छु
संसार तिम्रो हो/तिम्रै पसिना हो
म सत्य-सत्य बोल्छु
संसार हाम्रो हो/हाम्रै पसिना हो ।"

(तिमी र तिम्रो पसिना : पृ.१८)

'जनताको ढाल वा वैरीको अचानो' नामक कवितामा कविले वर्गसङ्घर्षको दौरानमा जनताका साथमा लड्ने वा वैरीको अचानो बन्ने दुईमध्ये कुनै एक पक्षमा स्पष्टता हुनुपर्छ भन्ने कुरालाई कविताको मूलभाव बनाएका छन् । गरिबी र चेतनाका अभावले वैरीको अचानो बनेका दाजुभाइलाई ढाल बन्न आह्वान गरेका छन् । सुरक्षाकर्मीप्रतिको यो उनको स्पष्ट दृष्टिकोण हो । कविले मर्दा पनि जनताको प्रिय सहिद बन्ने र बाँचेर वैरीका लागि बलिको बोको नहुने आदर्श प्रस्तुत गरेका छन् ।

प्रस्तुत कवितामा शत्रुका पक्षमा लडेका श्रमजीवी नेपालीलाई इच्छाअनुसार आफ्नो बाटो रोज्न आह्वान गरेका छन् । वैरीको इसारामा चल्न छाडेर जनताको मोर्चामा उभिन आग्रह गरिरहँदा वधशालाजस्तो भयानक परिवेशमा र कालरात्रीजस्तो अँध्यारो परिवेशमा पनि जूनकीरी टल्केजस्तो अनायास देखा परेको मानवीय सहानुभूतिले जागृत गरेको करुण संवेदनाको भावना कवितामा पोखिएको छ ।[६] यसर्थ एकातिर आफ्नै विरुद्ध उत्रेका प्रहरी/सेनाप्रतिको मानवतावादी दृष्टिकोणले उनको

[६] कृष्ण सेन 'इच्छुक' "विचारविनाको साहित्य सजीव लास हुन्छ", **सहयात्री**, (वर्ष ३, अङ्क १ पूर्णाङ्क ४, २०५८ वैशाख), पृ. २८-२९ ।

कवितामा राम्रै स्थान ओगटेको पाइन्छ भने अर्कातिर सहिदप्रतिको विश्वास र तत्सम्बन्धी आत्मानुभूतिले युगान्तकारी मुक्तिको इतिहास खुनी तरबार चलाउँदैमा नमेटिने तथ्य पनि कविताभित्र आक्रोशपूर्ण भावमा व्यक्त भएको पाइन्छ ।

'बेंजमिन मोलाइसको सम्झनामा' कवि इच्छुकले दक्षिण अफ्रिकाका क्रान्तिकारी अश्वेत कवि मोलाइसको सम्झना र उनको त्याग र बलिदानलाई अत्यन्त उच्चकोटिको सम्मान र श्रद्धा व्यक्त गरेका छन् । अतिवादी बोथा सरकारले विश्व-जनमतको विरोधका बाबजुद मोलाइसलाई फाँसीमा झुन्ड्याएको थियो । नेपालको प्रजातन्त्रवादी भनिने सरकारले कवि इच्छुकलाई मोलाइसलाई झैँ हिरासतमा हत्या गरेको थियो । मोलाइसलाई फाँसीमा झुन्ड्याउँदा कविले गरेको अभिव्यक्ति इच्छुकका सन्दर्भमा विशेष स्मरणीय छ । जनताले आफ्नो अधिकार र स्वतन्त्रता खोज्दा साम्राज्यवादी नग्नताले यसरी कलमको हत्या गरिरहन सक्दैन । कलम र शब्दको युद्ध युग-युगसम्म अजम्बरी हुन्छ भन्ने विश्वास कवितामा छ ।

'झुल्केको घामका राता किरणहरू' नामक कवितामा स-साना बालबालिकालाई राता किरणको संज्ञा दिँदै नयाँ युग-निर्माणको सङ्कल्प लिएर हुर्कन आह्वान गरेका छन् । गरिबीसँग जुधेका र सुखसुविधाबाट वञ्चित भएका बालबालिकालाई योद्धा बनेर उठ्ने प्रेरणा दिएका छन् । जिम्मदार र साहूको खटनपटनबाट जन्मँदै दासी जीवन भोग्न सुरु गरेका, बन्धकीपूर्ण जीवन बाँचेका गरिबका छोराछारीहरूलाई झुल्के घामका राता किरणजस्तो स्विकारेर कविले उनीहरूलाई पीडाका आरनबाट खारिएर तेजिलो स्पात बनी युगनिर्माणका लागि तयार हुन आफ्नो शक्तिमाथि विश्वास गर्दै नयाँ सुन्दर समाज उचाल्न अभिप्रेरित गरेका छन् ।

'कविसँग' कवितामा कवि इच्छुकले कविलाई समयसान्दर्भिक यथार्थका कविता लेख्न आग्रह गरिरहेका छन् । वर्तमानको गतिशील यथार्थलाई चटक्कै बिर्सेर वसन्तमा कोइली प्रतिबन्धित भएको र अन्धकारले जितेको समयमा मलसाँप्राले सन्त भएर गायत्री मन्त्र जपेको वास्तविकता बिर्सेर कविताका नाममा भौंतारिनु व्यर्थै हुने भाव व्यक्त गरेका छन् । कवि स्वयम्ले अन्य कविलाई शब्दशब्दमा जादू भरेर जनमत चुम्ने

कविता सिर्जना गर्न र अन्धकारका विरोधमा जुध्न कविको गान सार्थक हुनुपर्ने कुरा उठाएका छन् । प्रस्तुत कवितामा कविले कविको प्रतिबद्धता र लेखनको उद्देश्य आवश्यक भएको मान्यता अघि सारेका छन् ।

'काठमाडौँ मेरो देशको राजधानी' कविता २०४५ सालमा कविले काठमाडौँमा नै रचना गरेका हुन् । देशको राजधानी काठमाडौँको विवशता, बाध्यता र परिस्थितिलाई समग्र देशकै स्थितिमा दाँजेर आफ्ना भावलाई अभिव्यक्ति गरेका छन् । काठमाडौँ रूपमा सहरिया आडम्बर बोक्छ र अन्तर्वस्तुमा गुणलाई तिरस्कार गर्छ । नेपालीत्व मर्दै गएको यस सहरमा कवि विरानो देशमा भौँतारएर हिँडेझैँ आफ्नो विवशता उल्लेख गर्छन् । काठमाडौँमा छातीभित्रको राष्ट्रिय स्वाभीमान लिलाम हुने र भोकाहरूका देशमा धोका सहर भएको ठहर कवि इच्छुकको छ । कवितामा साम्राज्यवाद, विस्तारवादका विरुद्ध देशभक्तिको भाव निकै प्रखर रूपमा आएको छ । समग्र देशको प्रतिनिधित्व काठमाडौँले गर्न नसक्ने बरु काठमाडौँमा स्वदेशको भन्दा विदेशको गन्ध बढी आउने तथ्यको व्यङ्ग्य गर्दै सार्वजनिकीकरण गरेका छन् । केन्द्रीकृत राज्यप्रणालीका विरुद्ध सङ्घीय र विकेन्द्रीकृत राज्यप्रणालीका पक्षमा आवाज उठाई समानताका पक्षमा आफ्ना भाव प्रतिबिम्बित गरेका छन् ।

'कान्छी, भट्टी र देश' कवितामा कवि इच्छुकका नारी संवेदनाका भावहरू पोखिएका छन् । उनको यथार्थबोधमा नारीहरू, नारीजीवनका उत्पीडनहरू, नारीका विविध भूमिकाहरू कविताका विषय बनेर आएका छन् । प्रस्तुत कविता त्यसैको एउटा भाव हो । भट्टी थापेर जीविका चलाउन बाध्य कान्छीको जीवन-यथार्थलाई कविले देशको पीडासँग तुलना गरेका छन् । बैँसालु यौवन विवशताका थाली र कचौरामा पस्केर सन्तप्त मुस्कानमा उदासी बाँड्ने कान्छी र भट्टीको स्थितिसँगै सिङगै देशको पीडा जोडिएको छ । कवितामा कान्छीका रहरहरू, बन्दकी परेका गण्डकीका बेचैन लहर, गरिब घरकी सुन्दर कन्याजस्तै कामूक आँखाले डामिएकी कर्णाली भनेर चित्रण गरिएको छ । यहाँ कान्छी र भट्टीझैँ भएको देशको पीडा छ । यो पीडा अभिव्यञ्जित भएर कान्छीको भट्टीमा जति विवशता छ त्यति नै देश बेच्ने भट्टीको अवस्थामा समेत छ ।

'इतिहासको यस घडीमा' कवितामा कविले शोषण-दमन, हिंसा-उत्पीडन र अन्यायले आक्रान्त मुलुकको दुर्दुशापूर्ण यथार्थमा उभिएर इतिहासको यस्तो समयमा चेतनशील योद्धाहरू नयाँ दियालो थप्दै सङ्घर्षको आँधीबेहरीमय महायात्रामा हिँड्नु पर्छ र गुराँसको सौन्दर्य चुम्नका लागि युगको हुङ्कार गर्दै महान् उचाइतर्फ उक्लिनु पर्छ भन्ने स्वप्निल सत्यलाई प्रकट गरेका छन् । देशमा अघि बढेको जनयुद्धलाई सम्बोधन गरेर तरुण भनिएको यस कवितामा प्रखर वाणीमा युगको हुङ्कार सुन्न चाहेको बताएका छन् । यही कविताको शीर्षकबाट नै सिङ्गो कविता-सङ्ग्रहको नामाकरण गरेर कविले आफ्नो आस्था, विश्वास र प्रतिबद्धतालाई जनाएका छन् । कविले नेपाली समाजको यथार्थ र सङ्घर्षको गीत गाएका छन् । कुरूप वर्तमानलाई बदलेर सुन्दर समाज निर्माण गर्ने विचारलाई केन्द्रमा उभ्याएर आफ्नो वैचारिक मर्मसित समाज, देश एवम् विश्वयथार्थलाई हेर्ने दृष्टिकोण अभिव्यञ्जित गरेका छन् । कवि इच्छुक देशको पीडा-व्यथाबाट मुक्त हुन आँधीबेहरीमय यात्रा रोकिनु हुन्न भन्छन्

:"इतिहासको यस सङ्क्रमणशील घडीमा
भोको पेटको उर्जस्वी चेतनाहरूलाई
निधारबाट रगतका बाछिटाहरू पोछेर
दयालु मुद्रामा विषालु खाजा पस्किरहेछ, भद्रपुरुष
तिमी भने झुक्किनु हुन्न
कहाँ फुलेको छ र डाँडाको फेदीमा रातै लालीगुराँस
तिमी भने यो फेदीमै अल्मलिनु हुन्न ।"

(इतिहासको यस घडीमा : पृ. ३३)

'जेल' कवितामा कवि कृष्ण सेन 'इच्छुक'ले जीवनका झन्डै दस वर्ष बन्दी जीवन बिताएको अनुभूतिको भाव व्यक्त छ । जेलको वातावरण बताइएको यस कवितामा भयभीत परिवेशमा त्रसित जिन्दगी, जहाँ बाँच्नु पर्दछ त्यहाँ जेल हुन्छ भन्ने मान्यता छ । यस कवितामा 'म' पात्रद्वारा 'तिमी' लाई सम्बोधन गर्दै जेलको स्थिति बताइएको छ । यातना र सन्त्रास कविले आफ्नो जीवनमा भोगेका अनुभूति हुन् ।

'भाउजू' कवितामा नेपाली नारीको प्रतिबिम्ब कविले उतारेका छन् । यहाँ नारीमाथि भएका उत्पीडन र मुक्तिको स्वर अभिव्यक्त गरिएको छ । पितृसत्तावादी वैचारिक सत्ताले 'भाउजू' कविताकी नारी लोग्नेको दासत्वको बन्धनमा जकडिएकी छ ।

भाउजूलाई दाजुले चरणकी दासी ठान्दा शिरको स्वामी मानेर गोडाको जल खाने भाउजूको मर्म छ । पुरुष र नारीको सामाजिक मूल्यको यथार्थ बिम्ब प्रस्तुत गरेका छन् । नारी उत्पीडनको सामन्ती संस्कार र यसले जन्माएको बेथितीलाई यस कवितामा इच्छुकले देखाएका छन् ।

'बन्दी सुगा र उन्मुक्तिको चाहना' बर्षौंदेखि कुँजिएका पखेटा खोलेर उन्मुक्तिको लहरमा उड्न सङ्कल्प गरिएको कविता हो । यो कविता वि.सं. २०४६ को परिवर्तनसँग सम्बन्धित छ । उन्मुक्ति विषालु नङ्ग्राबाट प्रताडित भएको र त्यसबेला कविलाई स्मरण भएको भाव यस कवितामा वर्णन गरिएको छ । पञ्चायती तानाशाही व्यवस्थाको निरङ्कुश पिँजडामा थुनिएको नेपाली समाजको उन्मुक्तिको चाहाना २०४६ सालको उपलब्धिसँग सम्बन्धित छ । जीवनको उज्यालो पक्षलाई उद्घाटित गर्दै कवि आफ्ना कवितामा प्रकृतिको साहचर्यमा प्रतिकूल परिस्थितिबीच पनि स्वर्णिम भविष्यको कामना गर्ने जीवन मुस्कुराइरहेको देख्छन् । साङ्घर्षिक शैलीमा, जनसमरद्वारा जुन रूपान्तर देखा परिरहेको छ, नव बान्कीमा वर्गद्वन्द्व जसरी विकसित भइरहेको छ त्यसको उद्घाटनसमेत उनका कवितामा छन्, वर्तमानको गर्भबाट भविष्यलाई चियाउने र भविष्यको सुन्दर स्वप्न देख्ने काम उनका कविताले गरेका छन् ।[७]

'बहिनीको सम्झनामा' नामक कविता कवि इच्छुकले आफ्नी बहिनी लक्ष्मीका बारेमा लेखेका हुन् । बहिनीको तस्बिर कवितामा स्मरण गरेका छन् । कवि उनका कार्य र तोतेबोलीमा फुटेका बालजिज्ञासामा हराएका छन् । अकालमा मरेका निरीह असङ्ख्य बहिनीहरूसँग उनको तस्बिर साटिएको कवि अनुभूत गर्छन् । ली-हु-लान, लक्ष्मीवाई आदिको सङ्घर्षमा पुग्न सक्ने बहिनीको स्मृतिमा आँसु झारेका कविका अघि सुनौलो युग ल्याउने सङ्घर्षशील महाअभियानमा असङ्ख्य दिदीबहिनी देखापर्छन् र तिनै बहिनीहरूका सङ्कल्पमा आफ्ना पीडाका घाउ बिर्सन्छन् । यो विषम समाजमा बहिनी बाँचेकी भए विद्रोहमा उठ्ने थिई भन्ने भाव व्यक्त गर्छन् ।

[७] ताराकान्त पाण्डेय, **कलम**, (वर्ष ५, अङ्क २, पूर्णाङ्क १५, २०५४ असार), पृ. ७६ ।

'हाता लाग्यो शून्य' कवितामा कवि इच्छुकले गरिबी र अभावको चित्रलाई आफ्ना भावमा कैद गरी पोखेका छन् । वि.सं. २०४७ को परिवर्तनले नेपाली जनताको अभाव र पीडालाई न्यूनीकरण गर्न नसेको छली इतिहास बारम्बार दाहोऱ्याएर जति घोकाए पनि जनताका लागि उपलब्धि नभएको यथार्थ उद्घाटन गरेका छन् । कवि घर हेर्छन्, देश हेर्छन् र चारैतिर हेर्छन्– जताततै अभाव छ हातालाग्यो शून्यको अवस्था छ । यही भावलाई कविले कवितामा उतारेका छन् ।

'वर्मभिmया' कविताको वर्मभिmया धनुषा जिल्लाको कमला नदीको पश्चिम किनारमा पर्ने गाउँ हो । क. रामवृक्ष यादवको जन्म गाउँको कविले उनकै सम्झनामा कविता लेखेका छन् । कवितामा वैरीले शरीरमा गोली हानेर हत्या गरे पनि उनको विचार र सङ्घर्ष अमर भएको भाव प्रकट गरेका छन् । कवितामा कविले अरिङ्गालको गोलो झैं प्रतिरोधपूर्ण सङ्घर्षमा जुध्ने मध्येका क. रामवृक्ष यादवलाई सम्मान गरेका छन् । स्मृतिमा वर्गीय प्रतिबिम्ब उर्तादै कविले माष्टर साहेवलाई मारेर जनपाठशाला बन्द नहुने र जनयोद्धालाई हत्या गर्दैमा मुक्तियुद्ध नरोकिने चुनौतिपूर्ण प्रतिरोध गरेका छन् ।

'दार्बोटको जङ्गलमा' बहुदलवादी भनिने सरकारद्वारा जनताले चलाएको आन्दोलनमाथि भीषण दमन गर्ने प्रक्रियामा जङ्गल अप्रेसनका नाममा रोल्पा जिल्लाको दार्बोटको जङ्गलमा गरिएको सैनिक अप्रेसनको यथार्थ चित्रण हो । दार्बोटको जङ्गल यस्तो अप्रेसनले निभाउन सक्दैन भन्ने भाव कविले प्रस्तुत गरेका छन् । उनले प्रकृतिको मानवीकरण गरेर दार्बोटको जङ्गल, त्यहाँका वृक्ष र लहरालाई जनयोद्धाका रूपमा प्रस्तुत गरेका छन् । दार्बोटको जङ्गलमा अप्रेसन गर्न गएका दमनकारी तत्त्वहरू लाचार भएर फर्किएको घटनालाई कलात्मक रूपमा प्रस्तुत गरेका छन् :

"योद्धा जस्तै अग्ला वृक्षहरू
मोर्चा कसेझैं अविचल उभिरहे
एकताको हातेमालो बाँधेर
लहराहरूले दृढताको मुठ्ठी कसिरहे
सङ्गिनले नझुक्ने साहसका गुराँसहरू देखेर
बन्दुकहरू लाचार भएर गए

झिल्को निभाउन आएकाहरूले
झनै आगो दन्काएर गए
दार्बोटको नाकाबाट सैनिकहरू नाजबाफ भएर गए ।"

(दार्बोटको जङ्गलमा : पृ. ४९)

'घोमपाल' कवितामा कवि इच्छुकले थारू समाजमा भएको दासता र दासतामा अल्झिएका दासहरूको पीडालाई अभिव्यञ्जित गरेका छन् । उत्पीडनको खुला कारागारमा पितापुर्खाझैँ बँधुवा घोमपाललाई प्रतिनिधि पात्रका रूपमा लिएर मालिकका सेवामा जीवन बिताउको वर्गको मुक्ति स्वर नै घोमपालको भाव हो । समाजमा अपहेलित पात्रलाई वर्गीय प्रतिनिधिका रूपमा चित्रण गरेर उनीहरूका मर्मबाट समाजको यथार्थ प्रस्ट्याउने प्रवृति यस कवितामा देखिएको छ । यस कवितामा कविले बदलिएको जमानासँगै जिम्दारहरू फेरिएका छन् होसियार रहन सर्तक गराएका छन् । आफ्नो जिन्दगीको हकदार आफैँ बन्न प्रेरित गरेका छन् घोमपाललाई ।

'सेतु जैसीको घर' कविता एउटा ऐतिहासिक घर हो । छ जना जनछापामारहरूको त्यही घरभित्र सामूहिक हत्या गरिएको थियो । वैरीहरूको बीभत्स नृत्य हेर्न, बर्बर कार्यको अवलोकन गर्न त्यसक्षेत्रमा आउनैपर्ने त्यस घरको भनाइलाई कविले अभिव्यक्त गरेका छन् । सहिदहरूको पवित्र स्मृतिस्थलका रूपमा त्यस घरलाई कविले चित्रित गर्दै सेतु जैसीको घर जनयुद्धको स्मृतिमा सधैँ सहिदको गाथा लिएर चम्किने कविको विश्वास छ । इच्छुकले वर्गसङ्घर्ष र क्रान्तिकर्मको कठोरतालाई आफूभित्र पचाएर युद्धको कठोरता अनि करुणा र संवेदनाको कोमलताबीच अनुपम विशिष्ट एकत्व स्थापित गर्दै संश्लेषणकारी सौन्दर्य प्रकट गरेका छन् । 'सेतु जैसीको घर' कवितामा करुणा र बीभत्सताको द्वन्द्वमा अभिसिञ्चित भावहरू घृणा र आक्रोशमा बदलिएका छन् ।[८]

'तिम्रा युद्ध र बन्दुकहरूका विरुद्ध' कवितामा साम्राज्यवादी र फटाहरूले नै युगयुगदेखि युद्ध र बन्दुकको प्रचार गरेको भावलाई कविले अभिव्यक्त गरेका छन् ।

[८] चैतन्य, "इच्छुक रचित 'इतिहासको यस घडीमा' शीर्षक कविता सङ्ग्रहबारे", **कलम**, (वर्ष ८, अङ्क १, पूर्णाङ्क २१-२४, २०५६ मङ्सिर-माघ), पृ. ३६ ।

वास्तविक युद्ध मच्चाउने र बन्दुक उठाउने को हो ? यही मूल प्रश्नको उत्तरमा कविता सिर्जना भएको छ । गरिबी र अभावले जर्जर देशमा युद्ध मच्चाएर बन्दुक बेच्नेहरू गरिब जनता होइनन् । मजदुर किसानलाई पसिनाबाहेक बन्दुक चाहिँदैन । श्रम र पसिना लुटेर विलासमा डुब्नेहरूका लागि नै बन्दुक र युद्ध मनपर्ने यथार्थलाई कविले उद्घाटन गरेका छन् । बन्दुकको प्रचार गरेर युद्ध थोपर्नेहरूलाई कविले नाङ्गेझार पारेका छन् :

"मैले होइन तिमीले नै गरिरहेछौ श्रीमान्
युग-युगदेखि तिम्रा युद्धहरूको प्रचार
म त भोको छु/खानालाई पेटभर अन्न चाहिन्छ
म त नाङ्गो छु/लाउनलाई आङ्गभरि वस्त्र चाहिन्छ
किन चाहियो मलाई अन्न र वस्त्रहरूको सट्टा
तिम्रो शस्त्रास्त्रहरूको भण्डार
मैले होइन तिमीले नै गरिरहेछौ श्रीमान्
युग-युगदेखि तिम्रा बन्दुकहरूको प्रचार ।"

(तिम्रा युद्ध र बन्दुकहरूका विरुद्ध : पृ. ५५)

'पुर्खे सुनारकी आमा' कवितामा अगाध ममता पग्लिएर पुर्खे सुनारकी आमा बिर्खु सुनार्नी घाइते बधिनी भएको अवस्थालाई कविले चित्रण गरेका छन् । कवितामा ममताको उद्घोष छ । एकलास रानीवनमा एक्लै घेरामा पारेर मारिने निरपराध पुर्खे सुनारलाई कविले नयाँ नजसमरको नयाँ जनगाथा भएको तथ्यका रूपमा उल्लेख गरेका छन् । कवितामा बिर्खु सुनार्नीको प्रतिशोधको हुङ्कार छ । उनको सेतो मजेत्रो छोराको काँचो रगतमा मुछेर बदला लिन मुट्ठी कसेकी बिर्खु सुनार्नी सारा आमाहरूकी प्रतीक बनेकी छन् । कवितामा अवलापन देखाएर आमा रोएकी छैनन् । छोराको हत्यामा पनि इस्पात बनेर दृढतासहित वैरीहरूसँग जुध्ने अठोट गरेकी छन् ।

"यतिबेला देशै ज्यानमाराहरूको बिर्ता भएको देखेर
जिन्दगी नै शहीदहरूका नाममा बकसपत्र लेखेर हिँडिरहेकी
म त क्रुद्ध लाल भैरवी हुँ
म बिर्खु सुनार्नी
नयाँ जनसमरकी नयाँ जनगाथा
मेरो थप परिचय भन्नु केही छैन"

(पुर्खे सुनारकी आमा : पृ. ६०)

'यक्ष-प्रश्न' कवितामा घरतीका अधिकांश मान्छेलाई फाइदा हुने कार्य गर्ने मिथक व्यक्तिहरूलाई सोधिएको प्रश्न नै यसको भाव हो । प्रस्तुत कविता धरतीमा परिश्रम गरेर परिवर्तन चाहने उत्प्रेरणाको खोजीमा केन्द्रित छ । श्रमिकवर्गको सभ्यताको यात्रालाई कविले उजागार गरेका छन् । कवितामा देवताबाट आगो खोसेर मान्छेलाई उज्यालो न्यानो र ज्योति फैलाउने प्रमिथसलाई कसले प्रेरणा दियो ? आदिविद्रोहको शङ्खघोष गरेर स्वाधीनताको न्यायप्रिय दुन्दुभि बजाउन स्पार्टाकसलाई कसले सुऱ्यायो ? घरतीमा प्रगति गर्न युगद्रष्टालाई कुन स्वप्नद्रष्टाले घचघच्यायो ? रक्तबीज भएर सङ्घर्षमा हिँड्न कसले सिकायो ? यस्ता यक्ष-प्रश्नहरू गरेर कविले कवितामा आफ्नो जिज्ञासु भाव अभिव्याञ्जित गरेका छन् ।

'सलाम जेलवाङ' कवितामा कवि इच्छुकले जनयुद्धको प्रक्रियामा रोल्पामा भएको दमन र त्यसको विरोधमा सम्पन्न प्रतिरोध-सङ्घर्षको भावलाई प्रस्तुत गरेका छन् । प्रकृतिलाई मानवीकरण गर्दै पहाड लालयोद्धा बनेको र जङ्गल छापामार दस्ता भएको अभिव्यक्ति दिएका छन् । पाँच जना योद्धाहरूलाई जङ्गलमा एकसाथ हत्या गरिएका सहिदप्रति कविले उच्च सम्मान र श्रद्धा व्यक्त गरेका छन् । यी क्रान्तिका नायक-नायिकालाई कविले सगरमाथासँग तुलना गरेका छन् । कविले समयको स्वर्णिम किरणले उदीयमान युगको नवीन इतिहास लेखेको सन्दर्भलाई प्रस्तुत गरेका छन् :

"पहाड-पहाड होइन यो बेला
लालयोद्धा बनिरहेछ
जङ्गल जङ्गल होइन यो बेला
छापामार दस्ता भइरहेछ
प्रतिरोध क्याम्पमा
मोर्चाबद्ध भएका छन् गाउँहरू
सगरमाथाले
धरतीको शिखरमाथि
लालध्वजा फहराइरहेछ"

(सलाम जेलवाङ : पृ. ६५)

'गोचाली' कवितामा कविले गोचालीलाई मुक्तिको हुङ्कार छोडेर दासताको युगीन साङलो चुँडाई लुटिएको सुन्दर फूलबारीको माली बन्न आह्वान गर्दै

सम्बोधनात्मक भाव प्रकट गरेका छन् । गोचाली थारू समाजमा पसिना र श्रमको मूल्य खोज्ने विद्रोही हो । कविले पसिनाको अधिकार खोसिएर गोचालीको अवस्था बिग्रिएको यथार्थलाई प्रस्तुत गरेका छन् । कविले गोचाली धरतीको आदिपुत्र भएको उल्लेख गर्दै उसलाई कमैयाको जिन्दगी बिताएको पात्रका रूपमा चित्रण गरेका छन् । कवितामा परिश्रमी जनताप्रति अगाध आस्था र उत्पीडित पुँजीपति तथा जमिनदारीप्रति चरम घृणा व्यक्त गरिएको छ ।

'सिम्ठारो धान' कवितामा रङ, रगत र जातका बारेमा विभाजक रेखा बनाएर पर्गेल्ने समाजको पाखन्डी चलनलाई मेरो जात के हो भन्ने प्रश्न सोध्दै भाव व्यक्त गरिएको छ । सिम्ठारो धान आकासे पानीका भरमा विनामल उपेक्षाले फल्छ तर विलासी महलमा कहिल्यै पाक्दैन, रङ्गभेदको रेखाले अपहेलित र उपेक्षित भएको यथार्थलाई कविले समाजमा हेपिएका उत्पीडित जातिसँग तुलना गरेका छन् ।

'बन्दी छोराको पत्र' कवितामा देशका अन्य सन्ततिहरूका साथमा बन्दी जीवन बिताएको छोराले आमालाई पत्र पठाएको भाव व्यक्त भएको छ । क्रान्तिकारीलाई गिरफ्तार गरी बन्दी बनाए पनि विचार र चेतनालाई बन्दी बनाउन सकिँदैन भन्दै कवि त्यही मुक्त चेतनाले आँधीबेहरी ल्याउने विश्वास व्यक्त गर्छन् । उनले बन्दी जीवनमा पनि आफ्नो उपस्थिति आमाको काखमा हुने र प्रियजनहरूको साथमा रहने विचार व्यक्त गरेका छन् । देशका निम्ति प्राण अर्पण गर्ने इच्छा राखेको बन्दी छोराले देशका जम्मै सन्ततिहरू प्रिय पुत्र हुन् भन्ने यथार्थ आमालाई बुझाएको छ । बन्दी जीवनका नारकीय क्षणमा पनि आमाका सुन्दर सपना सजाएको विचार उसको छ । आफ्ना कदममा नेल र हातमा हत्कडी बाँधिए पनि पौरखी हातहरू निर्माण भएर जुधिरहेको सन्दर्भमा जोडिएका छन् । सपनालाई विपना बनाउने अथक सङ्घर्षमा होमिएका कवि भन्छन् :

"तिनै विपनाहरूको अर्चनामा
मेरो रगत देशकै लागि बगोस् आमा !
म जहाँ मरूँ देशकै लागि मरूँ
मुक्तियुद्धको हवन कुण्डमा
मेरो जीवन पवित्र समिधा बनोस्

मेरो प्राण प्रज्वलित अग्नि बनोस्
र, म जैले मरूँ देशकै निम्ति मरूँ ! ”

(बन्दी छोराको पत्र : पृ. ७१-७२)

‘प्रतिबन्ध’ कविता ‘इतिहासको यस घडीमा’ कविता-सङ्ग्रहको अन्तिम कविता हो । निरङ्कुश आदेशहरूलाई अस्वीकार गरी तानाशाही बर्बर स्वेच्छाचारका विरुद्ध निरन्तर आवाज उठाउने प्रतिबद्धतासहितको भावलाई कविले उद्घाटन गरेका छन् । गणतान्त्रिक चेतनाले ओतप्रोत यस कवितामा कविका स्वरहरूमा प्रतिबन्ध र ओठमा ताल्चा झुन्ड्याउँदै गीत गाउन भने पनि गाउन सकिने, विचारमा प्रतिबन्ध लाएर हत्कडी पहिल्याउँदै लेख भने पनि त्यही गीत लेख्न सकिने अठोट उल्लेख भएको छ । दमनको विरोध र स्वतन्त्रता अर्थात् मुक्तिको आवाज प्रतिबन्ध अवस्थामा पनि घन्किने कविको विश्वास छ :

“उठाइरहन्छौँ हामी तिम्राविरुद्ध सङ्घर्षका हातहरू
कसिरहन्छौँ हामी तिम्राविरुद्ध विद्रोहका मुट्ठीहरू
ओ, अत्याचारका पहरेदारहरू !
अन्तिम जीत हाम्रै हो
तिम्रो हारमाथि विजयको झन्डा गाड्दै
हामी भने अथक र अविचल
अन्तिम युद्ध लडिरहन्छौँ ।”

(प्रतिबन्ध : पृ. ७४)

कवि कृष्ण सेन ‘इच्छुक’ को ‘इतिहासको यस घडीमा’ कविता-सङ्ग्रहभित्रका कविताहरूले श्रमिक-किसान र शोषितपीडित वर्गको मर्म बोल्दछन् । शोषणले थिल्थिलिएको समाजले हुङ्कार गर्छ, शोषणमुक्त समाजको निर्माणमा जुटेका योद्धाहरूमा रहेको विश्वास, समर्पणको चैतन्य एवम् निष्ठा प्रदर्शित छ । जनता ढाल बनेर सम्पूर्ण शक्तिविरुद्ध जुध्ने यथार्थ र त्यसमा हातेमालो गर्ने प्रतिबद्धता यस सङ्ग्रहका कवितामा देखिन्छ ।[९] महान् जनयुद्धका उदात्त भावधारामा विषयलाई केन्द्रित गर्दै कविताले वर्गयुद्धको संवेदनशील भावधारालाई प्राथमिकताकासाथ प्रस्तुत गरेका छन् । पितृसत्तावादी वैचारिक सत्ता र राज्यसत्ता दुवैमाथि प्रहार गर्दै इच्छुकले

[९] सुकुम शर्मा, **कवि इच्छुक : कविताका सन्दर्भमा,** (काठमाडौँ : विश्व साहित्य प्रकाशन, २०६०), पृ. ३८ ।

महिलामुक्तिको समेत पक्षपोषण गरेका छन् । विश्वभर र नेपालमा पनि क्रान्तिकारीहरूलाई उग्रवादी, आतङ्कवादी भनेर बदनाम गर्न खोज्ने र उल्टै जनतामाथि बर्बर युद्ध लाद्दै आउने प्रतिक्रियावादीहरूका विरुद्ध साथै तिनका पछि लाग्ने संशोधनवादीहरूका विरुद्ध पनि उनका कविताहरू सशक्त रूपमा उभिएका छन् । यसर्थ उनका कविताहरूमा देशभक्तिका साथै सर्वहारा अन्तर्राष्ट्रियतावादी भावनाले समृद्ध छन् । यी दुवैलाई जोड्ने काममा क्रान्तिकारीको चेतनाले मूल कडीको भूमिका खेलेको पाइन्छ ।[१०] क्रान्ति र क्रान्तिकारी शक्तिप्रति अगाध आस्था राख्दै उत्पीडनका विरुद्ध मुक्तिको सन्देश प्रसारित गर्न इच्छुकका कविताहरू सक्षम, सबल र स्वीकृत छन् । मूलतः कविताहरूमा जनसङ्घर्ष र वर्गयुद्धको भावधारा वगिरहेको स्पष्ट हुन्छ ।

### ५.३.२ 'इतिहासको यस घडीमा' कविता–सङ्ग्रहमा रूपविधान

कवि कृष्ण सेन 'इच्छुक'को 'इतिहासको यस घडीमा' कविता-सङ्ग्रहभित्रका कविताहरूको विश्लेषणका क्रममा रूपविधानलाई दोस्रो आधार मानिएको छ । रूपविधानभित्र संरचनागत प्रस्तुति, कवितामा प्रयुक्त भाषाको सौन्दर्य, कथनपद्धति, लयविधान, बिम्ब र प्रतीकको योजना पर्दछन् । जीवनका यातनामय अनुभूतिको कवितात्मक प्रस्तुतिका सन्दर्भमा 'इतिहासको यस घडीमा' कविता-सङ्ग्रहभित्रका कविताहरूको रूप सहज र आकर्षक छ । कविताको शिल्पविधान र संरचनागत प्रस्तुतिमा इच्छुकको आफ्नै मौलिकपन छ । माओवादी जनयुद्धले निर्माण गरेको साङ्घार्षिक परिवेश र त्यसबाट उत्पन्न सङ्कट एवम् उत्साहलाई समात्न कविताहरूमा प्रयोग गरिएको भाषा राजनीतिक पारिभाषिक शब्दावलीले युक्त छ । उग्रवादी, क्रान्तिदूत, सहिद, कमरेड, गोलबन्ध, प्रतिबन्ध, बलिदान, श्रमिक, इन्कलाब, जुलुस, साम्राज्य, स्वतन्त्रता, जेल, क्रान्ति, आतङ्कवादी, सपथ, तानाशाह, हुकुमजस्ता राजनीतिक शब्दहरूको प्रयोगका अलावा कविताहरूमा सशस्त्र युद्धसँग सम्बन्धित क्याम्प, मोर्चा, ट्रेन्च, किल्ला, बन्दुक, शस्त्रास्त्र, छापा, घेराबन्दी, साइरन, मार्चपास, बारुद, चाँदमारी, तरबार, परेड, बम, गोलीजस्ता शब्दहरूको समुचित प्रयोग भएको छ । कवि इच्छुकले आफ्ना कविताहरूमा प्रयोग गर्ने भाषा सरल, सहज, सरस छ ।

---

[१०] चैतन्य, पूर्ववत् ।

यस कविता-सङ्ग्रहभित्रका कविताहरूमा सरल भाषाको प्रयोग गरेर गहन विचार अभिव्यक्त गरेका छन् । सरल भाषाको माध्यमबाटै उनले ओजपूर्ण र सुन्दर अभिव्यक्ति दिएका छन् । भाषाको सरलता नै उनका कविताको विशेषता बनेको छ । युद्धका क्रममा विशिष्ट बन्दै गएका थवाङ्ग, सेरम, चुनवाङ, मिरुल, चिङ-काङ-सान, जलजला, बर्मझिया, दार्बोट, मेलगैरी, तेवाङ, प्वाङ्ग, हुकाम, काँक्री, जेलवाङजस्ता स्थानवाचक नामहरूले कवितामा प्रयुक्त भई तत्स्थानको ऐतिहासिकतालाई प्रदर्शित गरिरहेका छन् जसले स्थानीय रङ र आञ्चलिकताको महत्त्व राख्दछन् । विश्वपरिदृश्यमा मुक्तिकामी युद्ध चलेका स्थानको पनि कवितामा सन्दर्भगत तवरले प्रयोग गरिएको छ । वर्गीय राजनीतिको विषयलाई समान, सक्षम र सफल कविता-सङ्ग्रहभित्रको कविताको भाषा समष्टिमा सरल, सहज, प्रवाहमय, गीतिमय र सम्प्रेषणीय रहेको छ; जस्तै–

"हाम्रा स्वरहरूमा प्रतिबन्ध लगाउँदै
हाम्रा ओठहरूमा ताल्चा झुन्ड्याउँदै
तिमी भन्छौ - गाउन त गाऊ
तर त्यो गीत नगाऊ
हामी भने त्यही गीत गाइरहन्छौँ ।"

(प्रतिबन्ध : पृ. ७३)

कवि इच्छुकका कविताहरूको वाक्यगठन जटिल वाक्यात्मक ढाँचाको देखिन्छ तर त्यो अस्पष्ट र दुर्बोध्य भने छैन । कवितामा भाषिक विचलन शाब्दी भन्दा आर्थी बढी छ । यसप्रकारको भाषिक विचलनले कवितात्मक भावलाई विशिष्ट बनाउन महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ । केही उदाहरणहरू हेरौँ :

"शीरमाथि सिङ्गो आकाश उचाल्न सक्ने तिमीहरू, बच्चाहरू
बाहुलीमा सम्पूर्ण संसार थाम्न सक्ने तिमीहरू, बच्चाहरू"

(झुल्केको घामका राता किरणहरू : पृ. २५)

"भट्टीमा भात पाकिरहेछ
भातसँगै कान्छीको लाज पाकिरहेछ
भट्टीमा मासु पाकिरहेछ
मासुसँगै कान्छीको आँसु पाकिरहेछ
भट्टीमा रक्सी बिकिरहेछ
रक्सीसँगै कान्छीको श्री बिकिरहेछ"

(कान्छी, भट्टी र देश : पृ. ३२)

"माटोमा भिजेका तिम्रै रगतका टाटाहरूले
जनअदालको खुला इजलासमा
बर्बर हत्याको किटानी जाहेरी दिइरहेछन्
उदास नहरको सन्तप्त किनारमा
शोकमग्न उम्रेका सिसौका बोटहरूले
तिम्रै ज्यानमुद्धाको सरजमिन गरिरहेछन्
मकैका घारीले बारीबाट
आक्रोशित मुद्रामा तिम्रै हत्याको साक्षी बकिरहेछन्"

(बर्मभिझया : पृ. ४७)

'इतिहासको यस घडीमा' कवितासङ्ग्रहमा कविले प्रकृतिको मानवीकरण पनि गरेका छन् । प्रकृतिलाई मानवका रूपमा उभ्याउँदा कविले विशेषतः गर्विलो, ओजिलो, सङ्ग्रामी तथा नीडरपन देखाएका छन् । कविले प्रकृतिलाई योद्धाका रूपमा, छापामारका रूपमा, भविष्य-द्रष्टाका रूपमा पनि प्रयोग गरेका छन् । मुक्तियुद्धका लागि बलिदानी योद्धालाई जन्माउने प्रकृतिको महत्त्वगान कविले खुलेर गरेका छन् ।

इच्छुकको यस सङ्ग्रहका कविताहरूमा अलङ्कार प्रयोग सायास छैन, स्वाभाविक छ । भावावेगका क्रममा आफैँ सङ्गठित बन्दै आएको आलङ्कारिताले भावको उद्बोधनलाई नै सघाएको छ । विशेषतः अनुप्रास अलङ्कारले कवितालाई लयात्मक र गीतिमय बनाउन खेलेको भूमिका महत्त्वपूर्ण छ । कविताभित्र प्रयोग भएको अनुप्रास अलङ्कारका केही नमुना यसप्रकार छन् :

"पीडाका आरनहरूमा पाइन चढेर
तिमी तेजिलो धार बन्दै उठ
दुःखका आगो ओकल्ने भट्टीहरूमा
तिमी इस्पाती तरबार बन्दै उठ"

(झुल्केको घामका राता किरणहरू : पृ. २५)

"मैले त केवल मेरै पौरखको सौगात मागिरहेछु
मैले त केवल मेरै गौरवको प्रभात मागिरहेछु "

(तिम्रा युद्ध र बन्दुकहरूका विरुद्ध : पृ. ५७)

अनुप्रास अलङ्कारको मिठास हुँदाहुँदै कतैकतै कवि त्यसैको परिधिभित्र घुमिरहेर भावको गतिलाई अवरोध गरिरहेका पनि भेटिन्छन् । एउटै लहरमा भन्न सकिने

कुराहरूलाई धेरै पटक पुनरावृत्ति गरेर लयात्मक र गीतिमय बनाउन खोजे पनि त्यस्तो अनुप्रासले रस र भावलाई खण्डित पार्न खोजेको पनि देखिन्छ; जस्तै–

"सहर-सहर, बजार-बजार
कतै कुनै सडकहरूमा रिक्सा हाँकिरहेका पनि देखिनेछन्
दायाँ बायाँ, जाहाँ-तहाँ
कतै कुनै होटलहरूमा झाँडा माझिरहेका पनि देखिनेछन्
गल्ली-गल्ली, चोक-चोक
कतै कुनै नगरहरूमा ठेला तानिरहेका पनि देखिनेछन्
ती यहाँ खाई-नखाई रिक्सा हाँक्छन्
देश फर्कँदा हामी तिनैलाई 'लाहुरे' भन्छौँ
ती त्यहाँ हात कुहाई-कुहाई भाँडा माझ्छन्
देश फर्कँदा हामी तिनैलाई 'लाहुरे' भन्छौँ
ती त्यहाँ सकी-नसकी ठेला तान्छन्
देश फर्कँदा हामी तिनैलाई 'लाहुरे" भन्छौँ ।"

(लाहुरे : पृ. १२)

इच्छुकको यस सङ्ग्रहभित्रका कवितामा स-साना बिम्बहरूको स्वाभाविकता सँगसँगै लामालामा बिम्बमालाहरूको उपस्थिति पनि छ । ती बिम्बहरू सजीव, भावमय र सघन छन् । यथार्थ तथा सम्भावनाको द्वन्द्वमा खेल्दै नयाँ बिम्बहरूको सृष्टि गर्न कवि इच्छुकको कल्पना निकै उर्वर रहेको छ ।[११] पुराण, इतिहास, प्रकृति, समाज, वर्गसङ्घर्ष र वर्गयुद्धका बीचबाट टिपिएका बिम्ब र प्रतीकहरूले कविताको कलात्मक नवीनतालाई कायम राखेका छन् । यस्ता बिम्ब र प्रतीकहरू जनयुद्धको आँधीबेहेरी प्रदर्शन गर्न र जित सुनिश्चित बनेको देखाउनमा तथा शोषणचक्रको क्रूरता उद्घाटित गर्ने सन्दर्भमा आएका छन् । उनी सचेत रूपमै बिम्ब र अलङ्कारको आयोजना आफ्ना कवितामा गर्दैनन् तर कवितालाई सहजता र सहजताभित्रै कलात्मक प्रभावसामर्थ्य प्रदान गर्ने प्रयासका बीचबाट सहज रूपमै बिम्ब र अलङ्कारको सृष्टि पनि हुन जान्छ ।[१२] बिम्ब र प्रतीकको सुन्दरताले युक्त एउटा कवितांश यसप्रकार छ :

"भोको कुकुर आकाशतिर फर्केर रुन्छ
नानीहरू चाचा र खाजा भन्छन्

---

[११] ऐजन ।

[१२] ताराकान्त पोण्डेय, "इतिहासको यस घडीमा : वैचारिक र कलात्मक निष्ठाको स्मारक" **खसानी**, (वर्ष १ अङ्क १, २०५६ असोज), पृ. १४९ ।

उदास घरले औंडाहाको सुस्केरा फाल्छ
जहानहरू बातैपिच्छे रिसका नरसिङ्गा बजाउँछन्
मर्नु पनि गाह्रो
बाँच्नु पनि अप्ठ्यारो
जीवन सुखको मालसिरी गीत हो
या दुःखको करुण चीत्कार ?"

(हाता लाग्यो शून्य ! : पृ. ४५)

'इतिहासको यस घडीमा' कविता-सङ्ग्रहमा कतैकतै संवादहरू पनि कविता बनेर आएका छन् जसले नाटकीयता थपेको छ । हरफ-योजनाका क्रममा चिह्नको प्रयोग भावसमष्टिलाई एकीकृत गर्न कविले प्रशस्त मात्रामा प्रयोग गरेका छन् । सबै कविताहरू गद्यलयमा नै आबद्ध छन् तर तिनीहरूमा गीतिमय प्रवाहको लयात्मकता छ । त्यसबाट उत्पन्न विचार पाठकलाई जोस जगाउन सक्ने खालको छ । कविताको प्रस्तुतिमा आख्यानात्मकताको पुट पाइन्छ । वर्णनात्मक शैलीलाई संवादले मिठासपन थपेको छ; जस्तै–

"अँध्यारो फाटिसक्यो
तर तिम्रो भने उस्तै अँध्यारो छ
घोमपाल कहिले लाग्छ
भ्रमको बाक्लो तुवाँलो फाँडेर
तिम्रो आङमा चेतनाको उज्यालो घाम भन ?
अझै पनि दास र उदास तिमी
युगीन दासताको नयाँ साङ्लोलाई चुँडालेर घोमपाल, कहिले बन्छौ
अब आफ्नो जिन्दगीको आफैँ हकदार भन ? "

(घोमपाल : पृ. ५२)

कवि इच्छुकका कविताहरू व्याकरणिक सङ्गतिमा आबद्ध बनी निबन्धात्मक पाराका देखिन्छन् । त्यसो हुँदाहुँदै पनि कविताले बोकेको सङ्घर्षशील परिवर्तनकामी विचारका कारण सङ्ग्रहभित्रका कविताहरू मौन पठनका सन्दर्भमा भन्दा सस्वर पठनका सन्दर्भमा उत्कृष्ट बनेका छन् । यसप्रकार यस सङ्ग्रहभित्रका कविताहरूको रूपविधान भावसुहाउँदो, स्वाभाविक, कलापूर्ण र विशिष्ट खालको छ । जसले कवितात्मक कलालाई उत्कृष्ट ढङ्गले प्रदर्शित गरेको छ । निष्कर्षमा 'इतिहासको यस घडीमा' कविता-सङ्ग्रहभित्रका कविताहरूको भावविधान र रूपविधानको एकमुष्ट

निचोड प्रस्तुत गर्नुपर्दा जनताको अपहरण गरिएको स्वत्वको मूल्यलाई सर्वोच्च स्थानमा राखेर सामन्ती पुँजीवादी विचाधाराका विरुद्ध सर्वहारावादी विचारधाराको पक्षपोषण गर्दै नयाँ सांस्कृतिक मूल्यका संवाहक जनसमुदाय र आस्थाका सहिदप्रति उच्च सम्मानभाव व्यक्त गर्नु क्रान्तिका योद्धा तथा जनाताको त्याग, शौर्य र बलिदानी भावको उच्च सम्मान गर्दै उनीहरूलाई उदात्त आदर्शका रूपमा प्रस्तुतत गर्नु नै यस सङ्ग्रहको महत्त्वपूर्ण पक्ष हो जसले नेपाली समाजका नयाँ सांस्कृतिक मूल्यहरूलाई उद्घाटित गरेर पुरातन यथार्थको भ्रूटका विरुद्ध, जर्जर जीवन-मूल्यका विरुद्ध घृणाभाव र नयाँ यथार्थको सच्चाइप्रति, जनहितप्रति, नवीन जीवनमूल्यप्रति सौम्य भाव प्रकट गरी आफूलाई प्रगतिवादी कविताका क्षेत्रमा उभ्याउने सार्थक र सफल प्रयास गरेको छ । यस सङग्रहका कविताहरूले प्रगतिवादी कवितालाई दिशा र नेतृत्व प्रदान गरेका छन् । कविताहरू गतिशील यथार्थलाई वैचारिक र कलात्मक रूपमा प्रस्तुत गर्न सफल भएका छन् । प्रगतिवादी नेपाली कविताका फाँटमा कविता-सङ्ग्रह सतिसालझैँ उभिन सक्षम छ । प्रगतिवादी नेपाली कविताका क्षेत्रमा क्रान्तिकारी कविका रूपमा स्थापित कवि इच्छुकको यो कविता-सङ्ग्रह भाव र विचारमा सशक्त, रूपसंरचना-शिल्पमा सुन्दर दस्ताबेज बनेको छ । रूप र अन्तर्वस्तुको सही तालमेल यस सङ्ग्रहका कवितामा भएको छ ।

## ५.४ 'बन्दी र चन्द्रागिरि' को विश्लेषण

### ५.४.१ पृष्ठभूमि

'बन्दी र चन्द्रागिरि' प्रगतिशील अध्ययनकेन्द्र काठमाडौँबाट वि.सं. २०५७ मा प्रकाशित काव्यकृति हो । यो कवि कृष्ण सेन 'इच्छुक' को पछिल्लो र अन्तिम कृति पनि हो । नौवटा लामा कविताहरूको क्रमिक विन्यासबाट यो कृति तयार भएको छ तर ती नौवटा कविताहरू आपसमा अन्तरसम्बन्धित रहेका छन्, विषयवस्तुमा तालमेल छ र ती सबै कविता चन्द्रागिरिलाई सम्बोधन गरी एकालापीय शैलीमा प्रस्तुत गरिएको छन् । कूल ५५ पृष्ठमा फैलिएका लयात्मक गद्यकविताका हरफहरूबाट निर्मित यस कृतिलाई लामो कविता वा काव्य पनि भनिएको छ तर कृतिमा स्पस्ट आख्यानात्मकता

छैन, पात्र र चरित्रको प्रचलित ढङ्गको विन्यास पनि छैन । कवि स्वयम्को आशय र अनुभूतिबाट काव्य बनेको छ । यस विषयमा कविको भनाइ छ : "यो लेख्न सुरु गर्दा पहिले खण्डहरूको कुनै नाम नदिएर केवल एक दुई, तीन मात्र भनेर विभाजन गरेको थिएँ । नवौँ खण्ड लेखिसिध्याएपछि प्रत्येक खण्डलाई छुट्टाछुट्टै उप-शीर्षकमा राखेको छु । त्यो कत्तिको उपयुक्त हुन्छ म भन्न सक्दिनँ ।"[१२] सिङ्गो कृतिलाई 'लामो कविता' भनिए पनि वा काव्य भन्नु उचित भए पनि हरेक कविताहरू काव्य वा लामो कविताका अंश मात्र होइनन्, ती हरेक कविता स्वतन्त्र भएर बाँच्न सक्दछन् र एक्लैमा पूर्ण पनि छन् । त्यति हुँदाहुँदै पनि 'मधेदूत' र 'तरुणतपसी' लाई काव्य मानिएको स्थितिमा 'बन्दी र चन्द्रागिरि' लाई काव्य मान्न सकिने समालोचकहरूको मत छ । यहाँ कवि इच्छुकको 'बन्दी र चन्द्रागिरि' कृतिलाई काव्यकै रूपमा विश्लेषण गरिएको छ ।

## ५.४.२ विषयवस्तु

कवि कृष्ण सेन 'इच्छुक'ले यो काव्य वि.सं. २०५६ मा भद्रबन्दीगृहमा जेल-जीवन बिताउँदा रचना गरेका हुन् र यसको प्रकाशन वि.सं. २०५७ भाद्रमा भएको हो । त्यतिबेला उनी सिराहा कारागारमा थिए । यस कृतिले उठाएको विषयवस्तु जनयुद्धद्वारा उद्घाटित नयाँ यथार्थका बलिदानीहरू र राज्यसत्तासँग भइरहेको द्वन्द्वसङ्घर्ष नै हो । द्वन्द्वात्मक भौतिकवादी जीवनदर्शनलाई आत्मासात् गरी नेपाल र नेपाली जनताको पूर्ण मुक्तिको उद्देश्य लिएर भएको जनयुद्ध र त्यसबाट जन्मिएका संवेदनाहरू नै काव्यका भाववस्तु हुन् । त्यसैले वर्तमान समाजको वर्गद्वन्द्व र त्यसबाट सिर्जित घटनावलीप्रतिको विश्लेषणात्मक दृष्टिकोण नै प्रस्तुत कृतिको विषयवस्तु हो । प्रस्तुत काव्यको वैचारिक पक्ष फाँसीवादी राज्यसत्ताद्वारा अपहरण गरिएको कवि तथा कलाकारहरूको अभिव्यक्ति स्वतन्त्रताको प्रश्न हो । 'बन्दी कविताको मुक्ति-कामना र कारागारको कठोर बन्धनबीचका अन्तर्विरोधहरूलाई यहाँ विविध रूपमा निकै मार्मिक

[१२] इच्छुक, "यसबारे मेरो भन्नु", **बन्दी र चन्द्रागिरि**, (काठमाडौँ : प्रगतिशील अध्ययन केन्द्र २०५७), पृ. ग ।

ढङ्गले प्रस्तुत गरिएको छ ।[१३] यस काव्यका हरेक शीर्षकमा न्याय, समनता, उन्मुक्ति, स्वतन्त्रता र क्रान्तिप्रतिको प्रतिबद्धताका स्वरूपहरू गुञ्जिएका छन् । यिनै कुराले विषयवस्तुलाई केन्द्रमा राखेको छ । काव्यको सुरुदेखि अन्त्यसम्म वैचारिक दृढता लयात्मक भएर अगाडि बढेको छ ।

## ५.४.३ चरित्र

लामो कवितामा स्थूल होस् वा सूक्ष्म, तर आख्यान आवश्यक मानिन्छ । आख्यानलाई अगाडि बढाउन पात्रको आवश्यकता हुन्छ । 'बन्दी र चन्द्रगिरि' काव्यमा जम्मा दुई पात्र छन् । पहिलो, बन्दी (म पात्र) मानवीय पात्रका रूपमा छ भने दोस्रो, 'चन्द्रगिरि' बन्दीका अभिव्यक्तिहरू सुनिदिने मूक पात्रका रूपमा उपस्थित छ । यहाँ 'चन्द्रगिरि' बन्दीका लागि प्रेमिका हो, साथी हो, साक्षी हो, प्रेरणाको स्रोत र आस्थाको प्रतीक पनि हो । काव्यमा यी दुवै पात्र आदिदेखि अन्त्यसम्म कही कतै लोप भएका छैनन् । बन्दीले सुरुदेखि अन्त्यसम्म चन्द्रागिरिलाई सम्बोधन गरिरहन्छ तर चन्द्रागिरिको बन्दीलाई कुनै उत्तर र सम्बोधन छैन । चन्द्रागिरि मूक पात्रका रूपमा केवल बन्दीको एकालाप सुनिदिन्छ । पर्खालभित्रको एक्लो मान्छेको रूपमा यहाँको बन्दी नायक देखिदैन । यहाँको मुक्तिपथको योद्धायात्रीले चन्द्रागिरिसँगको सामिप्यमा आत्मीयता पाएको छ ।[१४] यहाँ भद्रबन्दीगृहबाट दक्षिण-पश्चिममा देखिने 'चन्द्रागिरि' पर्वतलाई गम्भीर र समझदार साक्षीका रूपमा उभ्याएर मानवीकरण गरिएको छ । बन्दी (म) मात्र आस्थाका लागि लड्दालड्दै सत्तासीनहरूबाट बन्दी बनाइएको अग्रगामी र क्रान्तिकारी चरित्र हो भने 'चन्द्रागिरि' म पात्रको अभिव्यक्तिलाई सहज बनाउने उद्धीपन र आलम्बन विभाव हो । 'बन्दी कविको अन्तर्भावनाको सहभोक्ता पात्रका रूपमा 'चन्द्रागिरि' मूक र स्थावर भएर उभिएको छ । कविका अन्तर्संवेदनाले मूक वस्तु वाचाल बन्दछ, स्थिर वस्तु गतिशील बन्दछ, जड वस्तु चेतनशील बन्दछ । बन्दी कविसँग जीवनका विसङ्गत र विकृत अवस्था मात्रै होइन, नेपाली समाजका

[१३] चैंतन्य, "इच्छुकको बन्दी र चन्द्रगिरि : एक्काइसौँ शताब्दीको उक उत्कृष्ट प्रारूप", **क्रान्ति र सौन्दर्य**, (काठमाडौँ : प्रगतिशिल अध्ययन केन्द्र, २०६४), पृ. १६८ ।

[१४] जगदीशचन्द्र भण्डारी, "इच्छुक अग्रगामी चेत र विद्रोहका उत्कृष्ट कवि", **वेदना,** (वर्ष २९, अङ्क ३, पूर्णाङ्क ६७, २०५९ चैत्र), पृ. ३४ ।

कुरूप र अमानवीय यथार्थका पर्यावरणलाई जड र मूक चन्द्रागिरिले आत्मासात् गरेको छ र कविसँगै सहभोग गरेको छ ।[१५]

यस काव्यको चरित्र वा पात्रका रूपमा बन्दी (म पात्र) र चन्द्रागिरि (अमूक) गरी दुई पात्र छन् । काव्यको शीर्षक पनि यिनै दुई पात्रको मिलनबाट 'बन्दी र चन्द्रगिरि' नामाकरण गरिएको छ । काव्यको नायक (म) भद्रगोल जेलमा बन्दीका रूपमा छ भन्ने 'चन्द्रागिरि' म पात्रको खुसी र वेदनाकी सहभागी स्नेहमयी प्रेयसी, सहयात्री एवम् सहयोद्धाका रूपमा प्रस्तुत छ ।[१६]

### ४.४.४ परिवेश

'बन्दी र चन्द्रागिरि' काव्य वि.सं. २०५६ मा भद्रगोल जेलभित्र लेखिएको कृति हो । तत्कालीन समयमा नेपालका संसदीय राजनीतिक पार्टीहरू सरकार बनाउने र ढाल्ने फोहरी खेलको अभ्यासमा क्रियाशील थिए भने आफ्नो पार्टीको इच्छाविपरीत नै भए पनि पद र प्रतिष्ठाका लागि सत्ता एवम् कुर्सीको दौड चलिरहेको थियो । यही परिवेशमा अर्कातिर संसदीय चुनावको अभ्यास पनि भइरहेको थियो । नेताहरूको गतिविधिबाट जनताहरू असुन्तष्ट हुनेक्रम बढ्दै थियो । वि.सं. २०५२ फागुन १ गतेबाट सशस्त्र जनयुद्धको घोषणा गरेर भूमिगत भएको ने.क.पा. माओवादी गाउँगाउँमा सङ्गठन विस्तार र सरकारी निकायमाथि आक्रमण गर्ने काम बढाउँदै थियो । यस पार्टीले संसदीय चुनावलाई बहिष्कार गर्ने घोषणा गरेको थियो । 'भट्टे डाँडा प्रहरी चौकीमा साहसिक आक्रमण' शीर्षक समाचार 'जनादेश' मा छापेबापत तत्कालीन सरकारले कवि इच्छुकलाई गिरफ्तार गरी बन्दी बनाएको थियो । भद्रगोल जेलबाट देखिने चन्द्रगिरि पहाडलाई प्रेयसी, सखा र योद्धाको प्रतिमूर्ति मानेर कविले 'बन्दी र चन्द्रगिरि' रचना गरेका हुन् । यस सम्बन्धमा कवि स्वयम्को कथन चाहिँ यस्तो छ– "जेलको बसाइलाई सकेसम्म सार्थक बनाउने र खाली समयलाई सदुयोपयोग गर्ने प्रयासस्वरूप मैले आफ्ना अनुभूतिहरूलाई शब्दमा अभिव्यक्त गर्न

[१५] राजेन्द्र सुवेदी "बन्दी र चन्द्रागिरि सङ्ग्रहका कविताको सङ्क्षिप्त अध्ययन", **साहित्य सन्ध्या,** (वर्ष १, अङ्क २, २०५७ पुस), पृ. ३१ ।

[१६] नन्दीश अधिकारी, "बन्दी र चन्द्रागिरिमा इच्छुकको कविता", **कलम,** (वर्ष ९, अङ्क २, पूर्णाङ्क २९,२०५७-०५८ फागुन-वैशाख), पृ. ५५ ।

थालेको हु ।"[१७] "यस काव्यमा सामाजिक परिवेश र द्वन्द्वरत स्थितिको पूर्ण कलात्मक प्रतिबिम्बन छ । काव्यभित्र प्रकृतिचित्रण/ऋतुवर्णन छ यसको सम्बन्ध मानवजीवनसँग छ । काव्यमा पहाडलाई मानवीकृत गरी चेतनप्रवाह शैलीमा आफ्नो जेलबसाइको लक्ष्य बताइएको छ ।"[१८]

## ५.४.५ भाव र विचार

'बन्दी र चन्द्रागिरि' काव्यमा कवि इच्छुकले आफ्नो वैचारिक आस्था र प्रतिबद्धतालाई बन्दी अवस्थामा पनि अमूक चन्द्रागिरिलाई सम्बोधन गरेर जाहेर गरेका छन् । "यो काव्यमा देशप्रेम र देशभक्तिको स्वर मुखरित भएको छ भने अर्कातिर साम्यावादी विचार-प्रवाहको निरन्तर यात्रा र यसको अमरताको छनक पनि दिइएको छ । कवि 'बन्दी' पात्रका मुखबाट आत्मालापझैँ चन्द्रागिरि पहाडलाई साक्षी राखेर यसमा भाव र कल्पनामय ढङ्गले जीवित यर्थाथको प्रतिबिम्बन गर्छन ।"[१९]

स्वदेश र जनताको मुक्तिका लागि निस्किएको योद्धा आफू जेलका पर्खालहरूबाट बन्दी भएको छ र बाहिरको धर्ती अनि त्यहाँका बासिन्दाहरूलाई प्रेम गर्छ । ऊ जसलाई प्रेम गर्छ, तिनीहरूलाई नै देख्न पाउँदैन । चार घेराबाहिरको चन्द्रागिरिको चचुरो जहिले पनि उसका आँखासामु छ । बाहिरको संसार भन्नु उसका लागि केवल चन्द्रगिरि हो । उसले चन्द्रागिरलाई मुक्त संसारको प्रतिरूप मान्छ, प्रतीक मान्छ र आफ्ना सारा कुराहरू नियमित रूपमा त्यही पहाडलाई सुनाइरहन्छ । चन्द्रागिरि नेपाली नागरिकका उठेका शिरहरूको प्रतीक हो, यो मुक्त र स्वतन्त्र नेपालको प्रतीक हो । चन्द्रागिरि कविको सर्वाधिक निकट र सर्वाधिक प्रिय साथी पनि हो । आफ्ना सपना र महान् योजना ऊ चन्द्रागिरिलाई सुनाउँछ, अनि आफ्ना अप्ठ्यारा र मर्महरू पनि चन्द्रगिरिलाई नै सुनाउने गर्छ । चन्द्रागिरि उसका लागि आस्था, विश्वास र भरोसा सबै हो । यस क्षण यस विशाल संसारमा उसको एकमात्र मित्र चन्द्रागिरि हो । त्यसलाई सम्बोधन गरेर कविले आफू र आफ्नो मर्मलाई सङ्कल्पमा

---

[१७] इच्छुक, पूर्ववत् ।
[१८] सुकुम शर्मा, **कवि इच्छुक : कविताका सदर्भमा**, (काठमाडौँ : विश्व साहित्य प्रकाशन, २०६०), पृ. ५५ ।
[१९] ईश्वरचन्द्र ज्ञवाली, "इच्छुको बन्दी र चन्द्रगिरिमाथि केही हरफ", **सहयात्री,** (वर्ष २, अङ्क २, पूर्णाङ्क ३, २०५८), पृ. ५६ ।

अभिव्यक्त गरेका छन् । उनी चन्द्रागिरिलाई प्रेम गर्दै साक्षी  पनि राख्छन् । चन्द्रगिरि लेक फगत पहाडजस्तो लागे पनि बन्दी कवि इच्छुकको एकालापमा साथ दिन्छ । कवि इच्छुक अधिकारका लागि आवाज उठाउँदा, स्वतन्त्रता खोज्दा जेल परेका हुन् । जीवनको गन्तव्यमा उनी स्पष्ट छन् । जेलको अतिथि भएकामा उनलाई सङ्कोच छैन । उनले आफ्नो जीवनयात्रामा पश्चात्ताप गर्नुपर्ने ठाउँ छैन । सचेततापूर्वक बाँचेको सार्थक जीवनसँग उनी पूर्णतः सन्तुष्ट छन् र आफ्नो त्यस जनपक्षीय चेतनाप्रति गौरव गर्छन् :

"प्रिय चन्द्रागिरि
समयको यस मोडसम्म
मैले कहिल्यै चाहिनँ निरुद्धेश्य जीवन
उमेरको यस खण्डसम्म
मैले कहिल्यै बिताइनँ निस्क्रिय जीवन
काँडाको अँगालोमा पनि
मुस्कुराइरहने फूलहरूभित्र
मैले जीवनको सौन्दर्य बिम्ब देखेँ
समुद्रको छातीमाथिबाट
उठिरहने अशान्त ज्वारभाटाहरूभित्र
मैले जीवनको यथार्थ बिम्ब देखेँ
मैले चाहेँ सधैँ सार्थक र गारिमामय जीवन
मैले कुरूपताहरूबीच पनि सधैँ
जीवनको सुन्दरता खोजेँ
अर्थ खोजेँ महत्त्व खोजेँ
र, सधैँ नीचता र दुष्टताहरूलाई
हरपल घृणाले पिच्च थुकेँ ।"

(बन्दी र चन्द्रागिरि : पृ. ४)

कवि इच्छुकले यस काव्यमा देशलाई अत्यन्तै माया गरेको र देशमाथि मनपरी गर्नेका विरुद्ध उत्तिकै रुष्ट भएको भााव व्यक्त गरेका छन् । उनी चन्द्रागिरिलाई साक्षी राखेर देशका शिखण्डीहरूसँग प्रश्न सोध्छन् :

"मैले मेरो महान् राष्ट्रलाई मुटुमा राखेर
मनखुसी जिन्दावाद ! भन्न किन नपाउनु
मैले मेरो राष्ट्रका कुलङ्गारहरूका विरुद्ध
मुट्ठी कसेर मुर्दावाद ! भन्न किन नपाउनु
लुकेर देशको छातीमा तीर चलाउने

ए मेरै देशका शिखण्डीहरू हो
तिम्रो पाखण्डीपनका विरुद्ध
मैले तिमीलाई घृणाले धिक्कार्न किन नपाउनु"

(बन्दी र चन्द्रागिरि : पृ. ७)

कविलाई आफ्ना प्रियजनहरूबाट छुट्याएर एक्लो तुल्याए पनि सचेत मान्छेका सुन्दर विचारहरू कहाँ एक्लिन्छन् र ? कसरी अलग्गिन्छन र ? राष्ट्रप्रतिको अगाध मायाको भाव यहाँ व्यक्त भएको छ । "राष्ट्रियताको सुगन्ध मीठो लाग्छ उनलाई, रङ र सौन्दर्य प्यारो लाग्छ कविलाई ।"[२०]

इच्छुकमा मुक्तिकामी सर्वहारा वर्गप्रति अपार सहानुभूति र प्रेम छ भने शोषक-सामन्त वर्गप्रति त्यही मात्रामा घृणा भाव पनि छ । उनी आफ्ना विचार र भावना स्पष्ट रूपमा पोख्न चाहन्छन् किनभने उनी सार्वजनिक र खुला जीवन रुचाउने कवि हुन् । उनले लुकाउनु पर्ने केही छैन, उनी दुष्टलाई दुष्ट र अपराधलाई अपराध भन्न अलिकत्ति पनि धकाउँदैनन् :

"विषालु सर्प र नागहरूमध्ये
एउटालाई चुन्नै पर्ने
यो कस्तो प्रजातन्त्र हो ?
एउटालाई छान्नै पर्ने
यो कस्तो मौलिक अधिकार हो ?
पानीविना छटपटिएको माछालाई
कि तातो तावा कि तातो भुङ्ग्रोमध्ये
एउटालाई रोज्नै पर्ने
यो कस्तो स्वतन्त्रता हो ?"

(बन्दी र चन्द्रागिरि : पृ. १५)

यहाँनिर कविको विचारसँग सबै सहमत नहुने ठाउँ छ । कविले आस्था र विचार राखेको पार्टीले चुनाव बहिष्कार गरेकाले उनले चुनावप्रति असहमति व्यक्त गरेका हुनसक्छन् । यसलाई उनको राजनीतिक र पार्टीगत प्रतिबद्धता मान्नु उचित हुने देखिन्छ । यस काव्यमा कवि इच्छुकको वर्गप्रेम राष्ट्रिय सिमाना नाघेर अन्तर्राष्ट्रिय

[२०] श्रीकान्त भण्डारी, "सङ्कल्पको यात्राबाट चन्द्रगिरिलाई सम्बोधन", **महिमा**, (वर्ष १६, अङ्क ४९, २०५७ कार्त्तिक), पृ. ४ ।

सर्वहारावादी विश्वदृष्टिकोणसम्म फैलिएको छ । मानवसभ्यताको महान् कारुणिकताले जन्माएको वर्गचेत र त्यसबाट उत्पन्न वर्गसङ्घर्षलाई कवि सरलताका साथ आफ्ना भावमा यसरी प्रस्तुत गर्छन् :

"जब म यस धर्तीमा जन्मिएँ
र, विस्मयले आँखाहरू खोलेँ
मैले धर्तीभरि केवल भोकहरू देखेँ
त्यो भोकको अनुभूतिले
मैले रुन सिकेँ
त्यै भोकको सन्तुष्टिमा
मैले हाँस्न सिकेँ
स्नेहमयी आमाको काखमा पनि
दूधका लाम्टाहरूसित
त्यै भोकको सञ्चेतनाले
मैले सङ्घर्ष गर्न सिकेँ
त्यै भोकको अनुभूतिमा जन्मे मेरो पीडाहरू
त्यै भोकको छटपटीमा जन्मे मेरा संवेदनाहरू
मेरा विद्रोहरू जन्मे
सपना र आदर्शहरू जन्मे
मभित्र तिनै सञ्चेतनाहरू नै नरहे
म कसरी रहन सक्छु ?"

(बन्दी र चन्द्रागिरि : पृ. १५-१६)

कवि इच्छुक मार्क्सवादी सौन्दर्य चेतनाबाट संसारलाई नियाल्ने कवि हुन् । उनको यही चेतना 'बन्दी र चन्द्रागिरि'मा पनि अभिव्यक्त छ' । "काव्यकारले आफैँले आफ्नो धारणा अभिव्यक्त गर्ने कवि प्रौढोक्ति कथनपद्धतिलाई अँगाली चन्दागिरि पर्वतसँग रागात्मक-भावनात्मक सम्पर्क स्थापित गर्दै मुक्तिको सपनालाई लयात्मक अभिव्यक्ति दिएका छन् ।"[२१] यस काव्यभित्र करुणा र संवेदनाको प्रवाह छ । "यो लामो कवितामा भावुकता पनि छ । तर भावुकतालाई विचारको चमकले उज्यालो पारेको छ । क्रान्तिकारी आशावाद छ । मैले यहाँ बन्दी अवस्थामा पनि ठूलो जोरलाई पछि लगाएर अघि बढिरहेको, यात्रामा गतिवान भइरहेको एउटा नायक पाएँ, एउटा योद्धा

[२१] जगदीशचन्द्र भण्डारी, **पृथक् सृजन : पृथक् निरूपण**, (काठमाडौँ : मुन्नी भण्डारी, २०६०), पृ. ५०-५१ ।

पाएँ । चन्द्रागिरिलाई साक्षी राखेर फासीवादी कुकृत्यको भण्डाफोर गर्दै महाभारतको युद्ध जित्न रथ हाँकिरहेको एउटा सारथि पाएँ ।"[२२]

इच्छुकको यस काव्यमा नेपाली भूगोलका, इतिहाससँगका प्राक्सन्दर्भहरू भावमा उपयोग भएका छन् । नेपाली भूगोलमा भएका घटनाहरू र ती घटनासँग जोडिएका पात्र तथा आख्यानलाई कवितामा उद्घाटित गरिएको छ :

"र, म देख्न थाल्छु तिम्रो अनुहारमा
पूर्वाञ्चलकी निर्भीक चेली
र, बेथानकी महान् छोरीलाई
जसले फूल जस्तो कलिलो छातीमा
वज्रजस्तै कठोर
बलिदानको पहिलो गोली थापेर ढलिन्
आफू ढले पनि क्रान्तिको रातो झन्डालाई सम्मानले
झन् माथिमाथि उठाएस ढलिन्
आफू ढले पनि धर्तीमा वीरताको रक्तिम गाथालाई
अनुपम साहसको शिखरमा पुऱ्याएर ढलिन्
र देख्न थाल्छु तिम्रो अनुहारमा
तिनै दिलमाया योगञ्जनका बिम्बहरूलाई
जसको महान् प्रेरणाले
क्रान्तिको रातो झण्डालाई भुईंमा खस्न नदिन
निष्ठाका अग्निपरीक्षाहरू दिँदै
कुमारी बुढा पनि जिउँदै चितामा जलिन्"

(बन्दी र चन्द्रागिरि : पृ. ३३)

काव्यमा कविको मन देश-देशान्तर घुमेर भद्रगोलकै पर्खालभित्र आएको छ । उनी मुक्तिको गीत गाउँदै निर्बन्ध डुब्न चाहन्छन् । तर संसारभर अँध्यारो विरुद्ध उज्यालोको सङ्घर्ष चलिरहेको भाव यसरी पोख्छन् :

"म जेलभित्र होइन युद्धको ट्रेन्चभित्र
कतै तिमीसँगै
मोर्चा कसिरहेछु जस्तो लाग्छ
हुर्रहुँराउँदो आँधी र हुरीबीच पनि
अडिग उभिरहने सतिसाल जस्तै
वर्गसङ्घर्षका तुफानी दिनहरूमा

[२२] ऋषिराज बराल, "भूमिका", **बन्दी र चन्द्रगिरि**, (काठमाडौं : प्रगतिशील अध्ययन केन्द्र, २०६०), पृ. छ ।

म पनि सँगसँगै सहभागी बनिरहेछु भैँ लाग्छ ।"

(बन्दी र चन्द्रागिरि : पृ. ३२)

इच्छुकको महिलालाई हेर्ने मार्क्सवादी दृष्टिकोण छ । महिलाहरू पुरुषभन्दा कुनै पनि मानेमा कमजोर छैनन् । उनीहरूबाट देश र मुक्तिका लागि प्रशस्तै बलिदानीहरू भएका छन् । आफ्ना गर्भका तीन-तीन जना सपूतहरूको बलिदानी सहेर बाँचेको सिन्धुलीकी आमालाई 'महान्' भनिएको मात्रै छैन, उनको विशालता, महत्ता र ममताको प्रशंसागान पनि गरिएको छ । कवितामा नारी जातिप्रति उच्च कदर र उच्च मूल्याङ्कन छ । नारीशक्तिसँग डराएर कायर शासक वर्गले उनीहरूको हत्या गरेकामा कवि आक्रोशित छन् । महिला भनेर मात्र हुँदैन एकाथरी महिलाहरू आफ्ना लुकाउनुपर्ने अङ्ग प्रदर्शन गरेर पुँजीवादी बजारमा व्यापारका माल र विज्ञापन बनिहिँडेका छन् । त्यस्ता कुरूपहरूप्रति कवि आक्रोशित छन् । यो आक्रोश पुँजीवादी दलालहरूसम्म पनि फैलिएको छ :

"यतिखेर रङ्गमहलभित्र
चलिरहेछ नारीको अङ्गहरूको
नग्न सौन्दर्य प्रतियोगिता
र छानिरहेछन्
रूप र यौवनका व्यापारीहरूले
मिस युनिभर्स
र मिस प्यासिफिक सुन्दरीहरू
अर्कातिर रङ्गमहलबाहिर
त्यसको विरोधमा उत्रिरहेछन्
मिस गरिब र मिस भोकमरीहरू
मिस अशिक्षा र मिस अभावहरू
र त आज भनिरहेछ युगले
'राष्ट्रिय मोनिका' होइनन् नारीहरू
सो-केसभित्र सधैँ-सधैँ क्रय-विक्रयका निम्ति सजाइने
अन्तःपुरका गणिका होइनन् नारीहरू ।"

(बन्दी र चन्द्रागिरि : पृ. ३५-३६)

यस काव्यभित्रका कविताहरूले माओवादी जनयुद्धलाई समर्थन र सम्मान गरेको छ । जनताका पक्षमा राज्यविरुद्ध लडिरहेका योद्धाहरू र आक्रमण-प्रत्याक्रमणमा जीवन गुमाएका जनयोद्धाहरूप्रति अपार सम्मानभाव खन्याइएको छ । माओवादी जनयुद्धमा

देखिएको सारङ्गी (कला) र बन्दुक (सशस्त्र द्वन्द्व) को समन्वयलाई काव्यमा यसरी उतारिएको छ :

"म रुँदारुँदै किन हाँसिरहेछु
म हाँस्दाहाँस्दै किन रोइरहछु
त्यो वीरभूमिको वीर योद्धा
लाग्छ आफ्नो धीर-गम्भीर मुद्रामा
यतै कतै हाम्रो बीचमा छ
कहिले मीठो सारङ्गी बजाउँदै
कहिले बन्दुक नालहरूमा
आफ्नो सुन्दर स्वप्नजडित
इन्द्रेणीको सप्तरङ्गी हार सजाउँदै
एउटा शालीन मुक्ति योद्धा
लाग्छ हाम्रै स्वप्निल आँखाको नानीमा छ ।"

(बन्दी र चन्द्रागिरि : पृ. ४२)

भाव र विचारका तहमा काव्यभित्र बन्दी कविको आक्रोशका साथै क्रान्तिकारी वर्गीय विचारहरू आएका छन् । बयान दिएझैँ लाग्ने कतिपय सन्दर्भमा कवि इच्छुकको आफ्ना भावहरूमा देवकोटाको प्रभाव पनि परेको देखिन्छ । देवकोटाको 'पागल' कवितासँग तुलना गर्न सकिने एउटा कवितांश यस्तो छ :

"प्रिय चन्द्रागिरि !
जब होचिँदै गएको मेरो सगरमाथालाई
मैले मेरो अग्लो शिरमाथि राखेर उठाउन चाहेँ
पातकीहरूले मेरो शिर नै उडाउन खोजे
जब साँघुरिँदै गएको मेरो देशको सीमारेखालाई
मैले मेरो विशाल छातीको आयतनभरि तन्काउन चाहेँ
मलाई पामरहरूले ठिगुरामा ठोके"

(बन्दी र चन्द्रागिरि : पृ. ६)

'पागल' कविता लेख्दा देवकोटा जुन मनस्थिति र आक्रोशमा थिए त्यस्तै तर त्योभन्दा विशिष्ट र झन् आक्रोशित मनस्थितिमा कवि इच्छुक देखिन्छन् । विद्रोही चेतना देवकोटामा पनि थियो र इच्छुकमा त्यो झन् बढी विचारसहित आएको छ । विद्रोहको कविताका लागि यो भाव र विचार गद्य लयमा सुहाउने देखिन्छ ।

"हुट्टिट्याउँले आकाश थाम्न खोजे जस्तै
कतिबेर यो युगको अँध्यारो थामिन सक्छ
म आज यो कालो प्रहरका विरुद्ध
दावानल भएर बलिरहेको छु ।"

(बन्दी र चन्द्रागिरि : पृ. ११)

प्रस्तुत काव्य कविले जेलमा नै लेखेका हुन् । जेलजीवनका पीडाले कवि गलेका छैनन् । उनको क्रान्तिप्रतिको आशावादिता झन् मौलाएको छ । कवि आफ्नो इमान, आस्था र विश्वासलाई अलिकति पनि विचलित हुन दिँदैनन् । रात जतिसुकै कालो भए पनि सुनौलो प्रभात जरुर हुन्छ भन्नेमा कवि ढुक्क छन् । आस्थाको साम्यवाद आउने कुरामा उनी विश्वस्त छन् । काव्यको सुरुवातमा चन्द्रागिरिलाई सम्बोधन गरेर आफ्ना भाव र विचार पोख्ने बन्दी कविले काव्यको अन्त्यमा आफ्नो वैचारिक आस्था र विश्वास अटल राख्दै सुन्दर सपनाको आशा यसरी अभिव्यक्त गरेका छन् :

"आजको यो कुरूप धर्ती
मानवजातिको सुन्दर बस्तीमा बदलिन सक्ने छैन
तबसम्म जारी रहने छ
सुन्दर संसार निर्माण गर्ने हाम्रो सङ्कलपको यात्रा
तब सम्म जारी रहने छ
साझा संसार निर्माण गर्ने हाम्रो सङ्घर्षको यात्रा
र एक न एक दिन जरुर
हाम्रो विश्वासको सभ्य संसार
हाम्रो गुलाफी विपनामा फेरिनेछ
र, यो एकाइसौँ शदी हाम्रो मुक्तिको महान् शदी हुनेछ !
र, यो तेस्रो सहस्राब्दी
हाम्रो विजयको महान् सहस्राब्दी हुनेछ !!"

(बन्दी र चन्द्रागिरि : पृ . ५५)

'बन्दी र चन्द्रागिरि' भाव र विचारका हिसावले यस समयको एउटा उत्कृष्ट रचना हो । "यस दशकमा उच्च सफलता प्राप्त गरेका सामाग्रीहरूमा पहिलो स्थानमा प्रस्तुत कृति पर्न आउँछ । नेपाली साहित्यको प्रगतिवादी चिन्तनका फाँटमा आदर्श र अग्रणी प्रतिभाको स्थान प्राप्त गर्न यस दशकले प्रदान गरेका सहायक सामाग्री

हुन् ।"[२३] प्रस्तुत काव्य जनयुद्धको साहित्यिक दस्तावेज हो । क्रान्तिकारी राजनीतिक विषयवस्तुलाई कविले भाव र विचारका रूपमा प्रस्तुत गरेका छन् । कविको क्रान्तिधर्मी विचार, सामाजिक निष्ठा, कुरूप यथार्थको आवरण सर्वहारावादी भावना, वर्ग शुत्रको अन्तर-बाह्य स्वरूपको चित्रण काव्यमा छ ।

## ५.४.६ भाषा–शैली

'बन्दी र चन्द्रागिरि' काव्यमा प्रयुक्त भाषा सरल छ, सरल भईकन पनि विशिष्ट छ । सरल भाषामा गहन विचार र भाव उजागार गर्नु कवि इच्छुकको विशेषता नै हो । यो काव्य गद्य शैलीमा रचना गरिएको लामो कविताको माला भए पनि यसमा लयात्मकता छ । काव्यको भाषामा अत्यन्तै गम्भीर आकर्षण छ र यसो हुनुको महत्त्वपूर्ण कारण कविको स्पष्टवादिता हो । स्पष्ट कुराले जसको हृदयमा पनि सहजै प्रवेश पाउँछ र त्यस इमानदारिताबाट जो सुकैको हृदय आनन्दित हुन्छ । सरलताभित्रको यही शक्ति इच्छुकको 'बन्दी र चन्द्रागिरी' मा भेटिन्छ ।

मूलत : इच्छुक गद्य कवि हुन् । यस काव्यमा पनि गद्यकाव्यात्मक शैली प्रयोग भएको छ । कविले शब्द र पदावलीको आवृत्ति र पुनरावृत्ति गराई लयात्मकतामा साङ्गीतिक चेत सिर्जना गर्ने काम गरेका छन् । भाषा र लयको स्वतस्फूर्त प्रयोगले कृत्रिमता देखिएको छैन । भाषामा सचेत इच्छुकले कवितालाई नारा हुनबाट बचाएका छन् । राजनीतिक शब्दावलीलाई पनि काव्यात्मक बान्कीमा प्रयोग गरेका छन् । आगन्तुक र तत्सम् शब्दलाई पनि सहज बनाउँदै आञ्चलिक शब्दमा स्थानीय रङ प्रयोग गरेका छन् । सरल, कोमल हार्दिक शब्द छान्दै अनुप्रासीयतालाई पनि तुकबन्दीमा मिलाएका छन् । अनुभूतिलाई अनुभूतिकै तहमा व्यक्त गर्न काव्यको भाषा सक्षम छ । अधिकांश शब्दहरू सहज र संवेद्य छन् । सरलताभित्रको प्रवाह काव्यको त्यत्तिकै आकर्षक पक्ष हो । प्रस्तुत कृति वर्णनमा पनि मनोहारी बनेको छ । प्रकृतिको सजीवता शब्दहरूबाट व्यक्त हुन्छ :

[२३] राजेन्द्र सुवेदी, "बन्दी र चन्द्रागिरि सङ्ग्रहका कविताहरूको सङ्क्षिप्त अध्ययन", **साहित्य सन्ध्या**, (वर्ष १, अङ्क २, २०५७ पुस), पृ. ३३ ।

"यस वर्ष मनसुन ढिलै आयो
र, भर्खर-भर्खर
आकाशमा डम्म बादल लागेर
मादल बजेझैँ घनघन गर्जन थाल्दै छ
वर्षात्को खुसीयालीमा हर्षले नाचेर
बिजुलीको झिल्का उल्लासले चक्कन थाल्दै छ
गर्मीमा माटोको सुगन्ध छरेर
भर्खर-भर्खर
मेधको जलधारा दरदर बर्सन थाल्दै छ
मेरो प्रफुल्ल मन
स्वाप्निल किसानको उमङ्गझैँ बनेर
गामबेँसी र पहाडहरूतिर डुल्न थाल्दै छ।"

(बन्दी र चन्द्रागिरि : पृ. १२)

इच्छुकका कवितामा संयम पनि छ। दार्शनिक विचार अभिव्यक्त हुँदा उनको भाषा संयमी हुन्छ; जस्तै–

"समय-पंक्षी अविराम उडिरहेछ
बागमतीमा पानी बगेजस्तै
हरेक पल अविरल गतिमा
जीवन बगिरहेछ
एक भिमिक निद्रा जस्तै
थाहा नपाई कसरी बित्यो यो उमेर "

(बन्दी र चन्द्रागिरि : पृ. १७)

काव्यमा वर्णनात्मकताको आयाम र आयनत फराकिलो छ। वर्णनहरू अनुभूतिका तहबाट गरिन्छन्। आफ्नो भोगाइअनुसार प्रकृतिको स्वरूप देखिन्छ। कविले गम्भीर अवस्थामा गरेको प्रकृति-वर्णनको शैली यस्तो छ :

"बर्सात्को कालो घटाले
अँध्यारो रातलाई झनै कालो तुल्याएको छ
जूनकीरीहरू पनि कतै देखिँदैनन्
मानौँ कतै शोकले मौन र सन्तप्छ छन् झ्याउँकिरीहरू
कहालीलाग्दो छ यो कालो रात
साथको महायोद्धा ढलेर
मन नै विदग्ध पार्दै डढेको छ यो अँध्यारो रात ! "

(बन्दी र चन्द्रागिरि : पृ. ४४)

तर जब कविका आँखाहरू धर्तीलाई आत्मसात् गर्दछन् यसको प्रेम झन्झन् घना र अनुभूतिजन्य भएर आउँछ । कविमा त्यसबेलाको शैलीमा यस्तो फरक देखिन्छ

“र लटरम्म फलेका छन् बन्दी वृक्षहरू
तिनका रसपूर्ण फलहरूले
झुकेका छन् भोगटेका गर्भिणी शाखाहरू
बैंस चढेजस्तै
लाल-लाल भएर पाक्दैछन्
हाँगाभरि हलुवावेदका रसिला दानाहरू”

(बन्दी र चन्द्रागिरि : पृ. ४९)

लय सिर्जनाका लागि गरिएका आवृत्ति र पुनरावृत्तिहरू काव्यमा प्रशस्त छन् । सच्चाइ, इमान्दारिता र सर्वहारावादी वर्गदृष्टिकोणले दिने अद्भूत सुन्दरता काव्यमा व्याप्त छ । प्रस्तुत कृति सजिलो, रसिलो र गहिरोको अनौठो सन्तुलनमा निर्मित छ ।

### ५.४.७ बिम्ब र प्रतीक योजना

‘बन्दी र चन्द्रागिरि’ काव्यमा कवि इच्छुकले सहज र स्वाभाविक बिम्ब र प्रतीकको प्रयोग गरेका छन् । काव्यमा चन्द्रगिरि प्रतीकका रूपमा आएको छ । प्रयुक्त बिम्बहरू लामा आकारका छन् । बिम्ब र प्रतीक प्रयोगका दृष्टिले कतिपय कवितामा कवि इच्छुक भूपिका कविताको शैलीबाट प्रभावितझैं लाग्छन् । भूपि शेरचनाको ‘मैन बत्तीको शिखा’ सँग तुलना योग्य उनको एउटा कवितांश यस्तो छ ।

“एक हातमा नवविवाहका शुभ कामनाहरू
र अर्को हातमा
पतिको सहादतका पीडामय सन्देशहरू
एक साथ असीम संयमले उचालेर
मर्माहत शोकका स्तब्ध क्षणहरूमा
तीव्र संवेदनाहरूलाई अपार धैर्यले सम्हालेर
सहज, शान्त र अविचल स्वरमा
आफ्ना प्रिजनहरूसित
मलाई अब संवेदनाहरू होइनन्
सुन्दर विचार दिनुहोस् भन्दै
‘मलाई मुक्ति यात्रा जारी राख्ने साहसहरू दिनोस्’ भन्दै
क्रान्तिको रातो झण्डालाई
मुक्तिको अटल ध्वजालाई

आजीवन ढल्न नदिने कृत सङ्कल्प गर्ने
नयाँ युगका वीराङ्गनाहरू जस्तै
मलाई यतिखेर तिमी पनि मुक्ति योद्धा हो झैं लाग्छ ।"

(बन्दी र चन्द्रागिरि : पृ. ३४)

काव्यमा बिम्ब र प्रतीकको प्रयोगमा कवि सहज र स्वाभाविक देखिएका छन् । उनले भावलाई बिम्बमा उर्तादै विचार प्रस्तुत गरेका छन् । काव्यमा प्रयुक्त बिम्ब परम्परागत र पुराना बिम्बभन्दा पृथक् छन्, सामाजिक यथार्थबाट जन्मिएका बिम्बलाई काव्यमा सजाएर कविले कृतिको ओज बढाएका छन् :

"काँडाको अँगालोमा पनि
मुस्कुराइरहने फूलहरूभित्र
मैले जीवनको सौन्दर्यबिम्ब देखें
समुद्रको छातीमाथिबाट
उठिरहने अशान्त ज्वारभाटाहरूभित्र
मैले जीवनको यथार्थ प्रतिबिम्ब देखें ।"

(बन्दी र चन्द्रागिरि : पृ. ४)

"बन्दी पिञ्जरा जस्तै
भद्रगोलको निरस परिसरभित्र
पराधीन जिन्दगीका
कष्टपूर्ण घडीहरू काट्न परे पनि
मेरो फुक्का मन निर्बन्ध भएर
वायुपङ्खी वेगले
स्वच्छन्द उडिरहन्छ
असारको रसिलो बादल जस्तै
आकाशको धुरीमाथि चढेर
पुष्पक विमान जस्तै
देश देशान्तर घुमिरहन्छ"

(बन्दी र चन्द्रागिरि : पृ. २८)

'बन्दी र चन्द्रगिरि' काव्यमा जनयुद्धले उद्घाटित गरेका, सामाजिक वर्गीय विषमताले उठाएका र गतिशील यथार्थले जन्माएका बिम्ब र प्रतीकलाई कवि इच्छुकले सहजताका साथ प्रस्तुत गरेका छन् ।

### ५.४.८ निष्कर्ष

कवि कृष्ण सेन 'इच्छुक' को अन्तिम प्रकाशित कृति 'बन्दी र चन्द्रागिरि' काव्य वि.सं. २०५६ मा भद्रगोल जेलभित्र लेखिए पनि वि.सं. २०५७ मा प्रकाशित भएको हो । यस काव्यको विषयवस्तु जनयुद्धद्वारा उद्घाटित नयाँ यथार्थको बलिदानीहरू र राज्यसत्तासँग भइरहेको द्वन्द्वसङ्घर्ष नै हो । समाजको वर्गद्वन्द्व र सिर्जित घटनावलीको विश्लेषण, अभिव्यक्ति स्वतन्त्रता, मुक्तिको कामना र क्रान्तिप्रतिको प्रतिबद्धतालाई कविले सरल भाषामा गहन विचार र कलात्मक शैलीमा प्रस्तुत गरेका छन् । बन्दी कविले चन्द्रागिरिलाई आस्थाको प्रतीक भनेर जनयुद्धको यात्रालाई काव्यात्मक आलोक दिन सफल भएका छन् । कवितामा चन्द्रागिरिलाई मानवीकरण गरेर आफ्नो जेल-जीवनको पीडा र आस्थाप्रतिको प्रतिबद्धातालाई प्रखर रूपमा प्रस्फुटित गरिएको छ । वर्गसङ्घर्ष र जनयुद्धको विचारलाई केन्द्रियतामा राखेर प्रगतिवादी काव्यका रूपमा प्रस्तुत कृति अन्तर्वस्तु र रूपका दृष्टिले ओजपूर्ण रहेको छ । काव्यले क्रान्तिकारी र राजनीतिक विषयलाई कलात्मक रूप दिएको छ । 'बन्दी रचन्द्रागिरि' कवि इच्छुकको शब्द र कर्मबीचको द्वन्द्वात्मक एकत्वको प्रतिफल हो । यसमा युगीन यथार्थ र विद्रोहको उत्कृष्ट चेत छ । समालोचकका विचारमा पनि यस काव्यलाई उच्च उदाहरणका रूपमा लिँदै प्रगतिवादी काव्यधारामा यस दशकको उच्च सफलता प्राप्त गरेको कृति मानिएको छ । 'बन्दी र चन्द्रागिरि' काव्य गतिशील यथार्थको युगीन दस्तावेज रूपमा दरिन सफल कृति हो ।

## ५.५ कवि कृष्ण सेन 'इच्छुक' का कविताको प्रवृत्तिगत विशेषता

वि.सं. २०३३ देखि कविता-लेखन र प्रकाशनमा औपचारिक रूपले सार्वजनिक भएका कवि इच्छुकले 'शोकाञ्जली' शोककाव्य (२०४८), 'इतिहासको यस घडीमा' कविता-सङ्ग्रह (२०५६) र 'बन्दी र चन्द्रागिरि' लामो कविता (२०५७) काव्यकृति लेखेका छन् । उनका दर्जनौँ फुटकर कविताहरू विभिन्न पत्र-पत्रिकामा प्रकाशित छन् । यसका अतिरिक्त उनले सांस्कृतिक लेख, अनुवाद, पत्र-साहित्य, अन्तवार्ता र टिप्पणीहरू प्रकाशन गरेका छन् ।

कवि इच्छुक प्रगतिवादी नेपाली कविताका क्षेत्रमा परिचित र स्थापित प्रतिभा हुन् । उनको शब्द र कर्ममा तालमेल मिलेको देखिन्छ । सामाजिक यथार्थको बोधले समाजका कुरीतिको विरोध, अन्याय-अत्याचार, शोषण-दमन र उत्पीडनको चित्रण उनका कवितामा पाइन्छन् । ग्रामीण परिवेशमा आञ्चलिकता र स्थानीय रङको प्रयोग गर्दै वर्गीय पक्षधरतामा कविताहरू उभिएका छन् । कवि वर्गीय स्वरमा स्पष्ट छन्, वर्गमुक्तिका लागि सङ्घर्षको आवाज कवितामार्फत् अभिव्यक्त गरेका छन् । कविले महिलाप्रति गरिने सामाजिक विभेद र शोषणका विरुद्ध आवाज उठाउँदै नारीसमस्याको उद्घाटन गरेका छन् । कवितामा राष्ट्रप्रेम, राष्ट्रियतामाथि अतिक्रमणको विरोध र अन्तर्राष्ट्रिय युगचेतना अभिव्यक्त भएका छन् । कवितामार्फत् राष्ट्रियता र विश्वसर्वहाराका पक्षमा आवाज उठाइएको छ । कम्युनिस्ट विचारधारा र मार्क्सवादी दृष्टिकोणले स्पष्ट कविमा वर्गचेतनाका साथै क्रान्तिप्रतिको अगाध निष्ठा देखिन्छ । कविताले श्रमिक र किसानको श्रमप्रति सम्मान, आस्थाको सङ्घर्ष-यात्रामा बलिदानी गर्ने सहिदमा उच्च सम्मान गरेको देखिन्छ । जनयुद्धको दह्रो समर्थन र त्यसलाई जनताको मुक्तिमार्ग ठान्ने विचार कवितामा प्रतिविम्बित भएको छ । क्रान्तिकारी भावधारासँगै परिवर्तनका लागि त्याग, बलिदान र समर्पणको भावना उनका कवितामा पाइने विशेषता हुन् । क्रान्ति र विचारमा प्रतिबद्ध कवि इच्छुकका कवितामा वैचारिक प्रतिबद्धता र क्रान्तिप्रति आस्था, विश्वासका साथै प्रगतिवादी स्वर उद्घाटित भएको छ ।

इच्छुकका कवितामा सामन्ती र पुँजीवादी विचारधाराका विरुद्ध सर्वहारावादी विचारधाराको पक्षपोषण गर्दै नयाँ सांस्कृतिक मूल्यको कलात्मक प्रस्तुति पाइन्छ । समसामयिक वस्तुस्थितिको अभिव्यक्ति कवितामा झल्किन्छ । गद्यलयमा कथ्य सूत्र लिएर सरल, सहज र सुबोध भाषामा लययात्मकता, गीतिमयता र साङ्गीतिक चेतना उनका कविताका विशेषता हुन् । अत्यन्तै परिष्कार र परिमार्जनसहित प्रकृति र विचारलाई एकीकृत गरेर मानवीकरण गर्नु नवीन बिम्ब र प्रतीकको प्रयोग गर्नु उनका कवितामा पाइने विशेषता हुन् । जनयुद्धद्वारा उद्घाटित उदात्त भावधाराको प्रस्तुतिमा विचारलाई उच्च कलात्मक बनाउनु उनका कविताको विशेषता हो । नेपाली कवितामा

३० को दशकदेखि समसामयिक धाराको सुरुवात भयो । यही समयमा उदाएका कवि इच्छुकका कविता नेपाली प्रगतिवादी कविताको क्षेत्रमा विचार र कला सहित उपस्थित भएका छन् । समग्रमा उनका कविताले प्रगतिवादी स्वर सुसेलेको छ ।

# छैटौँ परिच्छेद

## उपसंहार

कवि कृष्ण सेन 'इच्छुक'को जन्म वि.सं. २०१३ कात्तिक ३ गते भारतको देहरादुनमा भएको हो । भारतीय सेनामा कार्यरत बुबा यमबहादुर सेन र आमा भीमकुमारी सेनका तीन सन्तानमध्ये उनी जेठा हुन् । बाल्यकालका स्वर्णिम दिनहरू देहरादुन र गोरखपुरमा बित्दै गर्दा २०१९ सालमा सपरिवार नेपाल फर्केपछि उनकी आमाको मृत्यु भयो । मातृवियोगको पीडा र सौतेनी आमाको लालनपालसँगै उनका दुःखका दिनहरू सुरु भए । गरिबी, अभाव र विपन्नताका पर्खालबीच हुर्कदै गर्दा उनी बढी संवेदनशील, भावुक र कल्पनाप्रेमी स्वभावका बने । समाजका ठूलाठालु, शोषकफटाहा र धनीमानीका रवाफ, उत्पीडन र अन्याय-अत्याचारलाई आफ्नै आँखाले देखेका इच्छुक सानैदेखि विद्रोही र न्यायका पक्षपाती बने । बाल्यजीवनमा भोगेका अनुभूतिको प्रतिबिम्बन उनका सिर्जनामा रूपान्तरण भएको देखिन्छ ।

दाङको लालमटियास्थित सरस्वती हाइस्कुलबाट २०३२ सालमा एस.एल.सी. दोस्रो श्रेणीमा उत्तीर्ण गरेका इच्छुकले घरको जर्जर आर्थिक अवस्थाका कारण अध्ययनलाई निरन्तता दिन ससेनन् र केही समय साल्ट ट्रेडिङ्ग कर्पोरेसन, कोयलावासमा जागिरे जीवन बिताए । उनका लागि जागिर सर्वाधिक घृणाको विषय थियो । जागिर छोडेर प्राइभेट परीक्षार्थीका रूपमा बनारसबाट आई.ए. उत्तीर्ण गरेका इच्छुकले २०४७ सालमा त्रिभुवन विश्वविद्यालय, कीर्तिपुरबाट बी.एड. पूरा गरे । २०५७ सालमा जेलभित्रैबाटै एम.ए. (नेपाली) को परीक्षा तयारी गरे पनि तत्कालीन सरकारले उनलाई परीक्षा दिन पाउने सामान्य अधिकारबाट समेत वञ्चित गरायो । उनको शैक्षिक जीवन व्यवस्थित र शृङ्खलाबद्ध रूपमा अगाडि बढेको देखिँदैन ।

विद्यार्थी जीवनदेखि नै राजनीतिमा जोडिएका इच्छुक नेकपा एकीकृत चौम, मशाल, एकता केन्द्र हुँदै संयुक्त जनमोर्चा नेपालको केन्द्रीय सदस्य र माओवादीको क्षेत्रीय ब्युरो सदस्यसम्म भएका थिए । कम्युनिस्ट विचारधाराप्रति प्रतिबद्ध इच्छुक

आफ्नो ४६ बर्से जीवनअवधिमा ८ वर्षभन्दा बढी दाङ, काठमाडौँ, सिरहा र राजविराज जेलमा बसेका थिए । जेलजीवनमा नै उनले आफ्ना उत्कृष्ट काव्यकृति र कविताहरू सिर्जना गरेका हुन् । उनको पारिवारिक जीवन २०४८ साल माघ ११ गते तक्मा के.सी. सँग विवाह भएपछि सुरु भएको हो, उनकी एक छोरी समीक्षा सेन छिन् ।

विद्यालय जीवनदेखि नै साहित्य-सिर्जनामा लागेका इच्छुक २०३३ सालको 'मातृभूमि' साप्ताहिकमा 'भोलिप्रति' कविता छापिएपछि औपचारिक रूपमै कविता-लेखन र प्रकाशनमा सार्वजनिक भए । सुरुसुरुमा कथा र निबन्ध लेखे पनि उनको रुचि भने कविता-लेखनमै देखिन्छ । साढे दुई दशकको साहित्यिक यात्रामा उनका तीनवटा काव्यकृतिहरू प्रकाशित छन् । 'शोकाञ्जली' (शोकाव्य, २०४८), 'इतिहासको यस घडीमा' (कविता-सङ्ग्रह, २०५६) र 'बन्दी र चन्द्रगिरि' (लामो कविता, २०५७) उनका प्रकाशित काव्यकृति हुन् । यसका अतिरिक्त उनका पाँच दर्जनभन्दा बढी फुटकर कविताहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित छन् । इच्छुकले कविताबाहेक गद्यलेखनमा पनि आफूलाई समहित गरेका छन् । उनले कलासाहित्य, सांस्कृतिक लेख, अनुवाद, पत्र-साहित्य, अन्तर्वार्ता, टिप्पणी र समीक्षाहरू प्रकाशन गरेका छन् । साहित्य-सिर्जना र कविता-लेखनमा सक्रिय भएका इच्छुकलाई विभिन्न पुरस्कार र सम्मानबाट मृत्युपर्यन्तसम्म सम्मानित गरिएको छ ।

कवि इच्छुकको वैचारिक प्रतिबद्धता, वर्गीय चिन्तन र समजबोध अत्यन्तै जुझारु थियो । पत्रकारिताको क्षेत्रमा चर्चित इच्छुकले 'जनादेश' साप्ताहिक, 'कलम' त्रैमासिक र 'जनदिशा' दैनिक सम्पादन गरेका थिए । नेपाल पत्रकार महासङ्घको केन्द्रीय पार्षद्, प्रगतिशील लेखक सङ्घको केन्द्रीय पार्षद्, दक्षिण एसियाली क्षेत्रीय पत्रकार सङ्घको सदस्य, अखिल नेपाल जनसांस्कृति सङ्घको केन्द्रीय अध्यक्ष भएर उनले सङ्घ-सङ्गठनमा पनि आफ्नो सामाजिक जीवनको छाप छोडेका छन् । साहित्य, राजनीति, पत्रकारिताका साथै सांस्कृतिक फाँटमा पनि उनको योगदान महत्त्वपूर्ण रहेको छ । द्वन्द्वात्मक भौतिकवादलाई आफ्नो जीवनदृष्टि मान्ने इच्छुकको शब्द र कर्ममा तालमेल मिलेको देखिन्छ । उनको चिन्तनजस्तै लेखन र लेखनजस्तै जीवन थियो । लेखेकै कारण उनी पटक-पटक जेल परे । आफूलाई कलम बोक्ने सिपाही भन्न

रुचाउने कवि इच्छुकलाई २०५९ साल वैशाख ६ गते गिरफ्तार गरी महेन्द्र पुलिस क्लबको हिरासतमा चर्को यातना दिएर २०५९ साल जेठ १३ गते हत्या गरिएको थियो ।

कवि कृष्ण सेन 'इच्छुक'को साहित्य-यात्रालाई राजनीतिक घटनाक्रमका आधारमा तीन चारणमा विभाजन गरिएको छ । प्रचम चरण २०३३ सालदेखि २०४६ सालसम्म मानिएको छ । यस चरणमा उनले २०३५/३६ सालको विद्यार्थी आन्दोलन, जनमत-सङ्ग्रह र जनआन्दोलनले पारेको प्रभावलाई कविताका माध्यमबाट प्रकट गरेका छन् । २०४७ सालदेखि २०५२ माघसम्मको समयलाई दोस्रो चरण मानिएको छ । जनआन्दोलनपछि पनि नेपाली समाजको रूपान्तरण हुन नसकेको चित्रण यस समयका रचनामा प्रतिबिम्बित छन् । तेस्रो चरणका रूपमा २०५२ फागुनदेखि २०५९ सम्मको समयलाई मानिएको छ । जनयुद्धद्वारा उद्घाटित नयाँ यथार्थलाई यस चरणका रचनामा उनले प्रस्तुत गरेका छन् । आफ्नो विचार र दृष्टिकोणलाई कलात्मक रूपमा कवितामा अभिव्यक्त गर्ने इच्छुक क्रान्तिकारी कवि र स्रष्टा हुन् । उनका काव्यकृति र कविताहरू तत्कालीन समय र समाजका दस्तावेज बनेका छन् ।

इच्छुकको पहिलो प्रकाशित कृति 'शोकाञ्जली' शोककाव्य, २०४८ हो । उनले घोराही कारागारमा बन्दी जीवन बिताउँदा २०४२ साल वैशाख १८ गते चितवनको मेघौलीमा उनका मित्र तथा विद्यार्थीनेता सहिद मित्रमणि आचार्यको हत्या भएको थियो । आफ्नो मित्रको हत्यामा शोकाकुल कविले शोकलाई शक्तिमा बदल्ने प्रतिशोधी भावनालाई कलात्मक रूपमा प्रस्तुत गरेका छन् । मित्रमणिलाई उनले काव्यनायकका रूपमा चित्रण गरेका छन् । त्यस्तै 'इतिहासको यस घडीमा' कविता-सङ्ग्रह, २०५६ सालमा प्रकाशित दोस्रो कृति हो । यसमा २०३८ देखि २०५५ सालसम्म लेखिएका ३१ वटा कविता छन् । यस कृतिमा उनले पञ्चायतकाल, प्रजातन्त्रकाल र जनयुद्धकालका यथार्थलाई कवितामा प्रस्तुत गरेका छन् । उनको अन्तिम प्रकाशित कृति 'बन्दी र चन्द्रगिरि' (लामो कविता, २०५७) हो । बन्दी कविले चन्द्रागिरिलाई सम्बोधन गरी प्रतीकका रूपमा मानवीकरण गरेर एकालापीय शैलीमा जनयुद्धद्वारा उद्घाटित नयाँ यथार्थलाई कलात्मक र लयात्मक शैलीमा प्रस्तुत गरेका छन् । आधुनिक नेपाली

कविताको समसामयिक धारा ३० को दशकबाट सुरु भयो । नवलेखन र युवालेखनका रूपमा चिनिने यसै धाराको सुरुदेखि नै प्रगतिवादी स्वरलाई आफ्ना कवितामा भर्दै इच्छुकले २०५९ सम्म कविता लेखे । आफ्नो दशकका सर्वाधिक चर्चित र स्थापित कविका रूपमा उनको परिचय बनेको छ । प्रगतिवादी नेपाली कविताका क्षेत्रमा उनी अग्रणी कवि मानिन्छन् ।

कवि कृष्ण सेन 'इच्छुक'ले आफ्ना सिर्जनामा मूलतः नेपाली समाजको वर्गीय असमानता, अन्याय-अत्याचार, शोषण-दमन र उत्पीडनका विरुद्ध आवाज उठाएका छन् । सामन्ती पुँजीवादी विचारधाराका विरुद्ध सर्वहारावादी विचारको पक्षपोषण गर्दै नयाँ सांस्कृतिक मूल्यका संवाहक आस्थाका सहिदहरूप्रति अगाध आस्था र श्रद्धा व्यक्त गरेका छन् । उनले श्रमिक र किसानको श्रम एवम् पसिनाको सम्मान गरेका छन् । त्यस्तै उनले महिला शोषणका विरुद्ध, नारीका उत्पीडन र समस्यालाई आफ्ना कवितामा उजागर गरेका छन् । उनले कवितामा सरल भाषाको प्रयोग गरेर नवीन बिम्ब र प्रतीकलाई वैचारिक प्रतिबद्धताको कसीमा रूपान्तरण गरेका छन् । उनका कवितामा स्थानीय रङ र आञ्चलिकताको विशेषता पाइन्छ । राष्ट्रघातविरुद्ध राष्ट्रवादी स्वर र अन्तर्राष्ट्रिय युगचेतनाले उनका कविता ओतप्रोत छन् । साम्राज्यवादविरुद्ध उनका कविता सशक्त रूपमा उभिएका छन् ।

कवि इच्छुक कवितालाई परिष्कार र परिमार्जन गरी, प्रकृति र विचारलाई एकीकृत गरी मानवीकरणमा सजीवता पस्कन्छन् । उनका कवितामा नेपाली समाज र राजनीतिमा देखिएका विकृति-विसङ्गति र त्यसका विरुद्ध क्रान्तिको अपरिहार्यता सहित पर्याप्त युगबोध, क्रान्तिचेतना, जनयुद्धले उद्घाटित गरेको नयाँ यथार्थको दह्रो समर्थन पाइन्छ । उनी मुक्तिको आङ्काक्षा, सुनौलो भविष्यप्रतिको विश्वास प्रकट गर्दै विचारलाई कलाको माध्यमबाट अभिव्यक्त गर्छन् । ग्रामीण जनजीवन, राजनीतिक परिदृश्य र जनयुद्धसँग सम्बन्धित शब्दलाई टपक्क टिपेर आफ्ना सिर्जनामा कलात्मकता दिनु उनको वैशिष्ट्य हो । इच्छुकको वर्गचेतना, क्रान्तिप्रतिको असीम निष्ठा, मुक्तिको आकाङ्क्षा र भोलिको सुन्दर भविष्य-निर्माणको सपना उनका कवितामा प्रतिबिम्बित भएका छन् । यसले प्रगतिवादी कवितालाई मलजल गरेको छ ।

लय-चेतनाका दृष्टिले पनि उनका कवितामा गीतिमयता, कलात्मकता र सङ्गीतात्मकता पाइन्छन् । नेपाली जीवनका विविध दृश्य, बिम्ब र विचारधारात्मक भावसत्यलाई कलात्मकताका साथ अभिव्यक्ति दिनु उनका कविताको विशेषता हो ।

कवि इच्छुकले समाजको वर्गद्वन्द्वले सिर्जित घटनावलीको विश्लेषण, अभिव्यक्त स्वतन्त्रता, मुक्तिको चाहना र क्रान्तिकारी शक्तिप्रतिको प्रतिबद्धतालाई सरल भाषामा गहन विचार र कलात्मक शैलीमा प्रस्तुत गरेका छन् । कवि इच्छुक वर्गीय स्वरमा स्पष्ट छन्, वर्गमुक्तिका लागि सङ्घर्षको आवाज कवितामार्फत् अभिव्यक्त गर्नु उनको विशेषता हो । क्रान्तिकारी भावधारासँगै परिवर्तनका लागि त्याग, बलिदान र समर्पणको भावना उनका कवितामा पाइने विशेषता हुन् । जनयुद्धद्वारा उद्घाटित उदात्त भावधाराको प्रस्तुतिमा विचारलाई उच्च कलात्मक बनाउँदै उनले कवितालाई नारा हुनबाट बचाएका छन् । कवि इच्छुकका कविता नेपाली प्रगतिवादी कविताको क्षेत्रमा अन्तरवस्तु र रूप दुवैको सुन्दर संयोजनमा उपस्थित भएका छन् । निचोडमा उनका कविताले प्रगतिवादी स्वर घन्काउँदै गतिशील यथार्थको वकालत र समयको दस्ताबेज बनेर आफ्नो पहिचान दिएका छन् । कवि इच्छुक क्रान्तिका गायक र युगविद्रोहका नायक बनेका छन् ।

यिनै विशेषताहरूसहित कवि कृष्ण सेन 'इच्छुक' नेपाली कविता-परम्परका उत्तरवर्ती चरणका प्रखर प्रगतिवादी कविका रूपमा परिचित र स्थापित छन् । साढे दुई दशकसम्मको कविताकाव्य-साधनाबाट उनले नेपाली प्रगतिवादी कविताधाराको सम्बर्धन गर्नमा महत्त्वपूर्ण भूमिका खेलेका छन् । नेपाली कविता-साहित्यको प्रगतिवादी फाँटमा उनका काव्यकृतिले उल्लेखनीय योगदान दिएका छन् ।

यो कार्य कवि कृष्ण सेन 'इच्छुक' को जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनमा केन्द्रित रहेको छ । आगामी दिनमा उनका बारेमा थप शोधकार्य गर्न सकिने सम्भावित केही पक्षहरू यसप्रकार छन् :

१. कृष्ण सेन ‘इच्छुक’का कविताहरूको अध्ययन ।

२. ‘इतिहासको यस घडीमा’ कविता-सङ्ग्रहको कृतिपरक अध्ययन ।

३. ‘बन्दी र चन्द्रागिरि’ लामो कविताको कृतिपरक अध्ययन ।

४. कृष्ण सेन ‘इच्छुक’ को गद्यकारिताको अध्ययन

५. कृष्ण सेन ‘इच्छुक’का कवितामा वर्गद्वन्द्व र क्रान्तिचेत ।

# सन्दर्भ–सामग्री

## १. सन्दर्भ पुस्तकसूची


अधिकारी, रविलाल, **प्रगतिवादी नेपाली कविता,** पोखरा : लेकाली प्रकाशन, २०४४ ।

अर्याल, मुरारी, **मार्क्सवादी सौन्दर्य विधान र आलोचना,** काठमाडौँ : सृष्टि प्रकाशन, २०४९ ।

इच्छुक, **'शोकाञ्जली',** काठमाडौँ : शारदाप्रसाद धिताल र मधुसूदन सुवेदी, २०४८ ।

गौतम, देवीप्रसाद, **प्रगतिवादी : परम्परा र मान्यता,** काठमाडौँ : मुना गौतम, २०४९ ।

चापागाईं, निनु, **यथार्थवादी रचना दृष्टि र विवेचना,** काठमाडौँ : दिल बरदान र महिम चापागाईं, २०५१ ।

____________, **मार्क्सवादी चिन्तनमा सौन्दर्य,** काठमाडौँ : मृदुल चापागाई र महिम चापागाई, २०५४ ।

चैतन्य, **मार्क्सवादी कला दृष्टि र समीक्षा,** काठमडौँ : चिन्तन प्रकाशन, २०५४ ।

____________, **क्रान्ति र सौन्दर्य,** काठमाडौँ : प्रगतिशील अध्ययन केन्द्र, २०६४ ।

ज्ञवाली ईश्वरचन्द्र र अन्य (सम्पा.), **कृष्ण सेन 'इच्छुक' स्मृतिग्रन्थ,** काठमाडौँ : अखिल नेपाल जनसांस्कृतिक महासङ्घ केन्द्रीय समिति, २०६५ ।

ढकाल, घनश्याम, **मार्क्सवादी सौन्दर्यशास्त्रको विवेचना,** पोखरा : विजय ढकाल, २०५४ ।

तिमल्सेना, पशुपति, **प्रगतिवादी कविता मान्यता र प्रवृत्ति,** पोखरा : ओजन बुक्स एण्ड स्टेशनर, २०६४ ।

त्रिपाठी, बासुदेव र अन्य (सम्पा.), **नेपाली कविता**, (भाग ४) दो.सं. काठमाडौँ : साझा प्रकाशन, २०५३ ।

पाण्डेय, ताराकान्त, **कलासाहित्य : भूमिका र मूल्याङ्कन,** काठमाडौँ : चिन्तन प्रकाशन प्रा.लि., २०५३ ।

______________, **प्रगतिवाद र कविता,** काठमाडौँ : शीला योगी, २०५६ ।

पौडेल, गोपीन्द्र, **सौन्दर्यबोध र समीक्षा विविध,** काठमाडौँ : उर्मिला पौडेल, २०५९ ।

पौड्याल, हिरामणि शर्मा **रचना विवेचना,** पर्वत : इन्दिरा शर्मा पौड्याल, २०४६ ।

प्रचण्ड, **संस्कृति, कला र सौन्दर्य चिन्तन,** काठमाडौँ : दो.सं. अखिल नेपाल जनसांस्कृति सङ्घ, २०६३ ।

बराल, ऋषिराज, **प्रगतिवाद,** विराटनगर : हाम्रो साहित्य सदन, २०४९ ।

______________, **मार्क्सवाद र उत्तरआधुनिकतावाद,** विराटनगर : सविता बराल, २०५२ ।

भण्डारी, जगदीशचन्द्र, **प्रगतिवादी नेपाली कविता : रेखाङ्कन र विश्लेषण**, काठमाडौ : मुन्नी भण्डारी, २०५५ ।

______________, **पृथक् सिर्जन : पृथक् निरूपण,** काठमाडौँ : मुन्नी भण्डारी, २०६० ।

लुइँटेल, खगेन्द्रप्रसाद, **कविता सिद्धान्त र नेपाली कविताको इतिहास,** काठमाडौँ : ने.रा.प्र.प्र., २०६० ।

शर्मा, सुकुम, **कवि इच्छुक : कविताका सन्दर्भमा,** काठमाडौँ : विश्व साहित्य प्रकाशन, २०६० ।

सुवेदी, राजेन्द्र र खरेल, रुद्र, **चालीसको दशकका केही प्रगतिशील कविताहरू,** काठमाडौँ : प्रलेस, २०५० ।

सुवेदी, अशोक, **नेपाली प्रगतिवादी कवितामा विद्रोहचेत,** काठमाडौँ : शारदा सुवेदी 'बर्षा' र विकास आचार्य, २०६२ ।

____________, **आस्था र निष्ठाका सतिसाल कृष्ण सेन 'इच्छुक',** काठमाडौँ : अशोक सुवेदी, २०६४ ।

सेन, कृष्ण, 'इच्छुक', **इतिहासको यस घडीमा,** काठमाडौँ : अखिल नेपाल जनसांस्कृतिक सङ्घ, २०५६ ।

____________, **'बन्दी र चन्द्रागिरि',** काठमाण्डौँ : प्रगतिशील अध्ययन केन्द्र, २०५७ ।

## २. सन्दर्भ-पत्रपत्रिकासूची

अगाध, यकिना, "किनत्रस्त छ कलमसँग यो सरकार ?" **जनएकता,** (वर्ष ५, अङ्क २४, २०५६ पुस), पृ. ४ ।

अधिकारी, कृष्णराज, "काव्यबिम्ब र प्रगतिवादी कवितामा यसको प्रयोग", **साहित्य प्रभा,** (पूर्णाङ्क ४, २०६४ कार्त्तिक), पृ. ७४-८५ ।

अधिकारी, तेजविलास, "कवि कृष्ण सेन 'इच्छुक'को प्यारो मधेसप्रतिको प्रेम", **रेडियन्ट,** (वर्ष १, अङ्क ५, २०६४ माघ), पृ. १५-१६ ।

अधिकारी धर्मराज, "कृष्ण सेन 'इच्छुक' र काव्य-भावधारा", **बुलेटिन,** (पारिजात स्मृति केन्द्र, २०६० वैशाख), पृ. ९-१२ ।

अधिकारी, नन्दीश, "'बन्दी र चन्द्रागिरि'मा 'इच्छुक' को कवित्व", **कलम,** (वर्ष ९, अङ्क २, पूर्णाङ्क २९, २०५७-५८ फा-वै) पृ. ५५-५९ ।

काफ्ले पर्शुराम, "यसरी भएको थियो कृष्ण सेनको हत्या", **नयाँ पत्रिका,** (वर्ष १, अङ्क ४४, २०६४ जेठ), पृ. १ ।

क्षेत्री, राजु, "महान् संस्कृतिक सहिद : कृष्ण सेन 'इच्छुक'", **जनादेश,** (वर्ष १७, अङ्क २३, २०६५ वैशाख), पृ. ४ ।

गिरी, अमर, "समकालीन प्रगतिवादी कवितामा वर्गद्वन्द्वको अभिव्यक्ति", **झिसमिसे,** (वर्ष २८, अङ्क ३९, २०६३ का-पु), पृ. ३४-४३ ।

चैतन्य, "समकालीन नेपाली कविता : एक सङ्क्षिप्त मूल्याङ्कन", **कलम,** (वर्ष ३, अङक १, पूर्णाङ्क ७, २०५१ पुस), पृ. २५-४२ ।

_____________, "'इच्छुक' रचित इतिहासको यस घडीमा", **कलम,** (वर्ष ८, अङ १ पूर्णाङक २१-२४, २०५६ मं-मा) पृ. २२-४० ।

_____________, "नेपाली प्रगतिवादी कवितामा क्रान्ति र कलाको सङ्गति", **समकालीन नेपाली कविता,** (प्रतिनिधि कविता-सङ्ग्रह, २०५७ पुस), पृ. १-१८ ।

ज्ञवाली, ईश्वरचन्द्र, "'इच्छुक'को 'बन्दी र चन्द्रागिरि'माथि केही हरफ", **सहयात्री,** ( वर्ष २, अङ्क २, पूर्णाङ्क ३, २०५७ चैत्र), पृ. ५६ ।

_____________, "किन यस्तो हुन्छ इतिहासमा........?", **हाम्रो जलजला,** (वर्ष १, अङ्क १, २०५९ माघ), पृ. १६-१८ ।

_____________, "'इच्छुक'को बलिदान र व्यक्तित्वका पाटाबारे", **जनादेश,** ( वर्ष १२, अङ्क २१, २०६० साउन), पृ. ४ ।

तिमसिना, अनिरुद्र, "समकालीन नेपाली प्रगतिवादी कविताका प्रवृत्तिहरू", **प्रलेस,** (वर्ष ७, अङ्क १३, पूर्णाङ्क १३, २०५९ फागुन), पृ. १५५-१८४ ।

धिताल मनऋषि, "प्रगतिवादी साहित्यका चम्किला नक्षत्र : कृष्ण सेन", **मधुपर्क,** (वर्ष ४०, अङ्क १०, पूर्णाङ्क ४६५, २०६४ फागुन), पृ. ५-१३ ।

पाण्डेय, ताराकान्त, "'शोकाञ्जली' सहिदप्रतिको अगाध प्रेम र आस्थाको सरोवर", **जनसाहित्य,** (वर्ष १, अङ्क ३, २०४८ का-पु), पृ. ८३-८९ ।

_____________, "द्वन्द्वरत वर्तमान र वर्तमानको कविता लेखन", **कलम,** (वर्ष ५, अङक २, पूर्णाङ्क १५, २०५४ असार), पृ. ६४-७७ ।

______________, “‘इतिहासको यस घडीमा’ वैचारिक र कलात्मक निष्ठाको स्मारक”, **महिमा,** (वर्ष १७, अङ्क ३, २०४८ का-पु), पृ. ८३-८९ ।

______________, “सोन्दर्य बिम्बका आधार र समकालीन कवितामा त्यसको अङ्कन”, **कलम,** (वर्ष ८, अङ्क ४, पूर्णाङ्क २७ २०५७ भाद्र), पृ. ४७-५१ ।

______________, “उत्तर आधुनिकताको परिप्रेक्ष्य र समकालीन कविताको दिशाबोध”, **साहित्य सन्ध्या,** (वर्ष १, अङ्क १०, पूर्णाङ्क १० २०५८ भाद्र), पृ. २४-३७ ।

______________, “समकालीन नेपाली प्रगतिवादी कविताका प्रवृत्तिहरू”, **प्रलेस,** (वर्ष ७, पूर्णाङ्क १३, २०५९ फागुन), पृ. १८५-२०३ ।

______________, “कविता : स्वरूप र रचनाविधि”, **झिसमिसे,** (वर्ष २८, अङ्क ३९, २०६३ का.-पु.), पृ. २६-३३ ।

______________, “कविता र क्रान्तिमा आस्था : उदात्त महाख्यानको प्रस्तुति”, **प्रतिबिम्बन,** (वर्ष १, अङ्क १, २०६४ असार), पृ. ४१-४७ ।

पोखरेल, दामोदर, “‘साहित्यकार कृष्ण सेन ‘इच्छुक’, **बहिङ्गा”,** (वर्ष ४, अङ्क ४, २०६१ पुस), पृ. २४-२७ ।

पोखरेल, मातृका, “सामाजिक मूल्यको कसिमा ‘इच्छुक’ का कविता”, **जनएकता,** (वर्ष ५, अङ्क ८, २०५६ भाद्र), पृ. ४ ।

______________, “बन्दी सर्जकको नवीनतम सिर्जना”, **जनएकता,** (वर्ष ६, अङ्क १०, २०५७ असोज), पृ. ४ ।

प्रभात, विष्णु, “इतिहासको यस घडीमा इच्छुक”, **कलम,** (वर्ष ८, अङ्क १, पूर्णाङ्क २१-२४, २०५६ मं-मा), पृ. ४०-४३ ।

बराल, ऋषिराज, “प्रगतिवादी नेपाली कविता र यथार्थबोधको प्रश्न”, **कलम,** ( वर्ष ४, अङ्क १, २०५६ असार), पृ. ४ ।

_______________, "इच्छुक इतिहासको यस घडीमा र रागात्मक अनुभूति", **जनादेश,** (वर्ष ८, अङ्क ३६, २०५६ असार), पृ. ४ ।

भण्डारी, जगदीशचन्द्र, "इच्छुक" : अग्रगामी चेत र विद्रोहका उत्कृष्ट कवि", **बेदना,** (वर्ष २९, अङ्क ३, पूर्णाङ्क ६७, २०५९ चैत्र), पृ. २६-३८ ।

भण्डारी, जगदीशचन्द्र, "सङ्कल्पको यात्राबाट चन्द्रागिरिलाई सम्बोधन", **महिमा,** (वर्ष १६, अङ्क ४९, २०५७ कार्त्तिक), पृ. ४ ।

राई, बी.बी., "अडिग सतिसाल झैँ 'इच्छुक'", **जनादेश,** (वर्ष ४, अङ्क १०, २०६० जेठ), पृ. ४ ।

शेषयात्री, "स्वतन्त्रताका गायक इच्छुक : प्रतिबन्ध कवितामा", **मञ्जरी,** (वर्ष १, अङ्क ३, २०६४ पुस), पृ. २९-३० ।

सम्पादक, "कवि कृष्ण सेन 'इच्छुक'को सम्झनामा", **प्रलेस,** (वर्ष ७, पूर्णाङ्क १३, २०५६ फागुन), पृ. ५-६ ।

सुवेदी, राजेन्द्र, "'बन्दी र चन्द्रागिरि' सङ्ग्रहका कविताको सङ्क्षिप्त अध्ययन", **साहित्य सन्ध्या,** (वर्ष १, अङ्क २, २०५७ पुस), पृ. ३०-३३ ।

सेन, कृष्ण, 'इच्छुक', "हामीहरू यात्रामा फेरि सँगसँगै कलम उठाउने छौं", **कलम,** (वर्ष ९, अङ्क १, पूर्णाङ्क २८, २०५७ मं-मा), पृ. ३६-३९ ।

_______________, "हाम्रो निष्ठाको अविराम यात्रा र हामी", **कलम,** (वर्ष ९, अङ्क २, पूर्णाङ्क २९, २०५७-०५८ फा-बै), पृ. ७८-८० ।

_______________, "विचारबिनाको साहित्य सजीव लास हुन्छ", **सहयात्री,** (वर्ष ३, अङ्क १, पूर्णाङ्क ४, २०५८ वैशाख), पृ. २०-३० ।

_______________, "कारागारबाट लेखिएको पत्र", **जनादेश,** (वर्ष १२, अङ्क १८, २०६० साउन), पृ. ४ ।

**३. अप्रकाशित शोधपत्र**

आचार्य, गोविन्दप्रसाद, **कवि रामचन्द्र भट्टराईको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,** काठमाडौँ : अप्रकाशित शोधपत्र त्रि.वि. नेपाली केन्द्रीय विभाग, २०५६ ।

आचार्य, श्रीराम, **साहित्यकार पूर्ण विरामको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,** काठमाडौँ : अप्रकाशित शोधपत्र त्रिचन्द्र बहुमुखी क्याम्पस, २०६० ।

ज्ञवाली, हरेकृष्ण, **नेपाली शोककाव्यको सर्वेक्षणात्मक अध्ययन,** काठमाडौँ : अप्रकाशित शोधपत्र त्रि.वि. नेपाली केन्द्रीय विभाग, २०५१ ।

# परिशिष्ट

## (क)

## हस्ताक्षर

- नाम: कृष्णबहादुर सेन
- साहित्यिक नाम: इच्छुक
- जन्ममिति: २०१३
- जन्मस्थान: देहरादुन
- हालको ठेगाना: काठमाडौं
- बुवा: रामबहादुर सेन
- आमा: भीम कुमारी सेन
- श्रीमान्/श्रीमती: तारा सेन
- छोरा/छोरी: समीक्षा सेन

- शिक्षा: बि० ए०
- साहित्य-लेखनको प्रेरणा: स्कूलको साहित्य-गोष्ठी

- प्रथम प्रकाशित रचना: [illegible] (कविता, [illegible] २०३३)
- प्रकाशित कृतिहरू: [illegible] (२०६८)

- सम्पादन: जनरेखा (साप्ताहिक) / कलम (साहित्यिक त्रैमासिक)

- पुरस्कार/सम्मान: [illegible] प्रतिभा पुरस्कार ([illegible])

- भ्रमण: भारत र नेपालका विभिन्न भागहरू ।
- संलग्नता: अखिल नेपाल सांस्कृतिक संघ / जनअधिकार सरोकार अभियान ।

- अनुभव/सेवा: राजनीतिक तथा सांस्कृतिक आन्दोलनमा क्रियाशील ।

- विधागत योगदान: कविता ।
- मन पर्ने साहित्यकारहरू:
- (क) स्वदेशी: देवकोटा, रिमाल, भूपि, पारिजात, [illegible] ।

- (ख) विदेशी: [illegible], गोर्की, [illegible], [illegible], पाब्लो नेरुदा ।
- मन पर्ने रङ: रातो ।
- खानामा रुचि: आमाका [illegible] खाना ।
- अम्मल: ×
- भविष्यको इच्छा: साहित्य साधना ।
- जीवनप्रतिको दृष्टि: द्वन्द्वात्मक भौतिकवादी ।


- तपाईंको परिभाषामा साहित्य: संघर्षशील जीवनको कलात्मक अभिव्यक्ति ।

[signature] २०६४/११/१२

*स्रोत : साहित्यकार मोहन दुवालबाट प्राप्त ।*

# परिशिष्ट

## (ख)



कवि 'इच्छुक' द्वारा सिराहा कारागारमा लेखिएको अप्रकाशित कवितांशको हस्ताक्षर

*स्रोत : तक्मा के.सी.*

## परिशिष्ट
### (ग)



वि.सं. २०५२ असोजमा भारतीय क्रान्तिकारी साहित्यकार वरवर राव र कञ्चन कुमारका साथ इच्छुक ।

*स्रोत : कृष्ण सेन 'इच्छुक' स्मृति-ग्रन्थ*

### (घ)



वि.सं. २०५२ सालमा सहकर्मी साहित्यकारहरू गोपीन्द्र पौडेल, शक्ति लम्साल, ताराकान्त पाण्डेय, ऋषिराज बराल र पूर्ण विरामका साथ इच्छुक ।

*स्रोत : कृष्ण सेन 'इच्छुक' स्मृति-ग्रन्थ*